# रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

एम्.ए. दोस्रो वर्षको दसौं

पत्रको प्रयोजनका लागि

प्रस्तुत

शोधपत्र


शोधार्थी

महेश ढकाल

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६५

रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन महेश ढकाल २०६५

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र सङ्काय,
# नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र महेश ढकालले त्रि.वि. स्नातकोत्तर तह (एम्.ए.) मा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि गर्नुभएको 'रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोत्रपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ..........................................

२. शोधनिर्देशक, सह-प्रा.डा. महादेव अवस्थी ..................................

३. बाह्य परीक्षक, उप-प्राध्यापक श्रीमती अम्बिका घिमिरे

मिति : २०६५/०७/११

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम्.ए. (शैक्षिक बर्ष: २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी महेश ढकालले **रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यो शोधपत्र उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको हो । यो शोधकार्य स्नातकोत्तर तहको स्तरअनुरूप भएकाले म यसबाट पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति: ............................

..................................

(डा.महादेव अवस्थी)

सह-प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु डा. महादेव अवस्थीको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अगि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने काठमाडौँ ताहाचल निवासी श्रीमती रेवती राजभण्डारीप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा विविध कार्यव्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकालेर निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता डिल्लीराम ढकाल, माता विमला ढकाल तथा काका घनश्याम ढकालप्रति म आजीवन ऋणी छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग  गर्ने भाइ भोला ढकाल, साथीहरू योगेन्द्रमणि दाहाल, राजप्रसाद जोशी, अमृत के.सी. वैकुण्ठ अर्यालप्रति हार्दिक आभार व्यक्त गर्दछु र सङ्कलित सामग्रीहरूलाई झर्को नमानीकन होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने नेचर कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि.नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।



महेश ढकाल

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

# विषयसूची

पृष्ठ

## पहिलो परिच्छेद

## शोधपरिचय


| | |
|---|---|
| १.१ विषयपरिचय | ११ |
| १.२ समस्याकथन | १२ |
| १.३ शोधकार्यका उद्देश्यहरू | १२ |
| १.४ पूर्वकार्यको समीक्षा | १२ |
| १.५ शोधकार्यको औचित्य | १४ |
| १.६ शोधकार्यको सीमाङ्कन | १४ |
| १.७ शोधविधि | १४ |
| १.८ शोधपत्रको रूपरेखा | १५ |


## दोस्रो परिच्छेद

## रेवती राजभण्डारीको जीवनी


| | |
|---|---|
| २.१ जन्मकाल, जन्मस्थान, बाबुआमा र नामकरण | १६ |
| २.२ पुख्यौंली र पारिवारिक पृष्ठभूमि | १६ |
| २.३ बाल्यकाल | १८ |
| २.४ शिक्षादीक्षा | १९ |
| २.४.१ अक्षरारम्भ | १९ |
| २.४.२ प्रारम्भिक शिक्षा | २० |
| २.४.३ माध्यमिक शिक्षा | २० |
| २.४.४ उच्च शिक्षा | २१ |
| २.५ पारिवारिक स्थिति | २२ |
| २.५.१ रेवती राजभण्डारीका दाजुभाइ तथा दिदीबहिनी | २२ |
| २.५.२ वैवाहिक जीवन | २३ |

२.५.३ सन्तान २४
२.५.४ मातापिताको देहावसान २५
२.५.५ आर्थिक अवस्था २५
२.६ साहित्यिक लेखनको प्रेरणा २६
२.७ लेखनको शुभारम्भ र विस्तार २७
२.८ स्वभाव र रुचि २९
२.८.१ स्वभाव २९
२.८.२ रुचि २९
२.९ भ्रमण ३०
२.१० जीवनका विशेष घटनावली ३१
२.११ सम्मान तथा पुरस्कार ३१
२.१२ जीवनदर्शन ३२

## तेस्रो परिच्छेद

## रेवती राजभण्डारीको व्यक्तित्व

३.१ व्यक्तित्वका विभिन्न पाटाहरू ३४
३.१.१ निजी आन्तरिक व्यक्तित्व ३५
३.१.२ निजी बाह्य व्यक्तित्व ३६
३.२ सार्वजनिक व्यक्तित्व ३७
३.२.१ साहित्यिक व्यक्तित्व ३७
३.२.१.१ कवि व्यक्तित्व ३८
३.२.१.२ कथाकार व्यक्तित्व ३९
३.२.१.३ बालसाहित्यकार व्यक्तित्व ३९
३.२.१.४ एकाङ्कीकार व्यक्तित्व ४०
३.३ साहित्येतर व्यक्तित्व ४०
३.३.१ सामाजिक व्यक्तित्व ४१
३.३.२ परामर्श दातृ व्यक्तित्व ४१

३.३.३ बहुभाषी व्यक्तित्व ४२

३.३.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तः सम्बन्ध ४२

## चौथो परिच्छेद

## रेवती राजभण्डारीका कृतित्वको अध्ययन

४.१ रेवती राजभण्डारीका कविताहरूको अध्ययन ४४

४.२ खिचडी कवितासङ्ग्रहको विश्लेषण ४४

४.२.१ कृतिगत सन्दर्भ ४५

४.२.२ विषयवस्तु ४५

४.२.३ लयविधान ४७

४.२.४ उक्तिढाँचा ४९

४.२.५ संरचना ५०

४.२.६ विम्बालङ्कार विधान ५१

४.२.७ भाषाशैली ५२

४.२.८ भाव र विचार ५३

४.३ भिजेको तकिया शोककवितासङ्ग्रहको विश्लेषण ५४

४.३.१ कृतिगत सन्दर्भ ५४

४.३.२ विषयवस्तु ५५

४.३.३ लयविधान ५६

४.३.४ उक्तिढाँचा ५८

४.३.५ संरचना ५८

४.३.६ विम्बालङ्कार विधान ५९

४.३.७ भाषाशैली ६०

४.३.८ भाव र विचार ६१

४.४ दाइजो कथासङ्ग्रहको विश्लेषण ६२

४.४.१ कृतिगत सन्दर्भ ६२

४.४.२ कथानक ६३

४.४.३ पात्रविधान ६५
४.४.४ परिवेश ६६
४.४.५ भाषाशैली ६७
४.४.६ दृष्टिबिन्दु ६८
४.४.७ द्वन्द्वविधान ७०
४.४.८ उद्देश्य ७१
४.५ मुक्ति कथासङ्ग्रहको विश्लेषण ७३
४.५.१ कृतिगत सन्दर्भ ७३
४.५.२ कथानक ७३
४.५.३ पात्रविधान ७५
४.५.४ परिवेश ७७
४.५.५ भाषाशैली ७८
४.५.६ दृष्टिबिन्दु ७९
४.५.७ द्वन्द्वविधान ८०
४.५.८ उद्देश्य ८१
४.६ बालसुधा बालकथासङ्ग्रहको विश्लेषण ८२
४.६.१ विषयवस्तु ८३
४.६.२ भाषाशैली ८३
४.६.३ दृष्टिबिन्दु ८४
४.६.४ सन्देश ८४
४.७ भूतसँग जम्काभेट बालकथासङ्ग्रहको विश्लेषण ८५
४.७.१ विषयवस्तु ८५
४.७.२ भाषाशैली ८६
४.७.३ दृष्टिबिन्दु ८७
४.७.४ सन्देश ८७
४.८ लठेब्रो राजा बालकथासङ्ग्रहको विश्लेषण ८८
४.८.१ विषयवस्तु ८८

४.८.२ भाषाशैली ८९
४.८.३ दृष्टिबिन्दु ९०
४.८.४ सन्देश ९०
४.९ राजाको सिङ छ बालकथाको विश्लेषण ९२
४.९.१ विषयवस्तु ९२
४.९.२ भाषाशैली ९२
४.९.३ दृष्टिबिन्दु ९३
४.९.४ सन्देश ९३

पाँचौँ परिच्छेद

शोधनिष्कर्ष

सन्दर्भग्रन्थसूची

## सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| एम्.ए. | - | मास्टर्स अफ आर्टस |
| ऐ. | - | ऐजन |
| काठ. | - | काठमाडौँ |
| गो.प. | - | गोरखापत्र |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.स. | - | दोस्रो संस्करण |
| नि.मा.वि. | - | निम्नमाध्यामिक विद्यालय |
| ने.भा. | - | नेपाल भाषा |
| प्रा. | - | प्राध्यापक |
| पृ. | - | पृष्ठ |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| वि.सं. | - | विक्रम संवत् |
| सम्पा. | - | सम्पादक |
| सह-प्रा.डा. | - | सहप्राध्यापक डाक्टर |

# पहिलो परिच्छेद

# शोधपरिचय

प्रस्तुत **रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधकार्यको प्रस्तुत शोधपरिचय शीर्षकको पहिलो परिच्छेदमा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा र शोधनिष्कर्षको चर्चा गरिएको छ ।

## १.१ विषयपरिचय

नेपाली साहित्यमा रेवती राजभण्डारी नामले प्रसिद्ध रहेकी व्यक्ति प्रतिभाको जन्म वि.सं. १९९९ असार ८ गते विहीबारका दिन हालको काठमाडौँ महानगरपालिका वडा नं. २९ अन्तर्गतको ठमेल भन्ने ठाउँमा पिता सनकमान मास्के र माता फिनी मास्केकी सुपुत्रीका रूपमा  भएको हो । मध्यमवर्गीय परिवारमा जन्मिएकी रेवतीको बाल्यकाल काठमाडौँकै परिवेशमा बितेको थियो । नि.मा.वि. तहसम्मको शिक्षा आफ्नै जन्मस्थानबाट प्राप्त गरेकी रेवतीले स्नातक तहसम्मको अध्ययन गरेकी छन् । आफ्नै संवेदनशील हृदय, पतिको, 'केही गर्नुपर्छ ?' भन्ने भनाइ तथा प्रिय पुत्रको असामयिक निधन उनका लेखनका ऊर्जा हुन् । साहित्यलेखनका अतिरिक्त सामाजिक सङ्घ-संस्थामा पनि उनको सक्रियता उत्तिकै रहेको छ । अध्ययन र भ्रमणमा विशेष रुचि राख्ने राजभण्डारीले साहित्यका कविता, कथा, बालसाहित्य आदि विधामा कलम चलाएकी छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा - **खिचडी** (२०४६, कवितासङ्ग्रह), **भिजेको तकिया** (२०४८, कवितासङ्ग्रह), **दाइजो** (२०४६, कथासङ्ग्रह), **मुक्ति** (२०५३, कथासङ्ग्रह) **बालसुधा** (बालकथासङ्ग्रह २०५५), **भूतसँग जम्काभेट** (बालकथासङ्ग्रह, २०६१), **लठेब्रो राजा** (बालकथासङ्ग्रह, २०६४) र **राजाको सिङ छ** (बालकथा, २०६२) रहेका छन् । उनी निरन्तर रूपमा साहित्य र सामाजिक क्षेत्रमा लाग्दै आएकी छन् । यस शोधमा तिनै रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा प्रकाश पारिएको छ ।

## १.२ समस्याकथन

वि.सं. १९९९ मा काठमाडौँ ठमेलमा जन्मिएकी र नेपाली साहित्यमा रेवती राजभण्डारी नामले प्रसिद्ध रहेकी व्यक्ति प्रतिभाले साहित्यका कविता, कथा तथा बालसाहित्यका क्षेत्रमा आफ्नो लेखनीलाई सक्रिय तुल्याएकी छन् । नेपाली साहित्यलाई सङ्ख्यात्मकमात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्ष प्रदान गर्ने कार्यमा जीवनपर्यन्त लागिरहने स्रष्टाका रूपमा चिनिएकी राजभण्डारीको जेजस्तो अध्ययन-विश्लेषण हुनुपर्ने हो, त्यस्तो भएको पाइँदैन । राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत र गहन अध्ययन नभएकाले प्रस्तुत शोधकार्य राजभण्डारीका निम्नलिखित समस्यासँग सम्बद्ध रहेको छ :

(क) रेवती राजभण्डारीको जीवनी के-कस्तो छ ?

(ख) उनका व्यक्तित्वका पक्षहरू के-कस्ता छन् ?

(ग) उनका कृतित्व के-कस्ता छन् ?

(घ) नेपाली साहित्यमा उनको के-कस्तो योगदान छ ?

## १.३ शोधकार्यका उद्देश्यहरू

विशेषत : शोधकार्यका रूपमा देखिएका विषयहरूको उत्तर वा समाधान पहिल्याउनु नै शोधपत्रको मुख्य उद्देश्य रहने हुनाले शोधपत्रको समस्यालाई समाधान गर्ने सन्दर्भमा वस्तुपरक ढङ्गले व्याख्या विश्लेषण र समाधान के-कसरी गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्ने क्रममा निम्नलिखित उद्देश्यहरू अघि सारिएका छन् :

(क) रेवती राजभण्डारीको जीवनी प्रस्तुत गर्नु,

(ख) उनका व्यक्तित्वका विविध पक्षहरूको परिचय दिनु,

(ग) उनका साहित्यिक कृतिहरूको सर्वेक्षण गर्नु,

(घ) उनले प्रदान गरेको साहित्यिक योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

काठमाडौँको ठमेलमा जन्मेर स्नातक तहसम्मको अध्ययन गरी विभिन्न सामाजिक तथा साहित्यिक सङ्घ-संस्थामा आबद्ध रहेकी रेवती राजभण्डारीको सिर्जनयात्राको आरम्भ कविता विधाबाट भएको हो । वर्तमान समयमा पनि अनवरत रूपमा साहित्यसिर्जनामा

लागिरहेकी राजभण्डारी स्मरणीय नारी प्रतिभा हुन् । समसामयिक, सामाजिक, पारिवारिक एवम् वैयक्तिक विषयवस्तुलाई आफ्नो सिर्जनामा प्रशस्त ठाउँ दिने राजभण्डारीका बारेमा जेजति अध्ययन र विश्लेषण भएका छन्, ती केवल परिचयात्मक रूपमा मात्र भएका छन् । यसै क्रममा राजभण्डारीका बारेमा भएका चिनारी भूमिकाका केही टिप्पणीहरूको विवरण कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **खिचडी** (२०४६) कवितासङ्ग्रहमा सिद्धिचरण श्रेष्ठले शुभकामना दिने क्रममा 'रेवतीले वि.सं. २०१५ देखि २०४५ सम्मको समयावधिमा छातीमा टेक्दै जाँदा भेटेका अनुभूतिलाई सँगाली खिचडी कवितासङ्ग्रहमा उभ्याएकी हुन् । उनका कवितामा प्रेम, ममता एवम् राष्ट्रियताका भावहरू अभिव्यक्त भएका छन् । सहज र सरल उनका कविताको विशेषता रहेको' उल्लेख गरेका छन् ।

(ख) **दाइजो** (२०४६) कथासङ्ग्रहमा मदनदेव भट्टराईले सराहनीय प्रयास भन्दै 'रेवती राजभण्डारीका सिर्जनामा खास गरी स्वास्नीमान्छेप्रति घरपरिवार माइत अर्थात् समष्टिमा समाजले गरेका हेला, तिरष्कार र मूल्यहीनताप्रति आक्रोश व्यक्त गरिएको पाइनुका साथै स्वास्नीमान्छेका मानसिक उत्पीडन, व्यथा, जलनलाई उतार्न र समाजको भण्डाफोर गर्न सक्रिय रहेको' उल्लेख गरेका छन् ।

(ग) **भिजेको तकिया** (२०४८) शोक कवितासङ्ग्रहमा कृष्णचन्द्रसिंह प्रधानले मन्तव्य दिने क्रममा 'रेवतीका कविता पढ्दा प्रत्येकमा भने जस्तो दुःखको चाल पाउँछौँ पीडाबोध गर्छौं, एकअर्कामा सहयात्राका सम्झनाहरू, विगतका स्पर्शहरू, स्मृतिका घटनाहरू एकएक ताजा भई कवितामा तिनै रिक्तताहरू बोल्छन् । अटुट प्रवाहित आँसुले निथ्रुक्क भिजेको तकिया शीर्षकले नै करुणाको विम्ब भई अभ्यान्तरको वेदनालाई सङ्केत गरेको छ' भनेका छन् ।

(घ) **गोरखापत्र** २०४९ वैशाख ६/७ परिशिष्टाङ्क ख मा 'नयाँ कृति भिजेको तकिया' मा शिवप्रसाद भट्टराईले 'आफ्ना पति लक्ष्मणमान राजभण्डारीको क्यान्सरका कारण हुन गएको असामयिक निधनमा लेखिकाले व्यहोर्नुपरेको आँसु, विरह, वेदना एवम् पूर्वस्मृतिका साथै नारीजीवनको बाध्यता र दुःखद यथार्थको प्रकटीकरण 'भिजेको तकिया' कवितासङ्ग्रहमा रहेको' उल्लेख गरेका छन् ।

(ङ) घटराज भट्टराईको **नेपाली लेखक कोश** (२०५६) मा 'सङ्गीत र पत्रकारितामा विशेष अध्ययन गर्ने रेवती राजभण्डारी संवेदनशील लेखिका हुन् । उनका कविता सरल भएर पनि

मार्मिक छन् । कथा र कविता उनका लेखनका क्षेत्र हुन् । उनका शोककविताहरू अझ सफल रहेको' उल्लेख गरिएको पाइन्छ ।

(च) नरेन्द्रराज प्रसाईंको **नारीचुली** (२०६३) मा रेवती राजभण्डारीको छोटो चर्चा यस्तो रहेको छ - 'साहित्यमा सिर्जनात्मक र सङ्गठनात्मक रूपमा संलग्न रहेकी राजभण्डारी सङ्गीतजगतसँग पनि घनिष्ट छिन् ।'

## १.५ शोधकार्यको औचित्य

साहित्यका विविध क्षेत्रमा कलम चलाएकी साहित्यकार रेवती राजभण्डारीका बारेमा हालसम्म कुनै शोधकार्य नभएको अवस्थामा उनका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिनु आवश्यक देखिएकाले यो शोधकार्य गरिएको हो । यस शोधपत्रमा व्यक्ति राजभण्डारीलाई विभिन्न कोणबाट चिनाउँदै उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई सुव्यवस्थित तवरले विश्लेषण गरिएको छ । यस शोधले रेवती राजभण्डारीका बारेमा नेपाली साहित्यको विकास-प्रक्रियामा देखापरेका स्रष्टा प्रतिभाहरूका अनुसन्धान परम्परामा पनि थप योगदान दिएको छ । नेपाली साहित्यका विविध विधाको साहित्य रच्ने साहित्यकार रेवती राजभण्डारीलाई विभिन्न कोणबाट चिनाउँदै उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको समेत निरुपण गरिएकाले यस शोधपत्रको औचित्य रहेको कुरा स्पष्ट भएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व, कृतित्व र उनका नेपाली भाषामा प्रकाशित पुस्तकाकार कृतिहरूको सर्वेक्षण गरी तिनको समालोचनात्मक अध्ययनमै प्रस्तुत शोधकार्य सीमाबद्ध रहेको छ । यस शोधपत्रमा उनका हालसम्म पुस्तकाकार रूपमा प्रकाशित कविता कथा र बालसाहित्यको मात्र व्याख्या-विश्लेषण गरिएको छ । राजभण्डारीका नेपाल भाषामा प्रकाशित भएका पुस्तकाकार कृतिहरूको चर्चा नगरी तिनको सूचनामात्र दिइएको छ । मूलत : राजभण्डारकिो जीवनीका सम्पूर्ण आरोह-अवरोह र उनका साहित्यिक योगदानको निरूपणमै प्रस्तुत शोध सीमाबद्ध रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि विशेषतः पुस्तकालयीय पद्धतिका साथै क्षेत्रीय अध्ययन पद्धतिलाई समेत प्रयोग गरिएको छ । शोधनायक एवम् शोधनायकका

आफन्तहरूबाट जानकारी लिँदा अन्तर्वार्ता पद्धतिको पनि प्रयोग गरिएको छ । यसरी नै विभिन्न कृतिहरूको अध्ययन विश्लेषणका लागि ऐतिहासिक, विवरणात्मक, वर्णनात्मक र आवश्यकताअनुसार तुलनात्मक पद्धतिको पनि प्रयोग गरिएको छ । यसका साथै राजभण्डारीलाई विविध पाटाहरूबाट चिन्नुभएका गुरु वर्गहरूबाट यस शोधपत्रलाई स्वरूप दिनका लागि प्राप्त सल्लाह, सुझावसमेत प्रयोग गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदमा विभाजन गरी सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : रेवती राजभण्डारीको जीवनी

तेस्रो परिच्छेद : रेवती राजभण्डारीको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : रेवती राजभण्डारीको कृतित्वको अध्ययन

पाँचौं परिच्छेद : शोधनिष्कर्ष र सन्दर्भग्रन्थसूची

उपर्युक्त पाँच परिच्छेदलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

# दोस्रो परिच्छेद

# रेवती राजभण्डारीको जीवनी

रेवती राजभण्डारी नेपाली भाषा र नेपाल भाषाजस्ता दुई भाषामा सिर्जनात्मक योगदान गर्ने बहुमुखी नारी प्रतिभा हुन् । उनले नेपाली भाषामा कथा र कविताका साथै बालसाहित्यको पनि रचना गरी आफ्नो विविधतापूर्ण सिर्जनशीलता देखाएकी छन् । प्रस्तुत शोधकार्य तिनै रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ । उनका यी तीन पक्षहरूमध्ये प्रथमतः जीवनीपक्षको अध्ययन गर्नु आवश्यक हुन जान्छ । त्यसैले यस दोस्रो परिच्छेदमा उनका जन्मकालदेखि हालसम्मको जीवनीका विभिन्न पक्षको जीवनीपरक समालोचनात्मक अध्ययन गरिएको छ ।

## २.१ जन्मकाल, जन्मस्थान, बाबुआमा र नामकरण

नेपाली साहित्यमा रेवती राजभण्डारी नामले प्रसिद्ध रहेकी व्यक्ति प्रतिभाको जन्म वि.सं. १९९९ असार ८ गते विहीबारका दिन भएको हो ।[१] उनको जन्मस्थान हालको काठमाडौँ महानगरपालिकाको वडा नं.२९ अन्तर्गतको ठमेल हो ।[२] उनका बाबु सनकमान मास्के र आमा फिनी मास्के हुन् ।[३] पितृवंशानुक्रमानुसार रेवतीको थर मास्के भए पनि पछि वैवाहिक सम्बन्धका कारणले पितृसत्तात्मक समाजका परिपाटीअनुसार उनको थर राजभण्डारी हुन गएको हो । उनलाई रेवती नाम भने उनकै बाबुआमाले आफ्नै कुलपरम्परानुसार जुराइदिएका हुन् ।

## २.२ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

रेवती राजभण्डारीको पैतृक थलो काठमाडौँको वाङ्गेमुढा हो । उनका पूर्वजमध्येका धनवन्दन सिंह (काजी) जयप्रकाश मल्लका अत्यन्त विश्वासिला लडाकु सिपाही थिए ।[४]

---

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

२. ऐजन ।

३. ऐजन ।

४. शोधनायकका दाजु तिलकमान मास्केका अनुसार ।

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाको विजय गर्ने क्रममा कीर्तिपुरमाथि गरेको हमलामा धनवन्दन सिंहले कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लका सैनिकका रूपमा भीषण युद्ध गर्नुपरेको थियो । धनवन्दन सिंहका दुई छोरा (वीरनर सिंह र सिद्धिवीर सिंह) पृथ्वीनारायण शाहका फौजबाट अपहरित भएपछि धनवन्दन सिंहले गोर्खाली फौजसमक्ष आत्मसमर्पण गर्नुपरेको थियो ।[५] आफ्ना विश्वास पात्रले आत्मसमर्पण गरेको थाहा पाएपछि जयप्रकाश मल्लले रिसले यिनको सर्वस्वहरण गरिदिए । पछि पृथ्वीनारायण शाहले साँखुको सुनटोलमा बस्ने व्यवस्था मिलाएपछि धनवन्दन सिंहको परिवार स्थायी रूपमा त्यहीँ बस्न थालेको थियो ।[६]

रेवतीका पुर्खाका सम्बन्धमा खोजविन गर्दा उनीभन्दा चार पुस्ता पूर्वका नेकुसिंह मास्केसम्मको नामावली प्राप्त भएको छ । नेकुसिंह मास्केका छोरा टुयुसिंह मास्के र यिनका छोरा काजीमान मास्के हुन् । काजीमान मास्केका चारभाइ छोरा (सनकमान, चिनियामान, ललितमान र अमृतमान) मध्येका जेठा छोरा सनकमान मास्केकी छोरी नै रेवती हुन् ।[७] रेवतीका बुबा सनकमान मास्केलाई वि.सं. १९५६ मा उनकै फुपू सन्तुमाया मास्केले ठमेल ल्याएपछि मास्के परिवारको बसोवास ठमेल रहन पुगेको हो ।[८] सनकमान मास्केले राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरको पालामा भैरवनाथ पल्टनमा वि.सं. १९७१ देखि वि.सं. १९७६ सम्म जागिर खाएका थिए । अङ्ग्रेजले आफ्नो साम्राज्यवादी नीतिअनुरूप वि.सं. १९७६ तिर काबुल, अफगानिस्तान, वजिरस्तानजस्ता ठाउँमा गरेको युद्धमा अङ्ग्रेजलाई खुसी पार्न चन्द्र शमशेरले नेपालका तर्फबाट पठाएको फौजमा सनकमान पनि सामेल भई युद्ध गरेका थिए । सनकमान मास्केले सैनिक सेवापश्चात् हरि शमशेरको दरबारमा लामो समयसम्म जागिर खाएका थिए ।[९] सनकमान मास्केका तीनवटी श्रीमती (कान्छीवेटी, हीराज्यान र फिनी) मध्येका कान्छी श्रीमती फिनी मास्केका कोखबाट ६ छोरा र ५ छोरी गरी ११ सन्तानको जन्म भएकामा पाँचौँ सन्तानका रूपमा रेवतीको जन्म भएको हो ।[१०]

५. ऐजन ।
६. ऐजन ।
७. ऐजन ।
८. ऐजन ।
९. ऐजन ।
१०. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

## २.३ बाल्यकाल

बाल्यकाल जीवनयात्राको एक महत्त्वपूर्ण भाग हो । यस समयमा बालमस्तिष्कमा पर्न गएका छापहरूले पछिसम्म अर्थात् जीवनको अन्तिम क्षणसम्म पनि केही हदसम्म प्रभाव पारिरहेका हुन्छन् । रेवतीको बाल्यकाल आफ्नै जन्मथलो काठमाडौँको ठमेलमा नै बितेको थियो । सनकमान मास्के र फिनी मास्केका माहिली सुपुत्रीका रूपमा जन्मिएकी रेवतीको बाल्यकाल सुखपूर्वक नै बितेको थियो । आमाबाबुको न्यानो काख तथा दाजुदिदीको न्यानो मायामा हुर्कने सुअवसर पाएकी रेवतीले बाल्यकालमा कुनै ठूला दुःख र सङ्कटहरू भोग्नुपरेन ।[११] उनको बाल्यकालीन व्यक्तित्व निर्माणमा आफ्नो बाबुको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । बाबुको शिष्टता, नम्रता, सरलताजस्ता व्यवहारबाट उनले बाल्यकालमा त्यस्ता धेरै कुराहरू सिकिन्, जसको प्रभाव अद्यापि उनमा पाइन्छ । उनी बाल्यकालदेखि नै सरल स्वभावकी, तीक्ष्ण बुद्धिकी, तार्किक र जिज्ञासु हुनाका साथै केही जिद्धी स्वभावकी पनि थिइन् ।[१२] उनी सानैदेखि उच्छृङ्खल नचाहिँदो व्यवहार गर्न मन पराउँदिनथिइन् । साथीभाइहरूसँग विभिन्न किसिमका खेल (जस्तैः डन्डीबियो, पुतलीखेल, पिङ, खोपी, गट्टी आदि) खेल्ने, विभिन्न मनोरञ्जनात्मक कार्यक्रममा सहभागी हुने, विविध सामाजिक कार्यमा सहभागी हुने आदि क्रियाकलापहरूका बीचमा उनको बाल्यकाल बितेको थियो ।[१३] उनी बाल्यकालका केही विशेष घटनाहरूलाई अझै पनि सम्झेको बताउँछिन् । उनी ५- ६ वर्षको हुँदा घरमा पालेको कुकुरले छाउरा पाएको बेलामा तिनलाई दूधको अभाव भएको स्थितिमा आमाले हलुवा किन्न पठाएको र हलुवा सालको पातमा लिएर आउँदा गिलो भएका कारण हलुवा सालको भाँडोबाट चुहिएर जान थालेपछि आफू र काकाको छोराले घर नल्याइपुऱ्याउँदै सबै खाइदिएको र हलुवा कुकुरका छाउराले खान नपाएको देख्दा अत्यधिक दुःख लागेको घटना अझै पनि राम्रोसँग याद रहेको बताउँछिन् । त्यस्तै एकपटक कपडाका मसिना टालाटुली भेला पारी आफू र काकाको छोरा मिलेर ती कपडाका टुक्राहरू एकएक गरी नाकको प्वालमा हाल्दै जाने क्रममा काकाको छोराको नाकभित्र पसेका टालाटुली निकाल्न धेरै कठिन हुँदा बुबाले कुटेको घटना अझै पनि याद रहेको कुरा उनी

११. ऐजन ।

१२. शोधनायककी दिदी केशरी प्रधानका अनुसार ।

१३. शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

बताउँछिन् ।[१४] यसरी रेवतीको बाल्यकाल विभिन्न क्षेत्रबाट विभिन्न विषयमा अनुभव बटुली सामाजिक, सांस्कृतिक, प्राकृतिक वातावरणअनुरूपको व्यक्तित्व निर्माण गर्दै सुखपूर्वक नै बितेको थियो ।

## २.४ शिक्षादीक्षा

### २.४.१ अक्षरारम्भ

रेवतीको प्रारम्भिक शिक्षा विशेष गरी घरपरिवारको पाठशाला र प्रकृतिरूपी पाठशालामा सम्पन्न भएको थियो । यसका अतिरिक्त उनले जीवनको प्रारम्भिक अवस्थामा छरछिमेक, नातागोता, साथीसँगिनीका साथै समाजका श्रेष्ठ र बौद्धिक खालका व्यक्तिबाट विविध कुराहरू सिकेकी थिइन् । सानै उमेरदेखि नै जिज्ञासु स्वभाव भएकी रेवतीका पुर्खाहरूमा प्रशस्त मात्रामा शिक्षित व्यक्तिहरू रहेको पाइँदैन । उनको परिवारमा उनका बाबु सनकमान मास्के शिक्षित नै थिए । केही पढेलेखेका उनका बाबुले श्रीपञ्चमीका दिन चार-पाँच वर्षको उमेरमा रेवतीलाई सर्वप्रथम अक्षरारम्भ गराउने काम गरेका थिए ।[१५] बाबुको रेखदेख, निर्देशन र नियन्त्रणमा उनले अक्षरारम्भ गरेकी थिइन् भने आफ्नै दाजु र दिदीबाट पनि प्रशस्त सहयोग पाएकी थिइन् । अक्षरारम्भको प्रारम्भिक अवस्थामा काठको पाटीमा माटो, अँगार दलेर अक्षर लेख्ने तरिका उनलाई घरमै उनका बाबुले सिकाएका थिए । रेवतीलाई शिक्षारम्भ गराउनमा उनका बाबुको ठूलो भूमिका रहेको थियो । उनले आफ्नै घरको ममतामयी पाठशालामा बाबु र दाजुदिदीको सहयोगबाट नै लेख्न - पढ्न सिकेकी थिइन् । आजको बौद्धिक रेवती राजभण्डारी बन्नमा यही पारिवारिक पाठशालाको उल्लेखनीय भूमिका रहेको छ । जीवनको प्रारम्भिक समयमा रेवतीले जेजति ज्ञान हासिल गरिन्, त्यसमा बाबुको प्रमुख सहयोगी भूमिका र दाजुदिदीको आंशिक भूमिका रहेको छ । जीवनको उत्तरार्द्ध समयमा उनले जेजति ज्ञान, अनुभव हासिल गरिन्, त्यसमा उनका श्रीमान् लक्ष्मणमान राजभण्डारीको पनि उत्तिकै सहयोगी भूमिका रहेको छ ।[१६]

---

१४. ऐजन ।
१५. ऐजन ।
१६. ऐजन ।

### २.४.२ प्रारम्भिक शिक्षा

रेवतीलाई औपचारिक शिक्षा हासिल गराउनका लागि उनकी दिदी केशरी प्रधानले श्री शान्ति विद्या गृहमा वि.सं. २००८ मा एकैपटक दुई कक्षामा भर्ना गरिदिएकी थिइन् ।[१७] घरमा नै धेरै कुरा सिकिसकेकी रेवती विद्यालयमा गुरुहरूको निर्देशन तथा घरमा बाबु तथा दाजुदिदीहरूको नियन्त्रण र निर्देशनले गर्दा छोटो समयावधिमा नै निर्धारित पाठ वा पाठ्यांश पूरा गरिदिन्थिन् । उनको स्मरण-क्षमता देखेर विद्यालयका गुरुहरू पनि छक्क पर्थे । वि.सं. २०११ मा रेवतीले पाँच कक्षा उत्तीर्ण गरिन् भने श्री शान्ति विद्या गृह, श्री कन्या स्कुलमा परिणत भएपछि कक्षा छ को परीक्षामा प्रथम स्थान हारिल गरेकी थिइन् । श्री कन्या स्कुलमा रेवतीले कक्षा सातसम्म अध्ययन गरेकी थिइन् ।[१८]

### २.४.३ माध्यमिक शिक्षा

रेवती कक्षा सातसम्मको अध्ययनपश्चात् वैवाहिक बन्धनमा बाँधिन पुगिन् । वि.सं. २०१४ मा वैवाहिक बन्धनमा बाँधिएपछि उनको पढाइ एक दशकभन्दा लामो समयसम्म अवरुद्ध भएको थियो । यही अवरुद्ध भएको समयमा राजभण्डारीले साहित्यिक रचनाहरू लेख्न थालिन्, तर उनका रचनाहरू औपचारिक रूपमा देखापरेनन् । रेवती राजभण्डारी माध्यमिक तहको शिक्षा हासिल गर्न नारी शिक्षा निकेतन विद्यालय, गणबहालमा वि.सं. २०२६ मा कक्षा दसमा भर्ना हुन पुगिन् । वि.सं.२०२६ को माघ महिनामा सोही विद्यालयबाट एस्.एल्.सी. तृतीय श्रेणीमा उत्तीर्ण गरिन् ।[१९] भूगोल र नेपाली विषयमा विशेष रुचि लिने राजभण्डारी भूगोलसम्बन्धीका विविध विषयमा रुचि राख्थिन् । विद्यालयमा पढाइ हुने विषयमा मात्र केन्द्रित नरही अन्य विषयसँग सम्बन्धित पुस्तक पत्रपत्रिकाहरूको अध्ययन गर्ने बानी उनमा थियो । विद्यार्थीकालदेखि नै सामाजिक तथा साहित्यिक गतिविधिमा संलग्न रहेकी रेवतीको समाजका विभिन्न क्षेत्रका व्यक्तिहरूसँग सम्पर्क हुँदै गयो । राजभण्डारीले २७ वर्षको उमेरमा विद्यालयबाट विविध विषयको ज्ञान हासिल गरी माध्यमिक तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ ।

१७. शोधनायककी दिदी केशरी प्रधानका अनुसार ।
१८. शोधनायका अनुसार ।
१९. ऐजन ।

### २.४.४ उच्च शिक्षा

रेवती राजभण्डारी २८ वर्षको उमेरमा उच्च शिक्षा हासिल गर्ने तीव्र अभिलाषाले वि.सं. २०२७ मा रत्नराज्य क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा भर्ना हुन पुगिन् । उनले प्रवीणता प्रमाणपत्र तहमा दुई पटकसम्म अनुत्तीर्ण हुनुपरेको थियो ।[२०] क्याम्पसमा गृहविज्ञान र नेपाली विषयमा विशेष रुचि लिएकी राजभण्डारीलाई एक पटक क्याम्पसमा आयोजना गरिएको कविता प्रतियोगितामा दोश्रो स्थान प्राप्त भएपछि साहित्यसिर्जनामा थप हौसला मिलेको थियो । वि.सं.२०३१ मा स्नातक तहको अध्ययन गर्ने सिलसिलामा राजभण्डारी पद्मकन्या क्याम्पस बागबजारमा भर्ना हुन पुगेको देखिन्छ । स्नातक तहको अध्ययनको क्रममा गुरुवर्ग तथा साथीभाइको हौसला तथा सहयोगका कारण पद्मकन्या क्याम्पसको वर्ष ६, अङ्क ६ को **कस्तूरी** पत्रिकामा 'आमा नेपाल' शीर्षकको फुटकर कविता प्रकाशनमा आएपछि राजभण्डारी औपचारिक रूपमा नेपाली साहित्यका क्षेत्रमा देखापरेकी हुन् ।[२१]

औपचारिक रूपमा स्नातकसम्मको अध्ययनमात्र गर्न सकेकामा राजभण्डारीलाई कुनै पछुतो छैन । गाउँ, समाज, देश र जनताको सेवा गर्न सकेको खण्डमा नै उनी सन्तोष मान्छिन् । उनी स्वाध्ययनबाट नै आफ्नो पढाइको क्षतिपूर्ति गर्न चाहन्छिन् । स्वाध्ययनबाट नै उनले पूर्वीय एवम् पाश्चात्य दर्शनका साथै विविध वस्तुहरूको अध्ययन गरेकी छन् । सामाजिक सेवामा लागेका कारणले समाजलाई चिन्ने, बुझ्ने तथा जीवन र जगत्लाई हेर्ने नयाँ दृष्टिकोण उनमा पाइन्छ ।[२२] त्यसैले आजको अवस्थामा रेवती राजभण्डारीलाई भेट गर्ने व्यक्तिले उनलाई एउटा सामान्य शिक्षित व्यक्तिका रूपमा नभएर एक बौद्धिक ज्ञानार्जन गरेको सफल साहित्यकारका रूपमा प्राप्त गर्दछ ।

---

२०. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट ।
२१. ऐजन ।
२२. ऐजन ।

## २.५ पारिवारिक स्थिति

### २.५.१ रेवती राजभण्डारीका दाजुभाइ तथा दिदीबहिनी

सनकमान मास्केका तीनवटी श्रीमतीमध्ये जेठी श्रीमतीबाट एक छोरा र एक छोरी जन्मेकामा दुवैको सानैमा मृत्यु भयो भने माहिली श्रीमती निःसन्तान भइन् ।[२३] कान्छी श्रीमतीबाट जम्मा ११ जना सन्तानको जन्म भएको देखिन्छ । यिनीहरूको नाम क्रमशः हरिराम, केशरी, तिलकमान, माणिकमान, रेवती, जाम्बवती, निर्मला, अच्युत्तम, अर्पणा, रोहितमान र कनह्यामान रहेको छ ।[२४] यीमध्ये हरिरामको लगभग दुई वर्षमा नै निधन भयो भने माणिकमान, जाम्बवती र अच्युत्तमको पनि मृत्यु भइसकेकाले हाल ७ सन्तानमात्र जीवित रहेका छन् ।[२५] जीवितमध्ये दिदी केशरी प्रधान घरायसी व्यवहारमा संलग्न छिन् भने दाजु तिलकमान मास्के अस्कल क्याम्पसमा कार्यरत छन् । उनका दुई बहिनीमध्ये निर्मला श्रेष्ठ लोकहित नि.मा.वि. ठमेलमा कार्यरत छिन् भने अर्पणा प्रधान अस्कल क्याम्पसमा कार्यरत छिन् । उनका दुई भाइमध्ये रोहितमान मास्के इन्जिनियर छन् भने अर्का भाइ कनह्यामान मास्के व्यापारमा संलग्न रहेका छन् ।[२६]

रेवती सनकमान मास्के र फिनी मास्केकी माहिली छोरी हुन् । उनले स्नातक तहसम्मको अध्ययनका साथै प्रभाकर (सितारमा) र प्रवीणता प्रशिक्षण पत्रकारिताको तालिमसमेत लिएकी छन् । साहित्यमा र सामाजिक क्षेत्रमा आफ्नो जीवनलाई समर्पण गरेकी राजभण्डारीले आफूलाई कुशल साहित्यकार र सफल सामाजिक व्यक्तित्वका रूपमा उभ्याएकी छन् । हाल उनी स्थायी रूपमा आफ्नो परिवारसहित काठमाडौं महानगरपालिकाको वडा नं.१३ अन्तर्गतको ताहाचलको ककन्चो विनायक मार्गमा रहेको घर नम्बर २९६ मा बस्छिन् ।[२७]

---

२३. ऐजन ।
२४. ऐजन ।
२५. ऐजन ।
२६. ऐजन ।
२७. ऐजन ।

### २.५.२ वैवाहिक जीवन

रेवतीको विवाह हिन्दू परम्परानुसार नै सामान्य ढङ्गबाट वि.सं. २०१४ को मङ्सिर महिनामा काठमाडौँकै तुलसीनारायण राजभण्डारी र चम्पा राजभण्डारीका ६ भाइ छोरामध्ये पाँचौं सन्तानका रूपमा जन्मिएका लक्ष्मणमान राजभण्डारीसँग भएको थियो ।[२८] वैवाहिक बन्धनमा बाँधिएको केही समयमा नै रेवती राजभण्डारीलाई हिस्टेरिया हुन पुग्यो र एक वर्षसम्म माइतमा नै उनले बस्नुपरेको थियो । लक्ष्मणमान राजभण्डारीले एस्.एल्.सी. सम्मको अध्ययन गरेका थिए । आफ्ना पतिको शिष्ट, सरल एवम् सहयोगी व्यवहारका कारण रेवती राजभण्डारीलाई साहित्यसिर्जनामा बल पुगेको थियो । दाम्पत्य जीवनमा बाँधिएको लगभग एक दशकसम्म राजभण्डारीले आफ्ना सन्तानको पालनपोषण, घरव्यवहार तथा साहित्यसिर्जनालाई अगाडि बढाएकी थिइन् । वि.सं. २०२७ देखि २०३२ सम्मको अवधिमा उच्चशिक्षा हासिल गर्ने क्रममा पनि श्रीमान्‌बाट आवश्यक सहयोग मिलेको उनको स्वीकारोक्ति रहेको छ ।[२९]

लक्ष्मणमान राजभण्डारीमा सामाजिक भावना भएका कारण वि.सं. २०१४ मा श्री भक्त विद्याश्रम विद्यालय स्थापना गर्नमा उनले ठूलो योगदान गरेका थिए भने लगभग तीन वर्ष सोही विद्यालयमा अध्यापन पनि गरेका थिए । उनले हुलाक सेवा, नेपाल कमर्सियल विजनेस सेवामा रहेर पनि आफ्ना जिम्मेवारी पूरा गरेका थिए ।[३०] पतिको जीवनमा केही गर्नुपर्छ भन्ने भनाइले आफूलाई साहित्य र समाजसेवाको कार्य गर्नमा थप हौसला मिलेको रेवतीको स्वीकारोक्ति रहेको छ ।[३१] दाम्पत्य जीवन सुखमय रूपमा चलिरहेको अवस्थामा लक्ष्मणमान राजभण्डारी गम्भीर विरामी भए, तर रोग पत्ता लाग्न सकिरहेको थिएन । उनलाई थप उपचारका लागि इन्डिया लगियो र चिकित्सकहरूको अथक प्रयासपछि क्यान्सर भएको पत्ता लाग्यो ।[३२] त्यहाँ पनि उपचार सम्भव नभएपछि परिवार तथा आफन्तहरूको सल्लाहबमोजिम आफ्नै घर ल्याइयो । जीवनघातक रोगका कारण घर ल्याएको एक हप्तापछि वि.सं. २०४७ कात्तिक ६ गते राजभण्डारीको असामयिक निधन हुन पुग्यो ।[३३]

---

२८. ऐजन ।

२९. ऐजन ।

३०. ऐजन ।

३१. ऐजन ।

३२. शोधनायकका छोरा सञ्जीवमान राजभण्डारीका अनुसार ।

३३. शोधनायकवाट प्राप्त जानकारीअनुसार ।

यसरी वैवाहिक जीवनमा बाँधिएको ३३ वर्ष व्यतित गरेपछि रेवती राजभण्डारीले आफ्नो जीवनसाथीबाट सधैँका लागि अलग रहनुपरेको छ ।

### २.५.३ सन्तान

रेवती राजभण्डारीका सन्तानका रूपमा तीन छोराको जन्म भएकामा कान्छो छोरो सञ्जय राजभण्डारीको ४ वर्षकै उमेरमा आगामा परेर दुःखद् मृत्यु भएकाले हाल उनका सन्तानका रूपमा दुई छोरामात्र रहेका छन् ।[३४] उनको पहिलो सन्तानका रूपमा सञ्जीवमान राजभण्डारीको जन्म वि.सं. २०१७ मङ्सिरमा भएको थियो । उनी सिभिल इन्जिनियर भएर कार्य गरिहेका छन् । उनकी जीवनसँगिनी विजया राजभण्डारी अध्यापन कार्यमा संलग्न रहेकी छिन् । उनीहरूका एकमात्र सन्तानका रूपमा अर्णव राजभण्डारी रहेका छन् ।[३५] रेवती राजभण्डारीको दोश्रो सन्तानका रूपमा सत्यनमान राजभण्डारीको जन्म वि.सं.२०१९ कात्तिकमा भएको थियो । उनी बेलायतमा चिकित्सक पेशामा संलग्न रहेका छन् । उनकी जीवनसँगिनी सनीता राजभण्डारी इन्जिनियर छिन् । उनीहरूका छोरा जतीनजेक राजभण्डारी र छोरी एमिली राजभण्डारी गरी दुई सन्तान रहेका छन् ।[३६]

रेवती राजभण्डारीका दुई धर्मछोरीहरू पनि रहेका छन् । उनलाई सानो घटनाले पनि प्रभाव पार्ने भएकाले एकपटक बाटामा छाडिएका दुई दिदीबहिनी लक्ष्मी र ईश्वरी नाम गरेका अबोध बालिकालाई घरमा ल्याएर तिनीहरूको लालनपालन गरी विवाहसमेत गरिदिएकी छन् । आफ्ना सन्तान हुर्काउने र घरको कामधन्दा कार्यमा उनीहरूले ठूलो सहयोग गरेको र उनीहरूसँगको सम्बन्धले साहित्यसिर्जनामा बल पुगेको अनुभूति उनको रहेको छ । लक्ष्मी र ईश्वरीसँग रगतको नाता नभए पनि भावनाको गहिरो सम्बन्ध आफू र आफ्नो परिवारसँग रहेको रेवतीको स्वीकारोक्ति छ ।[३७]

---

३४. ऐजन ।
३५. ऐजन ।
३६. ऐजन ।
३७. ऐजन ।

## २.५.४ मातापिताको देहावसान

प्रत्येक मानिसको जीवनमा सुखदु:खको आरोहअवरोह भइरहन्छ । रेवती राजभण्डारीले आफूलाई जन्म दिने पितालाई वि.सं. २०३५ भाद्र २५ गते गुमाउन पुगिन् ।[३८] आफ्ना अत्यन्त शिष्ट, सरल एवम् प्रेरणादायी पिताको निधनले राजभण्डारीलाई निकै मर्माहत् बनाइएको थियो । पितृवियोगको पीडा भएको १६ वर्षपछाडि राजभण्डारीले आफ्नी अत्यन्त ममतामयी मातालाई समेत गुमाउन पुगिन् । उनको माताको निधन वि.सं. २०५१ वैशाख १८ गते भएको थियो ।[३९]

## २.५.५ आर्थिक अवस्था

रेवती राजभण्डारीको जन्मभूमि र कर्मभूमि काठमाडौँ नै भएकाले जीवनको अधिकांश समय यिनले काठमाडौँमा नै बिताएको देखिन्छ । आफ्ना पिताले केही समय सेनामा र लामो समयसम्म हरि शमशेरको दरबारमा जागिर खाएको अनि केही मात्रामा पुर्ख्यौली सम्पत्तिसमेत भएकाले रेवतीले बाल्यकालमा आर्थिक कठिनाइको खासै अनुभव गर्नुपरेको थिएन । आर्थिक रूपमा आफ्नै पितामाताकै हैसियत भएका लक्ष्मणमान राजभण्डारीसँग वैवाहिक जीवनमा बाँधिएकीले पनि यिनले आर्थिक कठिनाइको अनुभूति गर्नुपरेको देखिँदैन । उनका पतिले हुलाक सेवा तथा व्यापार व्यवसायमा समेत हात हालेर आर्थिक अवस्था सबल बनाएकाले पनि रेवतीले दु:खको अनुभूति गर्नुपरेन । पछिल्लो समयमा आफ्ना दुई सन्तानलाई प्राविधिक रूपले सबल बनाएका कारणले पनि रेवतीको आर्थिक स्थिति थप सुदृढ बन्दै गएको देखिन्छ । उनका दुई बुहारीहरूसमेत आर्थिक उपार्जन कार्यमा संलग्न रहेकाले पनि राजभण्डारीको आर्थिक अवस्था पछिल्लो समयमा झन सबल बन्दै गएको देखिन्छ । हाल काठमााडौँको ताहाचलमा उनका दुईवटा पक्की घरहरू रहेका छन् । उनका दुईवटा घरहरूमध्ये एउटा घरमा उनी र उनको परिवार बसोबास गर्छन् भने अर्को घर चाहिँ भाडामा लगाइएको छ ।[४०]

समग्रमा भन्नुपर्दा रेवती राजभण्डारीको आर्थिक स्थिति राम्रो रहेको छ । मध्यमवर्गीय परिवारमा यिनको वैवाहिक सम्बन्ध गाँसिएकाले र परिवारका सदस्यहरू तीक्ष्ण

---

३८. ऐजन ।

३९. ऐजन ।

४०. ऐजन ।

बुद्धि, सफा मन, दूरदर्शी सोचाइ र परिश्रमी भएका कारणले पनि रेवती राजभण्डारीको आर्थिक स्थिति थप सुदृढ बन्दै गएको देखिन्छ ।

## २.६ साहित्यिक लेखनको प्रेरणा

काठमाडौँको प्राकृतिक वातावरणमा हुर्केकी रेवतीलाई साहित्यलेखनमा त्यहाँका विभिन्न सामाजिक, प्राकृतिक, पारिवारिक, सांस्कृतिक पक्षहरूले पनि केही न केही प्रभाव पारेको देखिन्छ । उनी बाल्यकालदेखि नै भावुक, कल्पनाशील र एकान्तप्रेमी व्यक्ति भएकाले उनलाई सानातिना घटनाले पनि तुरुन्तै प्रभाव पार्ने गर्दथ्यो । उनका परिवारमा कोही पनि साहित्यानुरागी थिएनन् ।[४१] लेखनप्रेरणा र प्रारम्भका विषयमा राजभण्डारी भन्छिन् -"मभित्र अन्तर्निहित साहित्यिक बीजाङ्कुर प्रस्फुटनका निम्ति आवश्यक हुने संवेदनशील हृदयले नै मलाई साहित्यिक फाँटमा ल्याएको हुनुपर्दछ ।"[४२] विशेष गरेर नेवार समुदायको बसोबास रहेको ठमेल ऐतिहासिक तथा प्राकृतिक रूपमा पनि रमणीय छ भने त्यसमा पनि तत्कालीन समयमा महिलाहरूले विभिन्न अवसरमा गाउने वेदनायुक्त लोकगीत, दोहोरी गीतले अझ ऊर्जा प्रदान गरेको छ । यी सामाजिक परिवेशले पनि उनलाई साहित्यलेखनतर्फ अग्रसर गराएको देखिन्छ । विभिन्न चाडपर्वहरूमा गाइने भजन, तामाङसेलो, चुट्का, दन्त्यकथा, तीजगीतजस्ता श्रुतिमाधुर्य खालका विभिन्न तत्त्वहरूले पनि उनलाई साहित्यलेखनतर्फ प्रेरित गराएको देखिन्छ । रेवती राजभण्डारीको आफ्नै कान्छो छोरा सञ्जय राजभण्डारीको दुःखद मृत्युको कारणले पनि उनको संवेदनशील हृदयलाई साहित्यसिर्जनातर्फ अग्रसर गराएको थियो ।

रेवती राजभण्डारी सानैदेखि एकान्तप्रेमी, अन्तर्मुखी, कल्पनाशील एवम् भावुक व्यक्ति थिइन् । विद्यार्थीकालदेखि नै विविध विधासँग सम्बन्धित साहित्यिक कृतिहरूको स्वाध्ययनमै रमाउन चाहने राजभण्डारीले लेखनाथ पौडेल, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, गोविन्दबहादुर गोठाले, विजय मल्ल, मदनदेव भट्टराईजस्ता थुप्रै नेपाली साहित्यकारहरूका कृतिहरूको अध्ययन गरिन् ।[४३] अर्कातिर हिन्दी साहित्यका केही उपन्यासहरूको पनि अध्ययन गरिन्, भने अङ्ग्रेजी साहित्य र साहित्यकारहरूका बारेमा सामान्य अध्ययन गरिन्, जसले साहित्यसिर्जनामा उनलाई थप

४१. ऐजन ।
४२. ऐजन ।
४३. ऐजन ।

हौसला मिलेको थियो । पछिल्लो समयमा आफ्नै स्वाध्ययन पनि उनको प्रेरणाको स्रोत हो भने प्राकृतिक, सामाजिक, सांस्कृतिक पक्ष पनि उनका अन्य प्रेरणाका स्रोत हुन् ।

## २.७ लेखनको शुभारम्भ र विस्तार

रेवतीको साहित्यलेखनको शुभारम्भ बाल्यकालदेखि नै भएको देखिन्छ । प्रारम्भमा अभ्यास गरिएका साहित्यिक रचनाहरू प्राप्त छैनन् । लेखनसम्बन्धी कुनै पनि विधाको ज्ञान, कुनै पनि सिद्धान्त तथा शिल्पसौन्दर्यको ज्ञान नभए पनि उनको लेखनको सुरुवात १४ वर्षको कलिलो उमेरदेखि नै भएको थियो । उनको लेखनको प्रारम्भ भने कविता विधाबाट भएको देखिन्छ । उनको प्रारम्भिक अवस्थामा रचना गरिएको प्रथम कविता 'म को हुँ ?' शीर्षकको कविता हो ।[४४] प्रारम्भिक अवस्थामा थोरै फुटकर रचनाहरू लेखेको देखिए पनि औपचारिक रूपमा प्रकाशन हुनका लागि यिनका रचनाहरूले निकै लामो समयसम्म कुर्नुपरेको देखिन्छ । प्रकाशनका दृष्टिले रेवती राजभण्डारीको प्रथम रचना 'आमा नेपाल' शीर्षकको कविता हो, जुन वि.सं. २०३१ मा पद्मकन्या क्याम्पसको वर्ष ६ अङ्क ६ को **कस्तूरी** पत्रिकामा प्रकाशित भएको थियो ।[४५]

सानै उमेरदेखि रचना गरिएका उनका कविताहरू सामाजिक जागरणतर्फ उन्मुख रहेका छन् । कविताबाट साहित्यक्षेत्रमा प्रवेश गरेकी राजभण्डारीले साहित्यका अन्य विधामा पनि कलम चलाएकी छन् । उनले कविता विधाका अतिरिक्त कथा, बालसाहित्य, एकाङ्कीजस्ता विधामा पनि कलम चलाएकी छन् । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । हाल यस्ता फुटकर रचनाहरू पुस्तकाकार कृतिमा समाविष्ट भई प्रकाशित भएका छन् । उनका हालसम्म पुस्तकाकार रूपमा प्रकाशित भएका कृतिहरू निम्न रहेका छन् :

४४. ऐजन ।
४५. ऐजन ।

| क.स. | शीर्षक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | खिचडी | कवितासङ्ग्रह | वि.सं. २०४६ |
| २. | दाइजो | कथासङ्ग्रह | वि.सं.२०४६ |
| ३. | भिजेको तकिया | शोक कवितासङ्ग्रह | वि.सं. २०४८ |
| ४. | मुक्ति | कथासङ्ग्रह | वि.सं. २०५३ |
| ५. | बालसुधा | बालकथासङ्ग्रह | वि.सं. २०५५ |
| ६. | भूतसँग जम्काभेट | बालकथासङ्ग्रह | वि.सं. २०६१ |
| ७. | लठेब्रो राजा | बालकथासङ्ग्रह | वि.सं. २०६४ |
| ८. | राजाको सिङ छ | बालकथासङ्ग्रह | वि.सं. २०६२ |

रेवती राजभण्डारी नेपाली भाषाका अतिरिक्त नेपाल भाषामा समेत सिर्जनात्मक योगदान गर्ने बहुमुखी नारीप्रतिभा हुन् । उनले नेपाल भाषामा कथा, कविताका साथै बालसाहित्यको पनि रचना गरी आफ्नो विविधतापूर्ण सिर्जनशीलता देखाएकी छन् । उनका हालसम्म नेपाल भाषामा पुस्तकाकार रूपमा प्रकाशित भएका कृतिहरू निम्न रहेका छन् :

| क.स. | शीर्षक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | ज्यामि | कथासङ्ग्रह | वि.सं. २०५१ |
| २. | न्हाय मदु बाज्या | लोककथासङ्ग्रह | वि.सं. २०५७ |
| ३. | ऋतु | बालकथासङ्ग्रह | वि.सं. २०६२ |
| ४. | लुमन्ति | कवितासङ्ग्रह | वि.सं. २०६२ |
| ५. | प्याः गु फोंगा | कवितासङ्ग्रह | वि.सं. २०६४ |

## २.८ स्वभाव र रुचि

### २.८.१ स्वभाव

मान्छेको रुचिले उसको व्यक्तित्व निर्धारण गर्दछ । रेवती राजभण्डारीमा पनि आफ्नै पाराको स्वभाव रहेको छ । उनी बाल्यकालदेखि नै चटपटे स्वभावकी नभई भद्र लगनशील स्वभावकी थिइन् । उनका बाबु अत्यन्त सरल, शिष्ट स्वभावका भएका कारणले पनि रेवतीले बाल्यकालमा बाबुको शीलस्वभावबाट धेरै कुराहरू सिकेकी थिइन् । उनी बाल्यकालदेखि नै कसैसँग झगडा गर्न नचाहने सरल स्वभावकी, सहयोगी भावनाकी तथा जिज्ञासु प्रकृतिकी थिइन् । सहरिया परिवेशमा जन्मिएकी अनि शिक्षित बाबु तथा दाजुदिदीको सङ्गतमा हुर्किएकीले पनि यिनको स्वभाव नम्र, शिष्ट, मितभाषी, मिलनसार एवम् सहयोगी खालको रहेको छ । सरल र सहज व्यवहार एवम् मिलनसारिता र मृदुभाषिताले गर्दा पनि यिनको स्वभाव निष्कपट देखिन्छ भने साथीभाइ इष्टमित्रहरूका बीचमा कहिलेकाहीँ ठट्यौली गरी हाँस्ने हसाउने प्रवृत्ति पनि यिनमा पाइन्छ ।[४६]

रेवती राजभण्डारीमा कल्पनाशीलता, संवेदनशीलता, एकान्तप्रियता, अन्तर्मुखी र भावुकताजस्ता प्रवृत्ति विद्यार्थीकालदेखि नै विकसित हुँदै आएको देखिन्छ । मानवीय व्यवहार अँगाल्ने राजभण्डारी समाजमा समानताको भावना राख्छिन् । सानातिना कुरामा पनि नरिसाउने, नझिज्जिने, सोधेका कुराको स्पष्ट उत्तर दिने, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताका निम्ति काम गर्नेजस्ता प्रवृत्ति उनमा पाइन्छ ।

### २.८.२ रुचि

रेवती राजभण्डारीको मूल रुचिक्षेत्र भनेको अध्ययन र भ्रमण हो । राजभण्डारीले स्नातक तहसम्मको मात्र अध्ययन गरेको भए पनि स्वाध्ययनबाट उनले प्रशस्त मात्रामा ज्ञान हासिल गरेकी छन् । कुनै पनि नयाँ पुस्तक घरमा ल्याएपछि त्यसलाई भरसक त्यही दिन पढिसक्ने बानी उनको रहेको छ । पुस्तक उनको जीवनको अभिन्न अङ्गजस्तै छ । मन परेका किताब किन्न नपाउँदासम्म र किनेका किताब पढ्न नपाउँदासम्म उनलाई अत्यन्तै बेचइन महसुस हुन्छ ।[४७] उनी देश तथा विदेशका नयाँ-नयाँ ठाउँको भ्रमण गरी नयाँ-नयाँ विषयको जानकारी लिन पनि त्यतिकै रुचाउँछिन् । साहित्यका अलावा सामाजिक जीवनसँग

---

४६. शोध नायककी दिदी केशरी प्रधानका अनुसार ।
४७. शोधनायकका अनुसार ।

सम्बन्धित विविध सांस्कृतिक पक्षको अध्ययन अनुसन्धानमा पनि उनको चासो रहेको छ । उनी गीतकार रत्नदास प्रकाशले रचेका गीतहरू निकै सुन्ने गर्छिन् । राजभण्डारी सामान्यतः शान्तिप्रिय र जोसिला गीतहरू सुन्न खुब मन पराउँछिन् । उनी आनी छोइङ डोल्माले गाएको "फूलको आँखामा फूलै संसार" बोलको गीतले आफ्नो मन छुने गरेको बताउँछिन् ।[४८] खानपानतर्फ सामान्य खाना नै मन पराउने गर्छिन् । नेपाली प्रकारका खानामा नै उनको रुचि रहेको छ । उनलाई दाल, भात, साग, मुला, चिउरा र मौसमअनुसारका फलफूल मनपर्छ भने माछामासु र मदिरापानमा त्यति हत्ते नहाल्ने भए पनि उनी खाँदै नखाने चाहिँ होइनन् ।[४९] उनलाई भट्किलो खालको पोसाक मन पर्दैन । गृहिणीहरूले लगाउने सामान्य पोसाक नै मनपर्छ । उनी हरियो रङ्ग सबैभन्दा बढी मन पराउँछिन् । मूल रूपमा अध्ययन गर्ने, साहित्य लेख्ने, नयाँ ठाउँको भ्रमण गर्ने, सामाजिक सेवामा जीवन बिताउने नै उनका रुचिका विषय हुन् ।

## २.९ भ्रमण

रेवती राजभण्डारी काठमाडौँको ठमेलमा जन्मेर हाल काठमाडौँकै ताहाचलको ककन्चो विनायक मार्गमा बसोबास गरिरहेकी छन् । उनले विभिन्न सिलसिलामा देश तथा विदेशका विभिन्न ठाउँको भ्रमण गरेकी छन् । राजभण्डारीले नेपालका मेची र कर्णाली अञ्चलबाहेक सबै अञ्चलको भ्रमण गरेकी छन् । यस क्रममा उनले मोरङ, सुनसरी, मकवानपुर, जनकपुर, पोखरा, नेपालगञ्ज, चितवन, कैलाली, भैरवा आदि जिल्ला तथा सहरहरूको भ्रमण गरेकी छन् ।

यसैगरी रेवती राजभण्डारीले विदेशका विभिन्न ठाउँहरूको पनि भ्रमण गरेकी छन् । यसै क्रममा भारत, बेलायत, फ्रान्स, नेदरल्यान्ड, बेल्जियमलगायतका मुलुकहरू तथा तिनका विभिन्न सहरहरूको पनि भ्रमण गरेकी छन् ।[५०] 'कुनै ठाउँको भ्रमण गर्नु केवल सोखका लागि मात्र नभई ती ठाउँहरूसँग राम्ररी परिचित भई त्यहाँका सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, भौगोलिक पक्षको जानकारी लिनु पनि हो' भन्ने मान्यता उनको रहेको छ ।[५१]

---

४८. ऐजन ।
४९. ऐजन ।
५०. ऐजन ।
५१. ऐजन ।

## २.१० जीवनका विशेष घटनावली

सामान्यतया वैयक्तिक जीवनमा विभिन्न घटनाहरू आइपर्दछन् । जीवनमा घटेका सम्पूर्ण घटनाहरूलाई विशेष घटनाका रूपमा लिइँदैन । जुन घटनाले व्यक्तित्व विकासमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ वा जुन घटनालाई जीवनपर्यन्तसम्म बिर्सन सकिँदैन र जीवनका हरक्षणमा आइरहन्छन्, त्यस्ता घटनालाई विशेष घटनाका रूपमा लिन सकिन्छ । राजभण्डारीका जीवनमा आइपरेका केही विशेष घटनाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

रेवती राजभण्डारीका तीनभाइ छोरामध्ये कान्छो छोरा सञ्जय राजभण्डारीको स्वास्थ्य जन्मँदै सबल थिएन । उनी बारम्बार विरामी भइरहन्थे, विभिन्न औषधि उपचारपश्चात् स्वास्थ्य केही सबल हुँदै गइरहेको अवस्थामा अचानक ४ वर्षको उमेरमा आगामा परेर उनको दुःखद् निधन हुनपुग्यो र यही घटनाले राजभण्डारीको जीवनमा गहिरो चोट पुग्यो र यही चोटलाई बिर्सनका लागि उनी साहित्यलेखनतर्फ थप अग्रसर भइन् ।[५२] यस्तै उनका छोरा सत्यनमान राजभण्डारीले वि.सं. २०३५ को एस्.एल्.सी. बोर्डमा प्रथम स्थान ल्याउँदा रेवतीलाई असाध्यै खुसी लागेको र यही खुसीका कारण आफूलाई तीन दिनसम्म खाना खान मन नलागेको उनको स्वीकारोक्ति रहेको छ ।[५३] संयोग नै भनौँ यही खुसीको दिन आफ्नो जन्मदिन परेको र श्रीमान्ले उपहार दिएको घटना सबैभन्दा सुखद रहेको रेवतीको अनुभूति रहेको छ ।[५४] यस्तै गरेर वि.सं. २०४७ कात्तिक ६ गते आफ्ना श्रीमान् लक्ष्मणमान राजभण्डारीको क्यान्सरका कारण दुःखद निधन हुँदा रेवतीले धेरै आँसु बगाएको तर छोराहरूको असाध्यै मायाका कारण जीवनदेखि विचलित नभएको घटना अझै सम्झिरहन्छिन् ।

## २.११ सम्मान तथा पुरस्कार

असल कार्य गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सकिय बनाउनका लागि सम्मान तथा पुरस्कार दिने गरिन्छ । यस्ता किसिमका पुरस्कारले व्यक्तिमा हौसला प्रदान गरी उसलाई अरु बढी लगनशील बनाउँछ । कलेजस्तरको औपचारिक अध्ययन सकिएपछि रेवती

---

५२. ऐजन ।
५३. ऐजन ।
५४. ऐजन ।

राजभण्डारी विभिन्न सङ्घ-संस्थामा र समाजसँग सम्बद्ध विभिन्न क्षेत्रहरूमा कार्य गर्दै आएकी छन् । हालसम्म पनि यिनी यस्ता कार्यमा लागिरहेकी हुनाले यिनले अझै पनि सम्मान तथा पुरस्कार पाउँदै जाने आशा गर्न सकिन्छ । राजभण्डारीले विभिन्न सङ्घ-संस्था तथा विभिन्न क्षेत्रबाट पाएका महत्त्वपूर्ण पुरस्कार तथा सम्मान निम्नानुसार रहेका छन् :

- गद्दी आरोहण रजत महोत्सव
- सर्वस्व नेपालद्वारा सम्मान तथा अभिनन्दन (२०५८)
- का.म.न.पा. १३ वडाबाट सम्मान तथा अभिनन्दन (२०६०)
- साहित्यिक पत्रकार सङ्घबाट लोकप्रिय पुरस्कार (२०६०)
- नेपाल बालसाहित्य समाजबाट 'मोती' बालकथासङ्ग्रहको पाण्डुलिपिलाई 'जय पृथ्वी बाल पुस्तक पुरस्कार' (२०६१)

यस्ता विभिन्न क्षेत्रबाट समय-समयमा प्राप्त पुरस्कार एवम् उनीप्रति दर्साइएको सम्मानले उनी उपकृत भएकी छन् । उनी जति-जति पुरस्कृत र सम्मानित हुँदै जान्छिन्, त्यति-त्यति नै जनताका भावना साहित्यमा उतार्न आफूमा जिम्मेवारी थपिँदै गएको अनुभव गर्छिन् ।

## २.१२ जीवनदर्शन

प्रत्येक मानिसको जीवनसम्बन्धी भिन्दा-भिन्दै दृष्टिकोण तथा मान्यता रहेको पाइन्छ । मान्छे विवेकशील प्राणी भईकन मरणशील पनि छ, तसर्थ आफूले पाएको छोटो जीवनलाई पनि बुद्धिमान् मानिस सार्थक बनाउन चाहन्छ । रेवती राजभण्डारीले सङ्घर्षशील मानवजीवनमा थुप्रै उकाली-ओराली, उतार-चढाव, आँसु-हाँसो, वेदना र छट्पटीहरूलाई भोगेकी छन् र यिनै आँसु-हाँसो, वेदना र छट्पटीहरूलाई आफ्ना कृतिमा मिहिन ढङ्गले प्रस्तुत गरेकी छन् ।

जीवनदर्शनका बारेमा रेवती राजभण्डारी भन्छिन्- 'जीवन चेतनाको उत्कृष्ट स्वरूप हो । चेतना भनेको प्रकाशको प्रतीक हो । जीवन एउटा बलिरहेको दियोजस्तो हुनुपर्छ, एउटा यस्तो दियो, जसले आफूलाई मात्र बाल्नु होइन, त्यसले अरु दियोलाई पनि सल्काउन सक्नुपर्दछ ।'[५५] त्यस्तै साहित्य जीवनको ऐना भएकाले यही ऐनाका माध्यमबाट मानवकल्याण गर्न सकिने उनको विश्वास रहेको छ । 'जसरी किसानले

---

५५. ऐजन ।

बाँझो जमिनलाई परिश्रमपूर्वक गोडमेल गरी उर्वर बनाउँछ, त्यस्तै साहित्यले पनि सबैको हित गर्न सक्नुपर्दछ' भन्ने मान्यता उनको रहेको छ ।[५६]

५६. ऐजन ।

# तेस्रो परिच्छेद

# रेवती राजभण्डारीको व्यक्तित्व

साहित्यसाधिका रेवती राजभण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित यस शोधकार्यको अघिल्लो परिच्छेदमा उनको जीवनीपक्षको समालोचनात्मक अध्ययन गरिसकिएको हुनाले यस परिच्छेदलाई राजभण्डारीको व्यक्तित्वका विविध पाटाहरूको सर्वेक्षणमा केन्द्रित गरिएको छ ।

व्यक्तिको जीवनीका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपता भन्नाले सधैं एकै किसिमको काम मात्र गर्नु नभई परिवेशअनुसारको एकरूपता भन्ने बुझिन्छ । वास्तवमा व्यक्तित्वको अभिप्रायः आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नुपर्छ । यस अर्थमा व्यक्तित्वको अर्थले परिवर्तनशीलता भन्ने नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने त्यो शक्ति सत्ता हो, जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सहयोग गर्छ भन्ने बुझाउँछ । परिस्थितिअनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्रको प्रतिभा नै व्यक्तित्व हो ।[५७]

## ३.१ व्यक्तित्वका विभिन्न पाटाहरू

व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवन-भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक सांस्कृतिक रुचि, पेसा, शिक्षादीक्षा आदिले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ ।[५८] यी परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ र त्यसका पनि आन्तरिक एवम् बाह्य व्यक्तित्व गरी दुई

---

[५७]. दशरथ ओझा, **समीक्षा शास्त्र**, (दिल्ली : राजपाल एण्ड सन्, ई. १९७५), पृ. ३१ ।

[५८] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति**, (अप्रकाशित एम्.ए. शोधपत्र, ने.के.शि.शि., २०४६), पृ. २२ ।

उपवर्ग रहेका छन् । यसैगरी सार्वजनिक व्यक्तित्व भन्नाले समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारका सन्दर्भमा भने सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र सहित्येतर व्यक्तित्वजस्ता दुई वर्गमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वकै पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई उपकोटि देखाउन सकिन्छ । स्रष्टाभित्र सिर्जना गरिएका साहित्यका विभिन्न विधागत अवस्था देखापर्छन् भने द्रष्टाभित्र समालोचना, समीक्षा, सम्पादनजस्ता कुरा पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका अन्य विविध पक्षहरूमा संलग्न रही गरेका यावत् कार्यहरूलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेरिन्छ ।

रेवती राजभण्डारी नेपाली साहित्यका एक सर्जक व्यक्तित्व हुन् । उनी मूलतः: साहित्यकार हुन्, तापनि साहित्येतर क्षेत्रको योगदानमा पनि यिनको ठूलो भूमिका रहेको छ । वि.सं. २०१५ देखि पूर्णतः साहित्यिक क्षेत्रमा संलग्न रहेकी राजभण्डारी उच्च शिक्षाको अध्ययन पश्चात् साहित्येतर क्षेत्रमा पनि संलग्न हुँदै आएकी छन् । यसबाट यिनको बहुमुखी प्रतिभा र बहुआयामिक व्यक्तित्वको निर्माण हुन पुगेको छ । साहित्यभित्र कविता, कथा, बालसाहित्य, एकाङ्कीजस्ता विधामा यिनको कलम चलेको पाइन्छ भने विभिन्न सामाजिक सङ्घ-संस्थामा संलग्न रहेर पनि साहित्येतर व्यक्तित्व निर्माण गरेकी छन् । उनका निजी - आन्तरिक तथा बाह्य) व्यक्तित्व र सार्वजनिक व्यक्तित्वका विभिन्न पक्षहरू बारे तल प्रस्तुत गरिएको छ :

## ३.१.१ निजी आन्तरिक व्यक्तित्व

रेवती राजभण्डारीको आन्तरिक व्यक्तित्व केलाउँदै जाँदा यिनी सानै उमेरदेखि कल्पनामा डुब्ने, कुनै काममा लागेपछि त्यसलाई फत्ते गर्ने, सहपाठी एवम् दौँतरीहरूसँग सहयोग आदानप्रदान गर्ने, छरछिमेक तथा आफन्तहरूका सम्बन्धमा जिज्ञासा राख्ने बानी रहेको थाहा पाइन्छ ।[५९] यिनी उमेरको बृद्धिसँगसँगै बालसुलभ चञ्चले प्रवृत्तिबाट क्रमशः शान्त, गम्भीर, शिष्ट, मितभाषी, एकान्तप्रेमी तथा प्रकृतिप्रेमी बन्दै गइन्, जसको कारण कहिले-कहिले कल्पनातत्त्वले घँचेटिरहँदा कविता, कथाजस्ता साहित्यिक रचनातर्फ अभिमुख हुँदै गएको बुझिन्छ ।[६०] झ्वाट्ट हेर्दा यिनी सहज, सरल र शान्त देखिए पनि गहिरिएर हेर्दा भित्रभित्रै कुनै कुराको चिन्तन गरिरहेको जस्तो यिनको मुखाकृतिले देखाइरहेको हुन्छ ।

[५९] शोधनायकका दाजु तिलकमान मास्केका अनुसार ।
[६०] शोधनायककी दिदी केशरी प्रधानका अनुसार ।

समाज एवम् राष्ट्रका लागि आफ्नो कीर्ति फिँजाउन प्रयत्नशील रहेकी राजभण्डारीमा आडम्बरहीन बोली तथा मान्छेको प्रवृत्तिअनुरूप उसप्रति देखाउन सक्ने व्यावहारिक कुशलताले गर्दा हरेक वर्ण र तहका मान्छेसँग सम्पर्क कायम गर्न सक्ने क्षमता उनमा रहेको पाइन्छ ।[६१]

सानैदेखि स्वाभिमानी र स्वावलम्बी प्रवृत्तिले गर्दा यिनी विद्यार्थी-जीवनदेखि नै परिआउने विभिन्न समस्यामा विचलित नभईकन सङघर्ष गर्दै आएको बुझिन्छ । नारी एवम् असहाय गरिब निमुखाप्रति यिनको सदा सहानुभूति रहँदै आएको बुझिन्छ । त्यसैगरी यिनमा पूर्वीय अध्यात्मवादका सकारात्मक तथा भौतिकवादी चिन्तनका व्यावहारिक पक्षमा झुकाव रहेको छ । चाकडी, चाप्लुसी गर्न पटक्कै मन नपराउने राजभण्डारी कर्मयोगी बन्नु पर्छ भन्ने कुरामा विश्वास राख्छिन । त्यसैले राजभण्डारीको आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा यिनमा सहज, सरल, सहयोगी, भावुक, कर्तव्यपरायण, कर्मयोगी, स्वावलम्बीजस्ता विशेषता रहेका पाइन्छन् ।

## ३.१.२ निजी बाह्य व्यक्तित्व

शारिरिक बनावट, आकारप्रकार नै बाह्य व्यक्तित्वसँग सम्बन्धित भएकाले रेवती राजभण्डारीलाई त्यसैअनुसार हेर्दा निम्न कुरा थाहा पाइन्छ : उनी ४ फूट १० इन्च अग्ली, मोटो र होचो कद, केही ठूलो टाउको, फराकिलो निधार, गहुँगोरो वर्ण, कालो र छोटो केश, तेजिला आँखा, गोलाकार नाक, प्रचण्ड मुखाकृतिजस्ता सुहाउँदो शारीरिक बनावटले गर्दा राजभण्डारी अत्यन्त सुन्दर र आकर्षक देखिन्छिन् ।[६२] राजभण्डारी जीवनका जस्तै कठिन परिस्थितिमा पनि धैर्य, संयम र सन्तुलन नगुमाई जीवनमा सधैं कृयाशील रहिरहने साहसी र उच्च मनोबल भएकी व्यक्ति हुन् ।[६३] कुनै पनि विषयमा बोल्दा शिष्ट र मिठासपूर्ण तरिकाले बोल्नु उनमा पाइने निजी विशेषता हो । जस्तै जटिल परिस्थिति आइपर्दा पनि धैर्य र विचारपूर्वक निर्णयमा पुग्ने परिपक्व एवम् स्थिर र स्वाभिमानी प्रवृत्तिजस्ता मानवीय असल गुणहरू उनमा पाइन्छन् ।[६४] सबै मानिससँग मित्रवत् व्यवहार गर्ने, साना कुरामा पनि नझिज्जिने, सोधेको कुराको स्पश्ट उत्तर दिने, ठूलो आपद-विपदमा नआत्तिने र खुसीमा

---

[६१] ऐजन ।

[६२] शोधनायकसँगको प्रत्येक्ष भेटघाटबाट प्राप्त जानकारीअनुसार ।

[६३] शोधनायकका दाजु तिलकमान मास्केका अनुसार ।

[६४] ऐजन ।

नमात्तिने खालको व्यक्तित्व उनमा पाइन्छ । पढ्नु लेख्नुको अतिरिक्त फुर्सदको समयमा मनोरञ्जन गर्नु, जोसिला र शान्तिप्रिय गीत सुन्नु, नयाँ-नयाँ ठाउँको अवलोकन गर्नु यिनको सोख रहेको छ । यिनै मानविय असल स्वभावका कारण उनको भौतिक व्यक्तित्व आकर्षक देखिन्छ ।

## ३.२ सार्वजनिक व्यक्तित्व

मानिस एक सामाजिक प्राणी भएकाले ऊ समाजबाट अलग्गिएर बस्न सक्तैन । समाजअनुरूप चलेर समाजले थाहा पाई वा नपाई एक नयाँ रूप दिने असाधारण व्यक्तित्व नै सार्वजनिक व्यक्तित्व हो । समाजसँगको व्यक्तिको व्यवहारले नै सार्वजनिक व्यक्तित्वको निर्माण गर्ने गर्दछ । व्यक्तिले समाजलाई जुन प्रभाव र प्रेरणा प्रदान गर्छ, त्यही नै सार्वजनिक व्यक्तित्वभित्र पर्दछ ।

रेवती राजभण्डारीले ६६ वर्षको उमेरसम्म आइपुग्दा करिब तीन दशकको समयमा विभिन्न सङ्घ संस्थासँग आबद्ध भएर धेरै काम गरिसकेकी छन् भने कतिपयमा हालसम्मपनि कार्यरत देखिन्छिन् । समाजको समुन्नत भविश्यको कल्पनाअनुरूप समाजलाई साहित्यका माध्यमबाट धेरै कुरा दिइसकेकी छन्, त्यसैले राजभण्डारीको सार्वजनिक व्यक्तित्वभित्र देखिने अनेक महत्त्वपूर्ण पक्षलाई साहित्यिक र साहित्येतर व्यक्तित्वभित्र राखेर हेर्न सकिन्छ ।

### ३.२.१ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिका कृतिका आधारमा पहिल्याइन्छ । साहित्यका कविता, कथा, निबन्ध, नाटक आदि विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्वको निर्धारण हुने गर्दछ । रेवती राजभण्डारीको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित कृतिहरूका विधागत सापेक्षताका आधारमा बुँदागत रूपमा छुट्याउँदा सान्दर्भिक हुन्छ । वि.सं. २०३१ को **कस्तूरी** पत्रिकामा 'आमा नेपाल' शीर्षकको कविता कृतिबाट राजभण्डारी औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेकी भए पनि हालसम्म उनले साहित्यका अन्य विधामा समेत कलम चलाएकी छन् । कविताका अतिरिक्त उनले कथा, बालसाहित्यमा पनि आफ्नो कलम चलाएकी छन् भने एकाङ्कीका क्षेत्रमा समेत आफ्नो उपस्थिति जनाएकी छन् । हालसम्म पनि यिनी सिर्जनाका क्षेत्रमा लागिरहेकी हुनाले यिनको विधागत विस्तारको टुङ्गो लागिसकेको छैन । राजभण्डारीको

आजसम्मको सिर्जनात्मक योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा राखिने भएकाले यहाँ त्यसैअनुरूप बुँदागत रूपमा राखेर व्यक्तित्वपरक समालोचनात्मक अध्ययन गरिएको छ ।

### ३.२.१.१ कवि व्यक्तित्व

रेवती राजभण्डारीले २०१४/१५ सालदेखि कविता लेख्ने अभ्यास गरेकी भए पनि वि.सं. २०३१ मा 'आमा नेपाल' शीर्षकको कविता पद्मकन्या क्याम्पसको वर्ष ६ अंक ६ को **कस्तूरी** पत्रिकामा प्रकाशित भएपछि उनी औपचारिक रूपमा कविताका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । यसपछि त्यसबेला प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा फाट्टफुट्ट कविताहरू प्रकाशित भए पनि तिनीहरूको सङ्गृहीत रूप भने वि.सं. २०४६ मा प्रकाशित भएको देखिन्छ । हालसम्म उनका **खिचडी** २०४६ र **भिजेको तकिया** २०४८ कवितासङ्ग्रह **नेपाल नारी साहित्य सेवा केन्द्र**बाट प्रकाशित भइसकेका छन् ।

उनको सङ्ख्यात्मक दृष्टिकोणले उन्नतशील रहेको विधा यिनको कविता विधा हो । उनका कविता सरल भएर पनि मार्मिक छन् ।[६५] साहित्यसेवामा अग्रसर भएकी रेवती संवेदनशील लेखिका हुन् । यिनका कवितामा समाजमा विद्यमान् सामाजिक विकृति तथा विसङ्गतिप्रति तीव्र रोष, मानवतावादी चिन्तन, देशभक्तिको भावना, प्रकृतिचित्रण, नारी हुनुको पीडा, प्रणयप्रेम, अन्याय र अत्याचारको विरोध, विश्ववन्धुत्वको भावनाजस्ता प्रवृत्तिगत स्वर स्वच्छन्द भावभूमिमा अभिव्यञ्जित भएका पाइन्छन् । गद्य लयात्मक कविताकी स्रष्टा राजभण्डारीका कविताहरू पद्य लयमा समेत सहज, सरल एवम् सम्प्रेष्य भाषामा संरचित रहेका छन् । यिनका धेरैजसो कविताहरूमा अनुप्रास तथा तुक वन्दीताको प्रयोग भएको पाइन्छ भने कतै-कतै विम्ब, प्रतीक र अलङ्कारको प्रयोग पनि भेटिन्छ । प्रारम्भमा प्रकाशित भएका कृतिहरूका अपेक्षामा पछि प्रकाशित भएका कृतिहरूमा भाषागत परिपक्वता रहेका छन् । यिनका कविताले समसामयिक सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्यात्मक र विद्रोहात्मक स्वर सुसेल्दै समाजलाई सही बाटामा ल्याउनसमेत प्रयत्न गरेको पाइन्छ ।

---

[६५] घटराज भट्टराई, **नेपाली लेखक कोश**, (काठमाडौँः लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान), २०५६ ।

### ३.२.१.२ कथाकार व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलम चलाएकी रेवती राजभण्डारीले कथाका क्षेत्रमा पनि आफ्नो लेखनीलाई सशक्त ढङ्गले उभ्याएकी छन् । उनका फुटकर कथाहरू विशेष गरेर 'रत्न श्री' पत्रिकामा र फाट्टफुट्ट रूपमा अन्यत्र पनि देखिने गरेका छन् । यिनका कविताहरूकोको सङ्गृहित रूप वि.सं. २०४६ बाटै आएका देखिन्छन् । हालसम्म यिनका **दाइजो** (२०४६) र **मुक्ति** (२०५३) कथासङ्ग्रहका रूपमा **नेपाल नारी साहित्य सेवा केन्द्र**बाट प्रकाशित भइसकेका छन् ।

सङ्ख्यात्मक दृष्टिकोणले उन्नतशील रहेको यिनको कविता पछिको कथा विधा नै हो । राजभण्डारीले आफ्ना कथाहरूमा ग्रामीण तथा सहरिया परिवेशको सफल रूपमा चित्रण गरेकी छन् भने यिनका कथाका पात्रहरू उच्च, निम्न, निम्नमध्यम तथा निम्नवर्गीय परिवारबाट चुनिएका हुन्छन् । सामाजिक यथार्थलाई अवलम्बन गर्ने यिनका कथाहरूमा स्वास्नीमान्छेप्रतिका मानसिक उत्पीडन, व्यथा, जलनलाई उतार्दै, पुरुष समाज र रूढिवादप्रति कठोरभन्दा कठोर आक्रोश पोखिएको हुन्छ । भाषाशैलीको प्रयोगमा सरल, सहज र वर्णनात्मकता पाइने यिनका कथाहरूमा काल्पनिक उडानमा नभएर सत्य र यथार्थमा आधारित विषयवस्तु पाइन्छन् । यिनै आधारमा राजभण्डारीलाई एक सफल कथाकार व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

### ३.२.१.३ बालसाहित्यकार व्यक्तित्व

रेवती राजभण्डारीको साहित्यिक व्यक्तित्वको अर्को मुख्य पाटो बालसाहित्य पनि हो । उनको व्यावहारिक जीवन सादा जीवन र उच्च विचारको ज्वलन्त नमुना बनेको छ । सरल स्वभाव र मिलनसार प्रवृत्तिकी राजभण्डारी बालबालिका बीच पनि त्यतिकै रमाउँछिन् र उनीसित केटाकेटीहरू पनि झुम्मिन्छन् । बालबालिकालाई छक्क पारेर बोल्न र उनीहरूलाई आकर्षित गर्नसक्ने व्यक्तित्वका रूपमा राजभण्डारीलाई पाउन सकिन्छ । सम्भवतः यो बालक र बालसाहित्यप्रतिको चिन्तनको परिचायक हो ।

सङ्ख्यात्मक दृष्टिकोणले उन्नतशील रहेको यिनको कविता, कथापछिको विधा बालसाहित्य रहेको छ । बालसाहित्य रहेको छ । यिनका बालकथाहरूमा धार्मिक तथा पौराणिक विषयवस्तुका माध्यमबाट बालबालिकालाई ज्ञान तथा मनोरञ्जन प्रदान गर्ने, सबै मानिस समान हुन्छन्, कसैमाथि पनि भेदभाव गर्नु हुँदैन भन्नेजस्ता मानवीय सकारात्मक

भेटिन्छन् । यिनका बालसङ्ग्रहमा समावेश भएका चित्रहरूले कथालाई आकर्षित बनाएका छन् भने सामान्य जीवनमा नहुने भूत, प्रेत, जादु, अन्तर्ध्यानजस्ता विषयले बालबालिकाहरूलाई थप मनोरञ्जन प्रदान गरेका छन् ।

बालसाहित्यसाधिका रेवती राजभण्डारीले बालकथाका सँगालाहरू पनि निकालिसकेकी छन् । हालसम्म प्रकाशित भएका उनका बालकथासङ्ग्रहहरूमा **बालसुधा** (२०५५), **भूतसँग जम्काभेट** (२०६१), **लठेब्रो राजा** (२०६४) र **राजाको सिँग छ** (२०६२) फुटकर बालकथा रहेका छ ।[६६] सरल, सहज एवम् मिठासपूर्ण रहेका यिनका बालकथाका कृतिहरूमा रहेका चित्राङ्कन पक्षले बालबालिकाहरूलाई बालकथा पढ्नका लागि उत्सुकता तथा कुतूहल पैदा गराउँछन् ।

### ३.२.१.४ एकाङ्कीकार व्यक्तित्व

रेवती राजभण्डारीले एकाङ्कीका क्षेत्रमा पनि आफ्नो उपस्थिति जनाउन पुगेकी छन् । राजभण्डारीको प्रमुख साहित्यिक क्षेत्र भनेको कविता, कथा र बालसाहित्य नै भएपनि फुटकर रूपमा एउटा एकाङ्कीसमेत प्रकाशीत भएको छ । उनको एकमात्र एकाङ्की 'अर्न्तवार्ता' शीर्षकमा **मिर्मिरे** पत्रिकाको वर्ष २७ः अंक ११ः २०५५ फागुन, पूर्णाङ्क १६२, पृष्ठ ९०-९४ मा प्रकाशित छ । उनले यस क्षेत्रमा अझै साहित्यिक कृतिहरू आउने सम्भावनाको सूचना दिएकी हुनाले पनि यस विधाप्रतिको रुचिलाई नकार्न सकिँदैन, त्यसैले राजभण्डारीलाई एकाङ्कीकार व्यक्तित्वका रूपमा पनि चिनाउन सकिन्छ ।

## ३.३ साहित्येतर व्यक्तित्व

रेवती राजभण्डारी साहित्यिक क्षेत्रमा जस्तै सामाजिक क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान गर्ने सशक्त नारी प्रतिभा हुन् । साहित्यिक व्यक्तित्वभित्र विभिन्न पाटाहरू भएजस्तै साहित्येतर व्यक्तित्वका पनि विभिन्न पाटाहरू रहेका हुन्छन् । यहाँ तिनै साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरूलाई बुँदागत रूपमा अध्ययन गर्नु सान्दर्भिक हुने भएकाले सोहीअनुरूप अध्ययन गरिएको छ ।

---

[६६] नरेन्द्रराज प्रसाई, **नारीचुली**, (काठमाडौँः नइ प्रकाशन), २०६३, पृ. ४९६-९७ ।

### ३.३.१ सामाजिक व्यक्तित्व

रेवती राजभण्डारीले साहित्यका अतिरिक्त समाजसेवालाई पनि आफ्नो कार्यक्षेत्र बनाएकी छन् । समाजसेवा र साहित्यसिर्जना उनका रुचिका विषय हुन् ।[६७] उनी आफ्नो ठाउँको बाटोघाटो बनाउने, विद्युतीकरण गर्ने, खानेपानीको व्यवस्था मिलाउने, विद्यालयको भौतिक सुधार गर्ने, निःसहाय व्यक्तिलाई सहयोग गर्ने, बालबालिकाको अधिकार संरक्षण गर्नेजस्ता सामाजिक सेवासँग सम्बद्ध विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न रहेकी छन् । हाल उनी फेडेरेसन अफ काठमाडौँ विजनेस एण्ड प्रोफेसलनल ओमेनको आजीवन सदस्य, फेडेरेसन अफ इन्टरनेसनल विजनेस एण्ड प्रोफेसलनल ओमेनको साधारण सदस्य, नेपाल बाल सङ्गठन काठमाडौँको आजीवन सदस्य, निःसहाय सेवा सदनको आजीवन सदस्य, कलानिधि इन्दिरा सङ्गीत महाविद्यालयको आजीवन सदस्य, नेपाल आदर्श मा.वि. गणवहालको व्यवस्थापन समितिको सदस्य, धर्मोदय सभाको सदस्य, ककञ्चो चागल विकास सेवा समाजको कार्यकारिणी सदस्य, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको सदस्यका रूपमा कार्य गरिरहेकी छन् ।

उल्लिखित सङ्घ-संस्थाहरूले कुनै न कुनै कोणबाट समाजसुधारको अपेक्षा राखेका छन् र राजभण्डारी यिनै सङ्घ-संस्थामा सम्बद्ध भएकीले यिनमा सामाजिक व्यक्तित्व स्पष्ट रूपमा रहेको देखिन्छ ।

### ३.३.२ परामर्श दातृ व्यक्तित्व

रेवती राजभण्डारीले विभिन्न साहित्यिक सङ्घ संस्थामा संलग्न रहेर आफ्नो कुशल परामर्श दातृ व्यक्तित्वको परिचय दिएकी छन् । उनी वि.सं. २०४२ मा स्थापना भएको नेपाल नारी साहित्य सेवा केन्द्रको उपाध्यक्ष भई स्थापनाकालेखि नै यसको विकासमा क्रियाशील रहेकी छन् ।[६८] नारीसँग सम्बद्ध विभिन्न साहित्यिक गतिविधिमा संलग्न रहेको यस संस्थाको स्थापना र सञ्चालनमा उनको ठूलो योगदान रहेको छ ।[६९] उनी नेपाल भाषा मिसा खलः, साहित्यिक सिर्जना प्राङ्गण, सुनकोशी साहित्य प्रतिष्ठान, वाणी प्रकाशन, साहित्यिक पत्रकार सङ्घ जस्ता संस्थासँग सम्बद्ध भएर यसको विकासमा सहयोग पुऱ्याइरहेकी छन् ।

---

६७. घटराज भट्टराई, पूर्ववत्, २०५६ ।
६८. शशि रिमालबाट प्राप्त जानकारी अनुसार ।
६९. ऐजन ।

रेवती राजभण्डारीको बहुआयामिक व्यक्तित्व विभिन्न सामाजिक सङ्घ-संस्थाबाट प्रकाशित हुने मुखपत्र तथा स्मारिकाको सम्पादन र प्रकाशनमा सहयोगी तथा सल्लाहकारका रूपमा पनि संलग्न रहेको छ । हाल उनले कलानिधि सङ्गीत महाविद्यालय, नेपाल महिला साहित्यकार सङ्घको मुखपत्र 'कर्मिका', पारिवारिक मासिक 'उपमा', नेपाल नारी साहित्य सेवा केन्द्रको मुखपत्र 'युगग्टी', कलानिधि सङ्गीत महाविद्यालयको रजत जयन्ती स्मारिका, नेपाल आदर्श मा.वि. गणवहालको स्वर्ण जयन्ती स्मारिकाजस्ता विभिन्न सङ्घ संस्थाबाट प्रकाशित हुने मुखपत्र तथा स्मारिकाको सम्पादन तथा प्रकाशनमा सहयोगी र सल्लाहकारका रूपमा समेत संलग्न रही आफ्नो कुशल परिचय दिएकी  छन् ।

### ३.३.३ बहुभाषी व्यक्तित्व

रेवती राजभण्डारीले नेपाली भाषा र नेपाल भाषाजस्ता दुई भाषामा साहित्यिक कृतिहरू रचना गरी आफ्नो बहुभाषी सिर्जनशीलता देखाएकी छन् । राजभण्डारी हिन्दी, अङ्ग्रेजीजस्ता भाषामा पनि बोल्न र लेख्न सक्छिन् । यसरी उनी नेपाली र आफ्नै मातृभाषा नेपाल भाषामा समेत साहित्यिक कृतिहरू रचना गरेकी र हिन्दी, अङ्ग्रेजी भाषामा पनि लेख्न र बोल्न सक्ने भएकीले राजभण्डारीलाई विविध भाषाको ज्ञान भएकी नारीप्रतिभाका रूपमा चिनाउन सकिन्छ ।

### ३.३.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तः सम्बन्ध

रेवती राजभण्डारीको ६६ वर्षको लामो जीवन विभिन्न परिवेशका माध्यमबाट गुज्रेको देखिन्छ । यति लामो अवधिको जीवन भोगाइमा उनले अनुभव गरेका सरल र जटिल परिस्थिति, बसोबासको आरोह-अवरोह, विभिन्न सङ्घ -संथामा रहेर काम गर्दाको अनुभव, विदेशयात्रा गर्दाको अनुभव  आदिको ज्ञान एवम् सीपबाट यिनको साहित्यिक तथा सामाजिक व्यक्तित्व निर्माण भएको देखिन्छ । यिनको जीवनशैलीले निर्माण गरेको सार्वजनिक पठनपाठनबाट प्राप्त गरेको ज्ञानले साहित्यलेखनलाई डोऱ्याएको छ । यिनको साहित्यिक व्यक्तित्वको निर्माण गर्ने मूलतः कविता, कथा एवम् बालसाहित्य विधा सधर्मी रूपमा अगाडि बढेका देखिन्छन् । यिनका गद्य र पद्य दुवै प्रकारका विधामा समाजका कुरीतिप्रति व्यङ्ग्य गर्दै समाजसुधारको भावनाका साथै नारी हुनुको पीडा, सामाजिक जीवनभोगाइको कटु यथार्थ, बालबालिकालाई प्रदान गरिने ज्ञानवर्द्धक विषयवस्तु तथा मनोरञ्जन पाइन्छन् । उनका आफ्नै जीवनमा आइपरेका विविध घटना, आफ्नै मिहिनेत,

विभिन्न भाषामा लेखिएका अग्रज साहित्यकारहरूका कृतिको अध्ययन, आफ्नो जीवनमा सम्पर्कमा आएका साहित्यकारहरूको प्रोत्साहन, श्रीमान्‌को केही गर्नुपर्छ भन्ने भनाइ नै यिनका साहित्यलेखनका प्रेरक तत्त्व बनेका छन् । साहित्यका विविध विधामा कलम चलाएकी राजभण्डारी लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, मदनदेव भट्टराईप्रति श्रद्धा गर्छिन् भने उनमा उनीहरूका साहित्यिक रचनाकौशलबाट पनि धेरथोर प्रभाव परेको देखिन्छ । यसैगरी नेपाली भाषाका अतिरिक्त नेपाल भाषा, अङ्ग्रेजी, हिन्दी साहित्यका कृतिहरूको अध्ययनले पनि यिनका कृतिमा आंशिक प्रभाव पारेको देखिन्छ ।

सामाजिक जीवनका विभिन्न पक्षहरू भोगिसकेकी राजभण्डारी सहरिया तथा ग्रामीण परिवेशलाई हेरी साहित्यसिर्जना गर्छिन्, त्यसैले यिनका साहित्यिक सिर्जनामा ग्रामीण तथा सहरिया जीवनको सामाजिक वस्तुस्थिति, चाकडीचाप्लुसी प्रवृत्ति, श्रमको मूल्य, नारीप्रतिको सद्भाव, समानता, राष्ट्रप्रेम, प्रणय, देशभक्ति, प्रकृतिचित्रणका साथै सामाजिक विकृति र विसङ्गतिप्रति तीव्र रोष प्रकट भएका हुन्छन् । साहित्यसिर्जनामा भावनाको सरलता, सहज अभिव्यक्तिका साथै भाषाशैलीमा केही शिथिलता रहेको भेटिन्छ । साहित्यसिर्जनामा हाल पनि लागिरहेकी राजभण्डारीबाट नेपाली साहित्यले अझै धेरै कुरा प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ । यसरी आजसम्मको राजभण्डारीको जीवनी र व्यक्तित्वलाई सर्वेक्षण गर्दा साहित्यसिर्जनामा आन्तरिक संयोजन रहेकै देखिन्छ ।

# चौथो परिच्छेद

# रेवती राजभण्डारीका कृतित्वको अध्ययन

रेवती राजभण्डारी नेपाली भाषा र नेपाल भाषाजस्ता दुई भाषामा सिर्जनात्मक योगदान गर्ने बहुमुखी नारीप्रतिभा हुन् । उनले नेपाली भाषामा कविता, कथा र बालसाहित्य तथा नेपाल भाषामा पनि कविता, कथा र बालकथाको समेत रचना गरी आफ्नो विविधतापूर्ण सिर्जनशीलता देखाएकी छन् । अघिल्ला दुई परिच्छेदमा क्रमशः उनका जीवनी र व्यक्तित्वका बारेमा समालोचनात्मक अध्ययन गरिसकिएको हुनाले यस परिच्छेदलाई उनका कृतित्वको अध्ययनमा केन्द्रित गरिएको छ । उनले नेपाली भाषाका अतिरिक्त नेपाल भाषामा समेत साहित्यिक कृतिहरूको रचना गरेकी भए पनि यस परिच्छेदमा नेपाली भाषामा मात्र प्रकाशित भएका उनका कविता, कथा र बालसाहित्य सङ्ग्रहहरू र फुटकर रूपमा प्रकाशित **राजाको सिँग छ** नामक बालकथाको पनि सङ्क्षिप्त रूपमा समालोचनात्मक अध्ययन गरिएको छ ।

## ४.१ रेवती राजभण्डारीका कविताहरूको अध्ययन

रेवती राजभण्डारी नेपाली साहित्यका क्षेत्रमा साधनारत महिला साहित्यकार हुन् । वि.सं. २०१५ देखि नै कविताबाट नेपथ्यकालीन साहित्यसाधनामा संलग्न रहेकी राजभण्डारीको वि.सं. २०३१ मा 'आमा नेपाल' शीर्षकको फुटकर कविता **कस्तुरी** पत्रिकाको वर्ष ६ को अङक ६ मा प्रकाशनमा आएपछि उनी कविताकै  माध्यमबाट सार्वजनिक रूपमा देखा परेकी सामाजिक यथार्थवादी नारीप्रतिभा हुन् । मूलतः गद्य कविताकी स्रष्टा राजभण्डारीका केही कविताहरू पद्य तथा गीतिलयमा समेत रचिएका छन् । हालसम्म उनका दुईवटा कवितासङ्ग्रहहरू प्रकाशित भएका छन् । तल राजभण्डारीका दुईवटा कवितासङ्ग्रहहरूको क्रमशः सङ्क्षिप्त रूपमा समालोचनात्मक अध्ययन गरिएको छ ।

## ४.२ खिचडी कवितासङ्ग्रहको विश्लेषण

**खिचडी** कवितासङ्ग्रह रेवती राजभण्डारीको प्रथम प्रकाशित कृति हो । यो कृति वि.सं. २०४६ मा नेपाल नारी साहित्य सेवा केन्द्रबाट सोह्र पेजको फर्मा (डबल क्राउन आकार) मा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र जम्मा १०८ वटा कविताहरू सङ्कलित

रहेका छन् । यस सङ्ग्रहभित्र सङकलित भएका कविताहरू गद्य तथा लोकलयका साथै गीति लय ढाँचामा संरचित भएका देखिन्छन् । यहाँ चाहिँ उक्त कविताको खास गरी साहित्यिक कविताहरूको विश्लेषणका कममा उपयोग गरिने कृतिगत सन्दर्भ, विषयवस्तु, छन्दविधान, उक्तिढाँचा, संरचना, विम्बालङकार, भाषाशैली, भाव र विचारजस्ता तात्त्विक कोणबाट सङक्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.२.१ कृतिगत सन्दर्भ

रेवती राजभण्डारीले आफ्नो कवितायात्राका तीस वर्ष (२०१५-२०४५) सम्मको समयावधिमा छातीमा टेक्दै जाँदा भेटेका अनुभव र अनुभूति **खिचडी** कवितासङग्रहमा संरचित भएका छन् । वि.सं. २०१५ मा लेखिएको 'म को हुँ' त्यस्तै गरेर २०१६ सालमा लेखिएको 'आऊ बाँडी चुँडी गरौं' जस्ता शीर्षकका कविताबाट आरम्भ गरेको लेखनयात्रा र वि.सं. २०३१ देखि २०४५ सम्ममा सार्वजनिक भएका कविताहरूको सङ्गृहीत रूप नै **खिचडी** कवितासङग्रह हो । **खिचडी** कवितासङग्रहको 'वक्तव्य' मा नै राजभण्डारीले भनेकी छन्, 'यस सङग्रहभित्रका कविताहरू तीन दशक अगाडिदेखि कनिकुथी गरी रचिएका हुन् ।' त्यसैले राजभण्डारीले आफ्नो साहित्यिक यात्राको प्रारम्भदेखि २०४५ सम्मको अवधिमा सामाजिक, सांस्कृतिक, प्राकृतिक पक्षका साथै मानवीय प्रेम, ममता तथा राष्ट्रियताका सन्दर्भमा जेजस्ता दृष्टिकोण सञ्चित गर्दै गइन् तिनै कुराहरूलाई स्वच्छन्द ढङ्गमा यस सङग्रहका कवितामा व्यक्त गरेकी छन् ।

## ४.२.२ विषयवस्तु

काव्यरचनाका लागि चयन गरिएको भाव, विचार, कथ्य वा वस्तुलाई नै विषयवस्तु भनिन्छ । कविले आफ्ना रचनामा ब्रह्माण्डका सम्पूर्ण वस्तु, मानवीय अनुभव र अनुभूति, प्राकृतिक वस्तु, धर्म संस्कार र संस्कृतिजस्ता विविध पक्षलाई ग्रहण गरेर काव्य सिर्जना गर्दछ । काव्यमा प्रयोग गरिने विषयवस्तु जति सशक्त र उपयुक्त हुन्छ, कविता त्यति नै सशक्त र जीवन्त बन्दछ । जीवनजगत्का यावत् विषयमा कविता लेख्न सकिने भएकाले कवितामा विषयगत विविधता हुन्छ । जीवनभोगाइका कममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै कविताको विषय बन्न सक्ने भएकाले विषयचयनमा कविहरू स्वतन्त्र हुन्छन् । विषयवस्तु कविता सिर्जनाको आधार भएकाले जीवनजगत्का विविध पक्षमा सत्य वा काल्पनिक परिवेश

चयन गरी कविता रचना गरिन्छ । यसैमा कविले आफ्नो जीवनदर्शन समेत समेटेको हुन्छ ।[७०]

कवियित्री रेवती राजभण्डारीका विषयवस्तुगत काव्य-प्रवृत्तिलाई केलाउँदा कवितामा विशेष गरेर सामाजिक, प्राकृतिक, सांस्कृतिक, प्रणयमूलक तथा देशभक्तिमूलक विषयवस्तु रहेका भेटिन्छन् । नेपाली समाजका विविध पक्षको अङ्कन गर्नुका साथै सामाजिक रूढि, कुप्रथा, एवम् असङ्गतिप्रति व्यङ्ग्य गरी समाजसुधारको स्वर सुसेलेको भेटिन्छ । नेपालीहरूको गरिबी, उनीहरूका विविध जीवनपद्धति, नारीका पीडा, पारिवारिक नातासम्बन्ध आदिजस्ता नेपाली समाजका विभिन्न पक्षको यथार्थमूलक र कतिपय स्थलमा व्यङ्ग्यमूलक चित्रण **खिचडी** मा सङ्कलित कविताहरूमा गरिएको पाइन्छ । यस्ता विषयवस्तुलाई उठाउने कविताहरूमा 'सुखी परिवार', 'प्रसव व्यथा', 'किसान', 'आजको ताजा खबर', 'अन्तर्राष्ट्रिय शान्ति वर्ष', 'कसिङ्गर', 'यहाँ यस्तै छ' जस्ता कविताहरू रहेका छन् ।

प्रकृतिसम्बन्धी विविध पक्षलाई समेत यसमा सङकलित कतिपय कविताहरूले आफ्नो विषय बनाउन पुगेको भेटिन्छ । कवितामा नेपाली प्रकृतिको पहाडी भूमण्डल र त्यहाँका वनस्पति, फलफूल, खोलानाला, पशुपंक्षीका विविध अवस्था, स्वरूप एवम् गतिविधिमा देखापर्ने मौसमी परिवर्तनका प्रभावको वस्तुगत मोहक चित्रण गरिएको छ । यसक्रममा प्रकृतिका हरियाली, गर्मी, वर्षा, ग्रीष्म, शिशिर तथा हेमन्तकालीन जाडो अवस्थामा देखिने फरक-फरक प्रकृतिको चित्रण यस सङ्ग्रहका कवितामा गरिएको भेटिन्छ । त्यस्तै गरेर वसन्त ऋतुमा प्रकृतिका भूमण्डल, वनस्पति मण्डल, जीवमण्डल एवम् नक्षत्रमण्डलमा जेजस्ता परिवर्तनगत दृश्य देखा पर्छन् तिनको प्रायः वस्तुपरक अङ्कन र आत्मपरक चित्रण गरिएको भेटिन्छ । प्रकृतिका यस्ता विविध पक्षको चित्रण 'वसन्त', 'घामछायाँ', 'शोध', 'भानु उदायो', 'मलाई गौरव छ नारी भएर जन्मेकोमा' जस्ता कवितामा भेटिन्छ ।

**खिचडी** कवितासङ्ग्रहका कविताहरूका विषयवस्तुगत सेरोफेरोलाई नियाल्दा संस्कृतिपरक, देशभक्तिमूलक तथा प्रणयपरक विषयलाई समेत लिएको देखिन्छ । नेपाली संस्कृति, चालचलन, रीतिरिवाज तथा धर्मसम्बन्धीका विषयहरू 'अनेकतामा एकता', 'विवाह', 'शालीग्राम', 'फूल', 'मेरो टुपी' जस्ता कवितामा रहेका देखिन्छन् । नेपाली युवाका

---

७०. वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग- ४** (ललितपुरः साझा प्रकाशन, २०५३), पृ. २० ।

जोश-जाँगर, नारी र पुरुषका हातहरू देशविकासका लागि उठ्नु पर्ने, सबै मानिस तथा देशहरूसँग भाइचाराको सम्बन्ध स्थापित गर्दै विश्वमा शान्ति छर्दै जानुपर्ने, सिर्जनशील हातहरू गाउँको विकासमा लगाउनुपर्नेजस्ता विषयहरू 'युवालाई', 'नेपाली', 'गाउँफर्क', 'न खुम्चाऔं छाती', 'सात थुँगा फूल' जस्ता कवितामा रहेका छन् । अर्कातिर प्रणयमूलक विषयवस्तुहरू पनि यस सङ्ग्रहका कवितामा रहेका छन् । उनका 'ती जोडी आँखा', 'लम्बिएको रात', 'प्रेम रोग', 'बिर्सिएको वाचा', 'सपना' जस्ता कविताहरूमा प्रणयपरक विषयवस्तु प्रयोग भएको देखिन्छ । यस्ता कवितामा आफ्ना प्रेमीलाई अँगालो हाल्न तथा म्वाइ खान मन लागेको अनि प्रेमीसँग भेटूँभेटूँ लागेको आदि प्रसङ्गहरूलाई भावुक, कोमल र मर्मस्पर्शी रूपमा चित्रण गरिएको पाइन्छ, त्यसैले अन्तर्निहित रूपमा अवस्थित सामाजिक, प्राकृतिक, प्रणयमूलक, धार्मिक र देशभक्तिमूलक विषयवस्तु **खिचडी** कवितासङ्ग्रहरूमा रहेको पाइन्छ ।

## ४.२.३ लयविधान

कविता विधाको मुख्य पहिचान लयात्मकता हो, जसबाट विशेष श्रुतिमाधुर्य प्राप्त हुन्छ । साहित्यका अरु विधाबाट कवितालाई पृथक पार्ने आधारभूत तत्त्व पनि लय नै हो । कवितामा प्रयोग गरिने सौन्दर्यपूर्ण भाषाका वर्णगत र पङ्क्तिगत एवम् अनुच्छेदगत बनोटबाटै लय उत्पन्न हुने र समृद्ध हुने गर्दछ । कविताको सौन्दर्यपूर्ण भाषाले वर्ण, शब्द, पदावली आदिका बीचबीचमा उपविराम र विराम हुँदै वाक्य, पङ्क्ति वा पाउका स्तरमा पुगी एक साङ्गीतिक लहरका रूपमा श्रुतिमाधुर्यको सिर्जना गर्दछ । कविताका श्लोक वा अनुच्छेदका बीच निश्चित वा वैकल्पिक रूपमा अन्त्यानुप्रासको र कतै-कतै आद्यानुप्रास र मध्यानुप्रासको संयोजन भई लयात्मक शैलीगत श्रुतिमाधुर्यले थप उत्कर्ष प्राप्त गर्दछ ।

कवियित्री रेवती राजभण्डारीको **खिचडी** कवितासङ्ग्रहमा सङ्कलित भएका कविताहरूलाई लयविधानका दृष्टिले केलाउँदा उनका अधिकांश कविताहरू गद्य लयढाँचामा संरचित छन् भने केही कविताहरू चाहिँ बद्ध लयअन्तर्गत रहेको लोकलय अर्थात् गीतिलयमा संरचित रहेका देखिन्छन् । राजभण्डारीका यस सङ्ग्रहका अधिकांश कविताहरूका श्लोक वा अनुच्छेदका प्रत्येक वाक्य वा पङ्क्तिहरू वर्णमात्रा वा वर्णको उन्मुक्त वितरणमा रहेका भेटिन्छन् । यस सङ्ग्रहका ८० भन्दा बढी कविता गद्य लयमा संरचित भएका देखिन्छन् । **खिचडी** का प्रायः सबै कवितामा साङ्गीतिक भाव सञ्चरणका लागि सुन्दर शब्दसंयोजनको प्रयत्न धेरै ठाउँमा गरिएको भेटिन्छ । यस सङ्ग्रहका विभिन्न कविताहरूका श्लोक

अनुच्छेदमा अन्त्यानुप्रास तथा कतैकतै मध्यानुप्रास र आद्यानुप्रासका संयोजनले लयात्मक शैलीगत श्रुतिमाधुर्य थपेका छन् । मुक्त लयमा संरचित उनका कवितामा सहज रूपमा लय, भाव र भाषाका बीचमा तादात्म्य पाइन्छ । साङ्गीतिक र सुन्दर भाषाको प्रयोगले कवितालाई सुमधुर र गेयात्मक बनाएका छन् । जस्तैः

कल्पवृक्षको रूप लिएर पृथ्वीबाट भानु उदायो
तिम्रै शीतल छायाँ पाई कैयौंको नीद खुलायो
तिमीले दिएका फलफूल खाई कैयौंको प्राण रसायो
तिमीले गाएका तीत सुनी सुकेको रुखमा पात पह्लायो
(भानु उदायो पृ.७)

तिमी आउछौ सधैं मध्य रातमा
म खोज्छु सधैं तिमीलाई दिनमा
आज त मेरो तिमीसित भेट भो
सुनेर जाऊ मेरो दुःख अति भो
दुःख दर्द सारा बाँडेर जैजाऊ ।
(आऊ बाँडी चुँडी गरौं पृ.४५)

कविताका श्लोकमा प्रत्येक पाउमा निश्चित वर्णयात्रा, मात्रा वा वर्णको नियमित वितरणमा आधारित रहने लय बद्ध हो र यसलाई ‘छन्द’ पनि भन्ने गरिन्छ । नेपाली कवितामा बद्ध लय वा छन्दका तीन उपवर्गको प्रयोग भेटिन्छन्: वर्णमात्रिक, मात्रिक र वार्णिक छन्द/लोकलय । यस आधारमा राजभण्डारीका यस सङ्ग्रहका कवितालाई केलाउँदा उनका कविताहरूमा नियोजित रूपमा बद्ध लयढाँचाको प्रयोग गरेको नभेटिए पनि बद्ध लयअन्तर्गत लोकलयको प्रयोग गरेको भने भेटिन्छ । उनका यस सङ्ग्रहका जेजती कविताहरूमा लोकलयको प्रयोग भएका छन्, तिनमा केही कविताहरूबाहेक अरूमा लोकलयको पूर्णतः पालना गरेको देखिँदैन । उनका यस सङ्ग्रहमा सोह्र अक्षेर लोकलय प्रयोग भएका केही कविताका श्लोकहरू निम्न रहेका छन् । जस्तै,

माया हो भनी अँगाल्न खोजें छाया पो परेछ
पानी हो भनी पिउन खोजें बालुवा परेछ ।

(अभाव पृ.४६)

यही मिट्टीले बन्दछ सब पशु वा मानव
रेखदेखको अभाव भए बन्दछ दानव ।

(निर्माता पृ.५१)

जो मान्छे बाँच्छ अरुको लागि त्यो मान्छे सच्चा हो
जो बाँच्छ खालि खानको लागि त्यो मान्छे कच्चा हो ।

(मान्छे सबथोक हो पृ.९२)

माथिका कविताका श्लोकमा लयढाँचामा प्रवाहमयता छ र अन्तरअनुप्रासीयता एवम् अन्त्यानुप्रासीयताको योजनाले लयविधानमा साङ्गीतिक तरङ्ग पैदा गरेको देखिन्छ ।

## ४.२.४ उक्तिढाँचा

कविता जीवनजगत्का कुनै विषयविशेषकै भाषिक लयात्मक कथन वा उक्ति हो । त्यसैले कथनपद्धति वा उक्तिढाँचा पनि कविताको एक महत्त्वपूर्ण तत्त्व हो । साहित्यिक कृतिका सन्दर्भमा उक्तिढाँचा भन्नाले सो कृतिको मुख्य कथ्यको प्रस्तुतिका निम्ति सुरुदेखि मध्य हुँदै अन्त्यसम्म बनाइएको योजना र सो योजनालाई कार्यान्वयन गर्ने वक्ताका बिन्दु वा कोणका ढाँचाहरूको प्रयोग समेत भन्ने बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने कुनै पनि साहित्यिक कृतिको कथन वर्णनको सम्पूर्ण संरचना उक्तिढाँचा हो ।

रेवती राजभण्डारीको खिचडी कवितासङ्ग्रहमा सङ्कलित भएका कविताहरूलाई उक्तिढाँचाका दृष्टिले हेर्दा सो सङ्ग्रहमा सङ्कलित कविताहरूको आद्यान्त उक्ति कथन कवियत्री राजभण्डारीदद्वारा नै गरिएको भए पनि कृतिगत रूपमा चाहिँ त्यहाँ कहीँ प्रथम पुरुष एकवचन ‘म’ का कोणबाट गरिएको कथन, कहीँ प्रथम पुरुष बहुवचन ‘हामी’ का कोणबाट गरिएको कथन, कहीँ कविद्वारा खडा गरिएका तृतीय पुरुष एकवचन पात्रका कोणबाट गरिएको कथन र कहीँ कवि स्वयम्द्वारा गरिएको टिप्पणीव्याख्या र वर्णनात्मक

कथनका थरीथरी प्रयोगहरू भएका भेटिन्छन् । कथनका यी सम्पूर्ण प्रयोगहरूलाई दृष्टिगत गरी साहित्यशास्त्रमा प्रचलित शब्दावलीद्वारा भन्दा प्रस्तुत सङ्ग्रहका कवितामा कविनिबद्धवक्तृपौढोक्तिका साथै कविप्रौढोक्तिका दुवै थरी उक्तिढाँचाको प्रयोग भेटिनुका साथै केही कवितामा नाट्योक्तिको प्रयोगसमेत भेटिन्छ । प्रस्तुत सङ्ग्रहमा सङ्कलित भएका 'नेपाली जनता', 'भानु उदायो', 'विवाह', 'सारीको महिमा', 'शालिग्राम', 'मुक्तिको पथ', 'कसिङ्गर', 'नयाँ वर्ष', 'खिचडी' जस्ता कवितामा कविनिबद्धवक्तृपौढोक्ति, 'प्रार्थना', 'नखुम्चाऔं छाती', 'अपर्ण', 'मसँग साँचो छैन', 'बिदा' जस्ता कवितामा कविप्रौढोक्ति तथा 'जोईपोइको संवाद', 'जाबो एउटा एक', 'सप्त मुक्तक' जस्ता कवितामा नाट्योक्तिको प्रयोग भेटिन्छ ।

## ४.२.५ संरचना

कुनै पनि वस्तुको निर्माणात्मक तत्त्वहरूको पारस्पारिक सम्बन्धको समष्टिलाई संरचना भनिन्छ । साहित्यिक कृतिलाई आकृति प्रदान गर्ने सम्पूर्ण अवयवहरूको योग संरचना हो ।[७१] बाह्य संरचनाले कवितामा हरफ, पाउ वा सर्ग र लयविधानलाई बुझाउँछ भने आन्तरिक संरचनाले चाहिँ कविताको कथन पद्धति, भावविधान र छन्द ढाँचाभित्रको अन्तलयलाई समेत बुझाउँछ । आन्तरिक संरचना भावविचारको उठान र रागात्मक अभिव्यक्तिसँग सम्बन्धित भएकाले यसले भाषाशैली, भावविचार र रूपतत्त्वलाई गतिमय बनाउँछ । कविताको संरचना भन्नाले एउटा साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । प्रत्येक कृतिको संरचना आफ्नो हुन्छ, यो विना कृति निर्माण हुन सक्तैन । संरचना कविको निजी विशेषता भएकाले यो प्रत्येक कविपिच्छे फरक हुन्छ ।[७२]

कवयित्री रेवती राजभण्डारीका यस सङ्ग्रहका कवितालाई बाह्य संरचनाका दृष्टिले हेर्दा उनले न्यूनतम दुई पङ्क्तिका कवितादेखि ७४ पङ्क्तिसम्मका कविता रचना गरेको देखिन्छ । यस सङ्ग्रहमा संरचितमध्ये सबैभन्दा सानो पूर्ण कविता 'मान्छे सबथोक हो' हो जुन आठ हरफमा संरचित छ भने सबैभन्दा लामो कविता 'अन्तर्राष्ट्रिय शान्तिवर्ष' हो, जुन ७४ हरफसम्म विस्तारित रहेको छ । संरचनाका दृष्टिले सबैभन्दा साना आकारका 'मान्छे सबथोक हो', 'आरती', 'निर्णय', 'सान्तवना', 'हाम्रो नेपाल', 'निर्माता', 'टाँसिएको चित्र'

---

[७१]. खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कविता** (काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०५४), पृ. ४ ।

[७२]. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १८ ।

जस्ता कविता रहेका छन् भने 'अन्तर्राष्ट्रिय शान्तिवर्ष' 'अवसर' 'भुइँचालोको धक्का', 'मेरो सानो झ्यालबाट' जस्ता कविताहरू ठूला आकारका रहेका छन् । राजभण्डारीका अधिकांश कविताहरू साना आकारकै रहेका देखिन्छन् । यस सङ्ग्रहका कविताका प्रत्येक हरफहरू प्रायः समान आकारका देखिंदैनन् । एउटै कवितामा पनि केही समान आकारका पङ्क्ति पाइन्छन् भने केही पङ्क्तिहरूमा थोरै शब्द अर्थात् एक शब्दसम्मको प्रयोग पनि भेटिन्छ । उनका प्रणयमूलक, देशभक्तिमूलकजस्ता कविताहरू अन्त्यानुप्रास र अन्तरअनुप्रासीय संयोजनले लयात्मक बन्न पुगेका देखिन्छन् । राजभण्डारीले कवितात्मक अनुभूतिलाई प्रायः सुगठित र व्यवस्थित बनाई कविताहरू रचेकी छन् ।

## ४.२.६ विम्बालङ्कार विधान

कवितामा कथन गरिएको मुख्य भावविचार कै सहचर छायाँजस्तो भई आउने अर्को अर्थलाई विम्ब भनिन्छ । जीवनजगत्का विभिन्न क्षेत्रबाटै उपयुक्त सामग्रीको चयन गरी कवितामा विम्बालङ्कार विधानको तर्जुमा गरिएको हुन्छ । कवितामा दुई थरी विम्बको विधान भेटिन सक्छः (क) कृतिव्यापी विम्ब र (ख) स्थानीय विम्ब । कृतिव्यापी विम्ब व्यन्जनात्मक किसिमको हुन्छ भने स्थानीय विम्बचाहिँ कृतिका त्यस ठाँउमा भावको सौन्दर्य बढाउने खालको हुन्छ । उच्च कोटिका कविता रचना गर्न विम्बालङ्कारको सन्तुलित प्रयोग गर्नुपर्दछ । विम्बालङ्कारका प्रयोगले कवितामा कलात्मक सौन्दर्य थप्ने काम गर्दछ ।[७३]

विम्बालङ्कारका दृष्टिले प्रस्तुत **खिचडी** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा विभिन्न स्रोतका विम्बसन्दर्भहरूको रमणीय र विचित्रतापूर्ण प्रयोग पाइनाका साथै विभिन्न अर्थालङ्कारहरूको पनि सौन्दर्यपूर्ण प्रयोग भेटिन्छ । समाज, प्रकृति, धर्म संस्कृति, पुराण आदिका विभिन्न विम्ब एवम् सन्दर्भको रमणीय प्रयोग भेटिन्छ । प्रस्तुत सङ्ग्रहका कविताहरूमा 'बिजुली', 'बादल', 'घाम', 'आँधीबेरी', 'वर्षा', 'पवन', 'हिउँ', 'महासागर' आदि वायुमण्डलीय स्रोतका, 'भानु', 'ध्रुवतारा', 'ज्योति' जस्ता नक्षत्रमण्डलीय स्रोतका, 'गुलाफ', 'श्रीखण्ड', 'लालीगुराँस' आदि वनस्पति स्रोतका, 'सिंह', 'सर्प' आदि प्राणीजगत्स्रोतका, 'बालुवा', 'माटो', 'वन', 'ढुङ्गा' आदि भूमण्डलीय स्रोतका अनेक विम्बहरूको सहज स्वाभाविक प्रयोग भेटिन्छ । त्यसैगरी 'सावित्री', 'सीता', 'ब्रह्मा', 'विष्णु', 'शङ्कर' आदि

---

[७३]. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १८ ।

पुराकथात्मक विम्बहरूका साथै ज्ञानविज्ञानगत अन्य स्रोतका कतिपय विम्बहरू पनि प्रस्तुत सङ्ग्रहका कवितामा भेटिन्छन् ।

यस्ता विम्बहरूको प्रयोगबाट प्रस्तुत सङ्ग्रहका कवितामा रूपक, उपमा, उत्प्रेक्षा, अतिशयोक्ति, स्वभावोक्ति, सन्देह, विरोधाभास आदि अनेक अर्थालङ्कारको सौन्दर्य स्वाभाविक र सहज रूपमै प्रसारित भएको देखिन्छ । ठाउँ-ठाउँमा गरिएको नेपाली टुक्का तथा उखान र कवितात्मक सूक्तिको लक्षणगम्य प्रयोगबाट पनि यस सङ्ग्रहका कवितामा आलङ्कारिक शिल्पसौन्दर्य बढ्न पुगेको देखिन्छ ।

## ४.२.७ भाषाशैली

साहित्य एक भाषिक कला हो र यसलाई भाषिक माध्यम अँगाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ, त्यसैले साहित्यकै एक लयात्मक विधास्वरूप कविता पर्ने भएकाले पनि भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ । कविताको भाषाशैली भनेको जुन अर्थको कथन कुनै कविताकृतिले गर्नुछ, त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड र वाक्य तथा अनुच्छेदविधानसमेतबाट सिर्जित हुने कुरा हो ।[७४] भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ, मुक्त लयमा लेखिएका कविता आन्तरिक संरचनामा लयात्मक हुन्छन भने बद्ध लयमा लेखिएका कवितामा बाह्यान्तरिक संरचना नै लयात्मक हुन्छ । भाषाशैलीले विषयवस्तु र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन विशेष भूमिका खेलेको हुन्छ ।

कवयित्री राजभण्डारीले प्रस्तुत **खिचडी** कवितासङ्ग्रहमा प्रयोग गरेको भाषा क्लिष्ट, दुरुह र असम्प्रेष्य किसिमको देखिँदैन । उनका कवितामा प्रयुक्त भाषाशैली सरल, सरस र सुबोध नै देखिन्छ । उनका कवितामा प्रयुक्त भाषा लाक्षणिक र व्यञ्जनात्मक कम अनि अभिधात्मक बढी पाइन्छ । राजभण्डारीका कवितामा प्रयोग भएको भाषा सरल भईकन पनि मार्मिक हुनु उनको भाषाशैलीगत वैशिष्ट्य मान्न सकिन्छ । भावानुकूल भाषाशैलीको प्रयोग उनका कवितामा पाइन्छ । वर्णनमूलक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक, सम्बोधनात्मक आदि शैलीको अनुसरण उनले गरेकी छन् भने कतै-कतै वर्णविन्यासगत त्रुटि र पदक्रमको विचलन भएको पनि पाइन्छ ।

---

[७४]. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. ६६ ।

कवयित्री राजभण्डारीले यस सङ्ग्रहका कविताहरूमा तत्सम, तद्भव र आगन्तुक गरी तीनै खालका शब्दहरूको प्रयोग गरेकी छन् । त्यसैगरी झर्रा शब्द र अनुकरणात्मक शब्दहरूको प्रयोग पनि प्रशस्तै गरेको भेटिन्छ । उनका यस सङ्ग्रहमा प्रयोग भएका तत्सम् शब्दहरूको उदाहरणमा 'प्रार्थना', 'दुःख', 'पवन', 'बादल', 'आशा', 'सूर्य', 'शीतल', 'ग्रीष्म', 'मानव', 'शून्य', 'विवेक', 'शिर', 'किरण', 'पाषाण', 'अमृत', 'शिशिर', 'तारा' आदि पर्दछन् भने 'डटेर', 'डाँडा', 'छाया', 'पोख्दै', 'बोक्दै', 'गाँठो' जस्ता तद्भव शब्दहरूको पनि परिवेशअनुकूल प्रयोग गरिएको छ । त्यसैगरी 'मुस्किल', 'इज्जत', 'कैंची', 'दोस्ती', 'दर्द', 'डार्लिङ', 'इन्जिन' आदि आगन्तुक शब्दहरूको प्रयोग पनि भेटिन्छ । राजभण्डारीका यस सङ्ग्रहका कविताहरूमा प्रशस्त मात्रामा अनुकरणात्मक शब्दहरूको प्रयोग भएको पाइन्छ । उनका कविताहरूभित्र प्रयोग गरिएका अनुकरणात्मक शब्दहरूमा 'थपक्क', 'ठिङ्ग', 'छमछम', 'झपक्क', 'टुलुटुलु', 'चसक्क', 'घुटुक्क', 'सुटुक्क', 'टपटप', 'मुसुक्क', 'चटक्क', 'मुसुमुसु' आदि आदि रहेका छन् । विविध स्रोत र सन्दर्भका शब्दहरूको अन्त्यानुप्रास र अर्न्तअनुप्रासीय प्रयोगले उनका कविता भाषिक सौन्दर्यको सिर्जना गरेको पाइन्छ । कवयित्री राजभण्डारीका कवितामा तीनै पुरुषको सम्मिश्रण गरिएर लेखिएका छन् । यसरी विविध मूलका शब्दहरूको प्रयोग गरेर वर्णनात्मक, प्रश्नार्थक, विश्लेषणात्मक र व्यङ्ग्यात्मक भाषाशैलीको समुचित प्रयोग यस सङ्ग्रहका कवितामा भएको स्पष्टै देखिन्छ ।

## ४.२.८ भाव र विचार

कवयित्री राजभण्डारी सामाजिक यथार्थवादी नारीप्रतिभा हुन् । **खिचडी** कवितासङ्ग्रहका कविताहरूमा मानवीय मनका विविध भावहरू उत्पन्न भएका छन् । यसमा मानिसका तृष्णा र आशा, भय र त्रास, पीडा र वेदना, उल्लास र उमङ्ग, मृत्यु र वियोग, वाध्यता र विवशता, सेवा र सङ्घर्ष, राष्ट्रप्रेम र मानवताजस्ता अनेकथरी भावहरू अभिव्यक्त भएका छन् । समाजमा रहेका असहाय, दुःखी, गरिबप्रति सहानुभूति र अभिजातवर्गका विकृत अहम्प्रति कटु व्यङ्ग्य र रोष प्रकट गरिएको छ । नेपाली धर्म, संस्कृति, रीतिरिवाजका राम्रा पक्षहरूप्रति सकारात्मक धारणा अभिव्यक्त भएको छ भने तिनमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यभाव प्रकट गरिएको छ । मानवीय स्वतन्त्रता, समानता, भ्रातृत्व-भगिनीत्व र वीरताप्रति अगाध आस्था प्रकट गरिएको छ । नेपाल राष्ट्रको चौतर्फी विकासका लागि सम्पूर्ण नेपाली युवाहरूलाई एउटै भावना र विचार लिएर राष्ट्रनिर्माणमा जुट्नुपर्छ भन्ने प्रखर राष्ट्रवादी विचार 'गाउँफर्क', 'नेपाली', 'युवालाई',

'नखुम्चाऔं छाती' जस्ता कविताहरूमा सशक्त ढङ्गले अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका कवितामा प्रणयमूलक भावहरू प्रेमी र प्रेमिका बीच हुने विभिन्न रतिरागात्मक कियाकलापहरूबाट प्रकट भएका छन् । यस्ता भावहरू 'लम्बिएको रात', 'विर्सिएको वाचा', 'प्रेमरोग', 'ती जोडी आँखा' जस्ता कविताहरूमा सशक्त ढङ्गले प्रकट भएका छन् । सामाजिक अन्याय र आर्थिक शोषण एवम् असमानताको खाडलबाट उम्कने र जीवनमूल्यका लागि विदेशिने नेपालीहरूको विवशता र उनीहरूले त्यहाँ प्राप्त गर्ने दुःख, पीडा, कष्ट अनि प्राप्त गर्ने गरेको कारुणिक अवस्थालाई उठाउँद आफ्नै देशमा परिश्रम गरी देशको सेवा गर्नुपर्दछ भन्ने दृष्टिकोण पनि अभिव्यक्त भएको छ । यिनै सामाजिक भावभित्र अन्तर्निहित देशभक्तिमूलक, प्रणयमूलक भावहरू प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रमुख रूपमा अभिव्यन्जित भएका छन् ।

## ४.३ भिजेको तकिया शोककवितासङ्ग्रहको विश्लेषण

**भिजेको तकिया** शोककवितासङ्ग्रह रेवती राजभण्डारीको कान्छो प्रकाशित कवितासङ्ग्रह हो । प्रस्तुत कृति वि.सं. २०४८ मा नेपाल नारी साहित्य सेवा केन्द्रबाट सोह्र पेजको फर्मा (डवल काउन आकार) मा प्रकाशित भएको छ । प्रस्तुत सङ्ग्रहभित्र जम्मा बयालीसवटा कविताहरू सङ्कलित रहेका देखिन्छन् । यस सङ्ग्रहभित्र सङ्कलित कविताहरू प्रायः मुक्तलय ढाँचामा संरचित छन् भने केही कविताहरू भने नेपाली लोकजीवनमा लोकलयका रूपमा प्रचलित रहेको सोह्र अक्षरे झ्याउरे लयमा संरचित देखिए पनि यसलाई पूर्णतः पालना गरेको देखिंदैन । यहाँ चाहि खास गरी साहित्यिक कविताकृतिको विश्लेषणका क्रममा उपयोग गरिने कृतिगत सन्दर्भ, विषयवस्तु, छन्दविधान, उक्तिढाँचा, संरचना, विम्बालङ्कार, भाषाशैली, भाव र विचारजस्ता तात्त्विक कोणहरूबाट उक्त कवितासङ्ग्रहको सङ्क्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ कृतिगत सन्दर्भ

कुनै आत्मीय वा प्रिय जनको निधनमा शोकभाव व्यक्त गरी रचिने रचना नै शोककविता हो । आत्मीय वा प्रिय जनका मृत्युको घटनामा आधारित सूक्ष्माख्यानको प्रयोग

गरी शोकभावद्वारा समस्त श्लोकहरूलाई अन्वित तुल्याई प्रबन्धन प्रदान गरिने शोककविता भावको विस्तार र व्यवस्थापनका दृष्टिले खण्डकाव्यसँग मिल्दोजुल्दो ठहरिन्छ ।[७५]

रेवती राजभण्डारीका पति लक्ष्मणमान राजभण्डारीको क्यान्सर रोगका कारण हुन गएको असामयिक निधनले अत्यन्त व्यथित भएर उनले **भिजेको तकिया** शोककवितासङ्ग्रह रचना गरेको देखिन्छ । जम्मा चार दशकका महत्त्वपूर्ण घटनालाई कोट्याएर एक वर्षभित्रका पीडा, दुःख, सम्झना, यथार्थता, बाध्यता र विवशताका विविध सन्दर्भहरूलाई ४२ वटा कविताहरूमा समावेश गरी प्रस्तुत **भिजेको तकिया** शोककवितासङ्ग्रह अगाडि आएको देखिन्छ । प्रौढ र शालीन् व्यक्तित्वकी धनी रेवती राजभण्डारीमाथि पर्न गएको वैधव्यको कडा प्रहारले आफ्ना मनमा पारेको गम्भीर चोटलाई यस सङ्ग्रहका कवितामा पोखेकी छन् । नारीको जीवनमा पतिको मृत्यु जस्तो जति दुःखदायी र अपूरणीय क्षति अरु केही हुँदैन, त्यही त्रासदीबाट कविता जन्माएर रेवतीले आत्मपीडाको सामान्यीकरण र कवित्व क्षमताको परिचय पनि दिएकी छन् । पतिको वियोगले छट्पटाएर कलम उठाएकी राजभण्डारीले नयाँ र पुराना सम्झना र घटनाबाट आफूमा परेको प्रभावका तीता र मीठा कुराहरू प्रस्तुत गरेकी छन् । पतिको साथमा बिताएका अन्तिम घटना र क्षणबाट प्रारम्भ भएको यस कवितासङ्ग्रहभित्र उनका पतिको मृत्यु र मृत्युउत्तरका संस्मरण नै यस सङ्ग्रहको कृतिगत सन्दर्भ रहेको प्रष्टै देखिन्छ ।

### ४.३.२ विषयवस्तु

कवयित्री रेवती राजभण्डारीको **भिजेको तकिया** शोककवितासङ्ग्रहमा सङ्कलित कविताहरूलाई विषयवस्तुका दृष्टिले केलाउँदा यसमा मुख्य गरेर लेखिका स्वयम्माथि पर्न गएको वैधव्यको कडा प्रहारलाई प्रमुख विषयका रूपमा उठाएको देखिन्छ । रेवतीका पति लक्ष्मणमान राजभण्डारीको क्यान्सर रोगका कारण हुन गएको असामयिक निधनमा लेखिकाले व्यहोर्नु परेको आँसु, विरह, वेदना एवम् पूर्वस्मृतिका यथार्थ गाथाहरूलाई समेटी करुणामय रूपमा यस सङ्ग्रहमा व्यक्त गरिएको छ । पतिको वियोगपछि उत्पन्न भएको शोक, विरह, वेदना तथा शून्यताबोधयुक्त परिस्थितिलाई निकै मार्मिक रूपमा यसमा विषयवस्तु बनाइएको छ । प्रस्तुत सङ्ग्रहका कविताहरूले एउटी नारीको वैयक्तिक जीवनमा आइपरेको गम्भीर विषयलाई कोट्याएको देखिए पनि गहिरिएर विचार गर्दा यसमा सम्पूर्ण

---

[७५]. महादेव अवस्थी, आधुनिक **नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**,(काठमाडौँ: इन्टेलेक्चयुअल्ज बुक प्यालेस, २०६४), पृ. ४४ ।

नारीहरूका कथा, व्यथा, इच्छा, आकाङ्क्षा आदिलाई उठाई पतिको विछोडमा उनीहरूका मनमा उत्पन्न हुने वेदना, विरह, आँसु, रोदनको अभिव्यक्ति यसमा भएकाले पनि यस सङ्ग्रहको विषयवस्तु निकै फराकिलो हुन पुगेको देखिन्छ । निश्चय नै रेवती राजभण्डारीले पतिको असामयिक निधनमा गहिरो चोटको अनुभूति गरिन् अनि आफ्ना इच्छा, आकाङ्क्षा, चाहना, पीडा, व्यथालाई भोगेर जीवनलाई सङ्घर्षका रूपमा लिंदै अगाडि बढिन् । यस्तो परिस्थितिको सामना रेवतीले मात्र गर्ने कुरा नभएर सम्पूर्ण नारीले गर्ने हुँदा पनि यसको विषयवस्तु फराकिलो रहेको छ भन्न सकिन्छ, तर पनि प्रस्तुत शोककवितासङ्ग्रह पूर्णतः रेवतीका आफ्नै प्रिय पतिको असामयिक निधनमा केन्द्रित भएकाले यसले लेखिका स्वयम्को संवेदनशीलतालाई प्रमुख विषयका रूपमा उठाएको देखिन्छ । मर्नेको निम्ति मृत्यु एउटा स्वाभाविक घटनामात्र हुन्छ, बाँच्नेका लागि यो नै असह्य प्रहारको अनुभूति हुन्छ । यस्तै प्रहारको अनुभूति रेवतीले प्रस्तुत सङ्ग्रहका कवितामा गरेको देखिन्छ ।

समग्रमा तिनै संवेदनशील लेखिका रेवती राजभण्डारीले आफ्ना पतिको असामयिक निधनमा जेजस्ता दुःख, पीडा, त्रासदी, विवशता, बाध्यता आदिको अनुभव र अनुमूति गरिन् तिनै विषयवस्तुलाई सूक्ष्माख्यानसहित प्रस्तुत सङ्ग्रहका कवितामा व्यक्त गरेको देखिन्छ ।

### ४.३.३ लयविधान

साहित्यका अरु विधाबाट कवितालाई फरक पार्ने आधारभूत तत्त्व लय हो । लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । रेवती राजभण्डारीको यस सङ्ग्रहका धेरै जसो कविताहरू मुक्तलयमा संरचित रहेका देखिन्छन् भने केही कविताहरू चाहिँ बद्ध लयअन्तर्गत रहेको लोकलयमा तथा गीतिलयमा समेत संरचित रहेका देखिन्छन् । मुक्त लयमा संरचित उनका कविताहरूमा लय, भाव र भाषाका बीचमा सहज किसिमको तादाम्य पाइन्छ । साङ्गीतिक र सुन्दर भाषाको प्रयोगले कवितालाई सुमधुर र गेयात्मक बनाइएको छ । राजभण्डारीका यस सङ्ग्रहका अधिकांश कविताहरूभित्र श्लोक वा अनुच्छेदका प्रत्येक वाक्य वा पङ्क्तिमा वर्णमात्रा वा मात्रा वा वर्णको उन्मुक्त वितरण रहेको भेटिन्छ । **भिजेको तकिया** कवितासङ्ग्रहका प्रायः सबै कवितामा साङ्गीतिक भाव सञ्चरणका लागि सुन्दर शब्द संयोजनको प्रयत्न धेरै ठाउँमा गरिएको भेटिन्छ । यस सङ्ग्रहका विभिन्न श्लोक तथा अनुच्छेदमा अन्त्यानुप्रासीयता र अन्य विविध अनुप्रास प्रयोग भएकाले लयात्मक शैलीगत श्रुतिमाधुर्य थपेका छन् । जस्तैः

सम्झें सम्झें जस्तै लाग्छ बितेका ती कुरा
जोडें जोडें जस्तै लाग्छ टुटेका ती चुरा
गढें गढें जस्तै लाग्छ तनभित्र छुरा
बिझे बिझे जस्तै लाग्छ मनभित्र कुरा
(तिम्रो छायाँ देख्दा पृ. ४४)

कसरी बिर्सौं म तिमी नभए पनि
तिमीसँग बिताएका ती दिनहरू
कसरी मेटौं म तिमी गए पनि
तिमीले छोडेका ती पाइलाहरू
(अठोट पृ. २६)

माथिका कविताका श्लोकमा लयढाँचामा प्रवाहमयता छ र अन्तरअनुप्रासीयता एवम् अन्त्यानुप्रासीयताको योजनाले लयविधानमा साङ्गीतिक तरङ्गहरू पैदा भई श्रुतिमाधुर्य थपिएको छ ।

रेवती राजभण्डारीका यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा शास्त्रीय छन्दशास्त्रको नियमलाई नियोजित रूपमा पालना गरेको देखिँदैन, तर पनि राजभण्डारीका केही कवितामा नेपाली लोकलयमा प्रचलित रहेको झ्याउरे लयको प्रयोगलाई आत्मसात गरेको देखिए पनि यसलाई पूर्णतः पालना गरेको भने देखिँदैन । प्रस्तुत सङ्ग्रहका कवितामा बद्ध लयअन्तर्गत रहेको लोकलयको प्रयोग गर्न खोजिएको देखिए पनि तिनमा अक्षर संरचना भङ्ग हुन पुगेको देखिन्छ, किनभने नेपाली लोकलय एउटा निश्चित अक्षर संरचनामा आधारित रहेको हुन्छ । राजभण्डारीका यस सङ्ग्रहका कवितामा प्रयोग भएको लोकलयको उदाहरणका रूपमा केही श्लोकहरू,

दिउँसो भने ओभानो हुन्छ यो मेरो तकिया
रातमा जव विश्राम गर्छु भिज्दछ तकिया
जव म पसें बिरानो देश आशमा डुबेर
भुइमा खस्यो आशाको बिर्को मबाट छुटेर
(भिजेको तकिया पृ. ३५)

मैले हाँस्न भुलिदिएँ तिमी गईदिँदा
मेरो बाँच्ने आशा मऱ्यो तिमी रित्तीदिँदा ।

(कर्मको फल पृ. ५०)

माथिका कविताका श्लोकमा बद्ध लयअन्तर्गत रहेको नेपाली झ्याउरे छन्दको प्रयोग गरेको देखिन्छ । यी श्लोकलाई क्रमशः १६ अक्षरे र १४ अक्षरे संरचना भएको झ्याउरे छन्दको प्रयोगले श्रुतिमाधुर्य बनाएका छन् ।

## ४.३.४ उक्तिढाँचा

रेवती राजभण्डारीको प्रस्तुत **भिजेको तकिया** शोककवितासङ्ग्रहमा सङ्कलित कविताहरूलाई उक्तिढाँचाका दृष्टिले हेर्दा सो सङ्ग्रहमा सङ्कलित कविताहरूको आध्यान्त उक्ति/कथन कवयित्री राजभण्डारीद्वारा नै गरिएको देखिन्छ । आफ्ना प्रिय पतिको असामयिक निधनमा कवयित्रीले जेजस्ता अनुभव र अनुभूति प्राप्त गरिन् तिनलाई यथार्थ ढङ्गमा यस सङ्ग्रहका कवितामा व्यक्त गरेको देखिन्छ । कृतिगत रूपमा चाहिँ यहाँ कहीँ प्रथम पुरुष एक वचन 'म' का कोणबाट गरिएको कथन, कहीँ प्रथम पुरुष बहुवचन 'हामी'का कोणबाट गरिएको कथन, कहीँ द्वितीय पुरुष 'तिमी' का कोणबाट गरिएको कथन, कहीँ कविद्वारा खडा गरिएको तृतीय पुरुष 'उनी' का कोणबाट गरिएको कथन र कहीँ कवि स्वयम्द्वारा गरिएको टिप्पणी व्याख्या र वर्णनात्मक कथनका थरीथरी प्रयोगहरू भएका भेटिन्छ । कथनका यी सम्पूर्ण प्रयोगहरूलाई दृष्टिगत गरी हेर्दा यस सङ्ग्रहका कवितामा प्रायः कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोगको बाहुल्य देखिन्छ । 'हाम्रो अन्तिम वार्ता', 'प्रेरणाको मुहान', 'हाम्रो पहिलो वार्ता', 'संकेत', 'सपना', 'मेरो घाउ', 'म बाँचिरहेछु', 'भिजेको तकिया', 'अठोट' आदि कवितामा कविप्रौढोक्तिका ढङ्गहरूको उपयुक्त र मनोहर संयोजन भेटिन्छ । प्रस्तुत सङ्ग्रहका केही कविताका बीचबीचमा कविनिबद्धवक्तृप्रौढोक्ति र नाट्योक्तिको मिश्रित प्रयोग पनि भेटिन्छ ।

## ४.३.५ संरचना

रेवती राजभण्डारीको प्रस्तुत **भिजेको तकिया** शोककवितासङ्ग्रहमा सङ्कलित कविताहरूलाई संरचनाविधानका दृष्टिले हेर्दा यसमा न्यूनतम दुई पङ्क्तिदेखि अधिकतम बयासी पङ्क्तिसम्मको आयोजनामा कविता रचना गरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा

सबैभन्दा सानो आकारको कविता ‘यातना’ शीर्षकको रहेको देखिन्छ, जुन १२ पङ्क्तिमा संरचित रहेको छ भने सबैभन्दा लामो कविता ‘हाम्रो पहिलो वार्ता’ शीर्षकको कविता रहेको देखिन्छ जुन ८२ पङ्क्तिमा संरचित रहेको छ । यस सङ्ग्रहका कवितामध्ये ‘उनको सपना मेरो विपना’, ‘विदाइ’, ‘उनीसँग विताएका ती दुई महिना’, ‘मेरो निद्रा तिमी कता गयौ ?’ जस्ता कविताले लामो आकारका कविताका रूपमा प्रतिनिधित्व गरेका छन् भने ‘आँसुको मूल्य’, ‘कर्मको फल’, ‘प्रेरणाको मुहान’ जस्ता कविताले सानो आकारका कविताका रूपमा प्रतिनिधित्व गरेका छन् । यस सङ्ग्रहका प्रायः कविताहरू मध्यम आकारका रहेका छन् । प्रस्तुत सङ्ग्रहका अधिकांश कविताहरू गद्य लयढाँचामा संरचित रहेकाले यिनका पङ्क्ति, शब्द, वर्ण, अनुच्छेदको वितरण र योजनामा कुनै शृङ्खला र एकरूपता पाइँदैन । उनका यस सङ्ग्रहभित्र बद्ध लयअन्तर्गत रहेको लोकलयमा संरचित कवितामा अन्त्यानुप्रास र अन्तरअनुप्रासीय संयोजनले श्रुतिमाधुर्य थपेका छन् ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित कविताहरूमा कवयित्री स्वयम्को जीवनसँग सम्बन्धित घटनाको अनुभव र अनुभूतिको अभिव्यक्ति यथार्थपरक ढङ्गमा भएको छ । अभ्यास कालमा लेखिएको कविताहरूको सँगालो **खिचडी** कवितासङ्ग्रहका कवितामा संरचनागत परिपुष्टता कम पाइए पनि काव्ययात्राको गतिसँगै संरचनागत परिपुष्टता र सुगठितता यस सङ्ग्रहका कविताले लिन पुगेको देखिन्छ ।

आफ्नै प्रिय पतिसँग बिताएका क्षणहरू र उनको असामयिक निधनले पुऱ्याएको गम्भीर अनुभूतिहरूलाई कवितात्मक रूपमा अभिव्यक्त गर्न सक्नु कवयित्री राजभण्डारीको संरचनागत वैशिष्ठ्य देखिन्छ ।

## ४.३.६ विम्बालङ्कार विधान

कुनै कृतिका मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत अर्थ विम्ब हो । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट विम्बविधान हुन सक्छ र अर्थालङ्कारहरू विम्बविधानकै उपकम हुन् । विम्बालङ्कारको प्रयोगले कविता सशक्त र भावप्रबल बन्दछ ।

विम्बालङ्कारयोजनका दृष्टिले प्रस्तुत **भिजेको तकिया** शोककवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा विभिन्न स्रोतका विम्ब सन्दर्भहरूको रमणीय र विचित्रतापूर्ण प्रयोग पाइनुका साथै विविध अर्थालङ्कारहरूको पनि सौन्दर्यपूर्ण प्रयोग पाइन्छ । यस सङ्ग्रहमा

विशेष गरेर प्रकृति, समाज, धर्म, संस्कृति तथा पुराण आदिका विभिन्न विम्ब एवम् सन्दर्भको रमणीय प्रयोग भेटिन्छ । प्रस्तुत कवितासङ्ग्रहमा 'बिजुली', 'बादल', 'आकाश', 'शीत', 'वर्षा', 'हुरी', 'घनघोर', 'बतास' आदि वायुमण्डलीय स्रोतका, 'सूर्य', 'तारा', 'किरण', 'चन्द्र', 'प्रकाश' जस्ता नक्षत्रमण्डलीय स्रोतका, 'गुलाब', 'लता' आदि वनस्पतिस्रोतका, 'कुकुर', 'माकुरा' आदि प्राणीजगत्को स्रोतका, 'ढुङ्गा', 'माटो', 'बालुवा', 'वन' आदि भूमण्डलीय स्रोतका अनेक विम्बहरूको सहज स्वाभाविक प्रयोग भेटिन्छ । त्यसैगरी 'लक्ष्मी', 'साधु', 'द्रोणाचार्य' जस्ता पुराकथात्मक विम्बहरूका साथै अन्य विविध स्रोतका कतिपय विम्बहरू पनि यिनमा भेटिन्छन् । यस्ता विम्बहरूको प्रयोगबाट प्रस्तुत सङ्ग्रहका कवितामा रूपक, उपमा, उत्प्रेक्षा, अतिशयोक्ति, स्वभावोक्ति, सन्देह आदि अनेक अर्थालङ्कारको सौन्दर्य स्वाभाविक र सहजरूपमै प्रसारित भएको देखिन्छ ।

### ४.३.७ भाषाशैली

प्रस्तुत **भिजेको तकिया** कवितासङ्ग्रहमा कवयित्री रेवती राजभण्डारीले सुकुमार सुकोमल र सरस, मधुर भाषाशैली प्रयोग गरेकी छन् । यसमा प्रयुक्त भाषाको वर्णयोजनका तहमा अनुप्रासीय शैलीगत सौन्दर्य व्याप्त नै रहेको देखिन्छ । प्रस्तुत सङ्ग्रहका कवितामा तत्सम, तद्भव तथा आगन्तुक स्रोतका शब्दको सान्दर्भिक उपयुक्त प्रयोगले यसको भाषाशैलीलाई काव्यात्मक रम्यतायुक्त तुल्याएको छ । यसमा गरिएको ज्यादाजसो छोटा छरिता शब्दको प्रयोगले भाषालाई सरल र शैलीलाई सरस बनाइएको छ भने यसभित्र ठाउँठाउँमा गरिएको समासयुक्त एवम् अनुकरणात्मक शब्दको प्रयोगले यसको कवितात्मक शैलीमा खँदिलोपन र साङ्गीतिकता थपेको देखिन्छ । उनका यस सङ्ग्रहका कवितामा प्रयुक्त भाषामा लाक्षणिकता र व्यञ्जनात्मकता कम अनि अभिधात्मकता बढी पाइन्छ । भावानुकूल भाषाशैलीको प्रयोग उनका कवितामा पाइन्छ । प्रस्तुत सङ्ग्रहका कवितामा कथनका सामान्यार्थक, वर्णनात्मक, प्रश्नात्मक, सम्बोधनात्मक, अनुरोधात्मक तथा संस्मरणात्मक शैलीका साथै वाक्यगत पदक्रममा गरिएको विचलनले यस सङ्ग्रहका कविताको शैलीमा रोचकता अनि आकर्षण थपेको देखिन्छ ।

कवयित्री राजभण्डारीले यस सङ्ग्रहका कवितामा तीनै स्रोतका शब्दहरूका साथै प्रशस्त अनुकरणात्मक शब्दहरूको प्रयोग गरेकी छन् । उनका यस सङ्ग्रहमा प्रयोग गरिएका तत्सम शब्दहरूका उदाहरणमा 'बादल', 'धरती', 'आकाश', 'नयन', 'शीतल', 'आँसु', 'कोलाहल', 'कवच', 'गहना', 'मोहनी', 'साँझ', 'दया', 'आशा' आदि रहेका छन् भने

'चित्कार', 'मुस्लो', 'छाया', 'विछोड', 'गाँठो', 'जमघट' जस्ता तद्भव शब्दहरूको पनि परिवेशअनुकूल प्रयोग गरिएको भेटिन्छ । त्यसै गरी 'अदालत', 'रोज', 'दर्द', 'हनिमुन', 'माकचा', 'सुकुन्दा', 'सबुज', जस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि भेटिन्छ । राजभण्डारीले यस सङ्ग्रहका कवितामा 'ट्वाल्ल', 'चुर्लुम्म', 'धपधप', 'कुपुकुपु', 'टपटप', 'टुलुटुलु', 'सुटुक्क', 'निर्धक्क', 'निथ्रुक्क', 'तुरुक्क', 'धुरुधुरु', 'मुसुक्क', 'छमछम', आदिजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि भेटिन्छ । यस्ता विविध स्रोत र सन्दर्भका शब्दहरूको अन्त्यानुप्रास अर्न्तअनुप्रासीय तथा प्रयोगले उनका यस सङ्ग्रहका कवितामा भाषिक सौन्दर्यको सिर्जना गरेको स्पस्टै देखिन्छ ।

## ४.३.८ भाव र विचार

**भिजेको तकिया** शोककवितासङ्ग्रहमा मानवीय मनका विविध भावहरूको विस्तृत अङ्कन गरिएको छ । यसमा मुख्य गरेर मनुष्यका तृष्णा र आशा, मृत्यु र वियोग, पीडा र वेदना, विरह र स्मृति, बाध्यता र विविशता, सेवा र सङ्घर्ष, दुर्भाग्य र विपत्तिजस्ता अनेकथरी भावहरूको अवचेतनप्रवाहमूलक अभिव्यक्ति गरिएको छ । यस्ता विविध भावहरूले आखिर मानवीय जीवनका दुःख, पीडाका अनुभूतिहरूको पुनरावृत्ति भएको अवस्थाको अभिव्यक्तिद्वारा शोक स्थायीभाव जगाई करुण रसलाई अङ्गी रसका रूपमा परिपक्व तुल्याइदिएका छन् । प्रस्तुत सङ्ग्रहको ठाउँठाउँमा शृङ्गार, भयानक र शान्त रसलाई अङ्ग रसका रूपमा पनि प्रभावकारी अभिव्यक्ति दिइएको पाइन्छ । यसमा नारी हुनुका पीडा, उनीहरूका इच्छा, आकाङ्क्षा, चाहना, बाध्यता तथा आफ्नो प्रिय पतिसँग भएगरेका विविध अनुभव र अनुभूतिहरूको अभिव्यक्ति निकै मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत सङ्ग्रहका कवितामा रेवती राजभण्डारीको अस्तित्ववादी र जीवनवादी दृष्टिकोण अभिव्यक्त भएको देखिन्छ । उनी आफ्नो प्रिय पतिले जीवनका अन्तिम समयमा दिएका सान्त्वनाबाट पलाएको दृढता र पतिको मृत्युपछि जति डराए पनि, जति कराए पनि, जति पीडाको अनुभूति गरेपनि अनि जति एक्लो महसुस गरेपनि त्यही सम्झौताबाट बाँकी जीवनलाई सङ्घर्ष गरेर अगाडि बढाउने निर्णयमा पुगिन् । आफ्ना प्रिय पतिलाई क्यान्सरजस्तो भयानक रोगले समातिसकेपछि र अनेक कोसिस गर्दा पनि पतिलाई बचाउन नसकेपछि उनका जीवनमा आइपरेको दुःखद् परिस्थितिका माझबाट पनि जीवनलाई सङ्घर्षका रूपमा लिंदैं उनी अगाडि बढेको देखिन्छ । 'तिम्रो सान्त्वना', 'अठोट', 'बलत्कारको

उजूर', 'यातना', 'म पर्खी बस्छु', 'कर्मको फल', 'विदाइ' जस्ता कवितामा अस्तित्ववादी र जीवनवादी दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ ।

## ४.४ दाइजो कथासङ्ग्रहको विश्लेषण

नेपाली साहित्यका विविध विधामा कलम चलाएकी रेवती राजभण्डारीले कथाका क्षेत्रमा पनि आफ्नो लेखनीलाई सशक्त ढङ्गले उभ्याएको देखिन्छ । सङ्ख्यात्मक दृष्टिकोणले उन्नतशील रहेको यिनको कवितापछिको 'कथा' विधा नै हो । राजभण्डारीका फूटकर कथाहरू विशेष गरेर 'रत्नश्री' र अन्यत्र प्रकाशित भएका र अप्रकाशित रहेका कथाहरू 'दाइजो' र 'मुक्ति' शीर्षकका कथासङ्ग्रहमा समाविष्ट भएका हुन् । राजभण्डारीका तिनै दुई कथासङ्ग्रहको तल क्रमशः सङ्क्षिप्त रूपमा समालोचनात्मक अध्ययन गरिएको छ ।

**दाइजो** कथासङ्ग्रह रेवती राजभण्डारीले रचेको सामाजिक यथार्थलाई अवलम्बन गर्ने प्रारम्भिक चरणका कथाहरूको सँगालो हो । प्रस्तुत **दाइजो** कथासङ्ग्रहभित्र केही प्रकाशित र केही अप्रकाशित गरी पन्ध्रवटा कथाहरू समाविष्ट छन् । यो कृति वि.सं. २०४६ मा नेपाल नारी साहित्य सेवा केन्द्रबाट सोह्र पेजको फर्मा (डबल क्राउन आकार) मा प्रकाशित भएको छ । यसमा नेपाली समाजमा परम्परादेखि रहँदै आएको दाइजोको सन्दर्भलाई प्रमुख विषयका रूपमा उठाइएको छ । यस सङ्ग्रहमा अमूल्य दाइजो, मध्यान्तरपछि, 'दाइजो', 'ऊ मरेकै जाति', 'तिरष्कृत दाइजो', 'दिदी', 'अलपत्र परेको दाइजो', 'रगतले पोतिएको दैलो', 'मर्मभेदी दाइजो', 'कुन घर कुन माइती', 'दाइजोको लोभ', 'भूल त मेरै हो', 'दाइजोको पौरख', 'प्रायश्चित', 'यस्तो पो दाइजो' गरी जम्मा पन्ध्रवटा कथाहरू सङ्गृहीत छन् । यहाँ चाहिँ खास गरी साहित्यिक कथाहरूको विश्लेषणका क्रममा उपयोग गरिने कृतिगत सन्दर्भ, कथानक, पात्रविधान, परिवेश, भाषाशैली, दृष्टिबिन्दु, द्वन्द्वविधान, उद्देश्यजस्ता कथातात्त्विक कोणबाट उक्त कथासङ्ग्रहको सङ्क्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.४.१ कृतिगत सन्दर्भ

**दाइजो** कथासङ्ग्रहमा नेपाली समाजको दाइजोको समस्या र नारीका समस्यालाई जेजसरी चित्रण गरिएको छ त्यो सामन्ती पितृसत्तात्मक सामाजिक सन्दर्भसँग सम्बन्धित देखिन्छ । नेपाली सामन्ती पितृसत्तात्मक परिपाटिमा स्वास्नीमान्छेप्रति समाज, घरपरिवार तथा आफन्तहरूबाट गरिने हेला, तिरष्कार आदिलाई प्रमुख विषयका रूपमा उठाइएको छ ।

त्यसैगरी नारी हुनुका पीडा, व्यथा र जलनलाई उठाउँदै नारीद्वारा नारीप्रति हुने गरेका अन्याय, अत्याचार तथा उनीहरूका विवशता, बाध्यताका विविध समस्याहरूको चित्रण गर्ने सन्दर्भमा प्रस्तुत कथासङ्ग्रह आएको देखिन्छ । **दाइजो** कथासङ्ग्रहको वक्तव्यमा समाजमा देखेका, सुनेका र भोगेका प्रायः सत्य घटनामा आधारित कथाहरू सङ्कलन गरी प्रस्तुत **दाइजो** कथासङ्ग्रह पाठकसमक्ष ल्याएको भन्ने राजभण्डारीको भनाइले पनि र्य नेपाली समाजको दाइजोको समस्या र नारीका समस्यालाई प्रस्तुत गर्नु नै यस कृतिको कृतिगत सन्दर्भ रहेको देखिन्छ ।

## ४.४.२ कथानक

कथाको संरचनाभित्र कथानक रहेको हुन्छ । कथाको आधारशिलाको रूपमा कथानकलाई लिइन्छ । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् ।[७६] आदि, मध्य र अन्त्यको शृङ्खलामा बाँधिने कथानक योजनाबद्ध हुन्छ । कथानकमा द्वन्द्वको प्रधानता हुनुका साथै घटनाको क्रमिकता, चरित्र, कार्यव्यापार, संवेगात्मक अवस्था आदिलाई व्यवस्थित रूपमा अघि बढाउने कार्य भएको हुन्छ । कथानकमा सामान्य र जटिल घटनाहरूको संयोजन हुन्छ । घटनाहरूलाई एकअर्कामा सम्बन्धित बनाएर सुसङ्गठित बनाउने काम कथानकले गर्दछ । कथानकलाई मुख्य र सहायक गरी दुई किसिमको हुन्छ भनी वर्गीकरण गरेको पाइन्छ । प्रारम्भदेखि अन्त्यसम्म विस्तारित वा व्यप्तिका साथ अघि-अघि बढेको कथानक मुख्य र त्यही मुख्य कथानकलाई सहयोग पुऱ्याउने गरी बीचमा आएको कथानक सहायक हुन्छ । कथानक रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ । रैखिक ढाँचाको कथानकले मध्य र अन्त्यको शृङ्खलालाई क्रमबद्ध रूपमा अगाडि बढाएको हुन्छ । वृत्ताकारीय ढाँचाको कथानकमा पूर्वदीप्तिको प्रयोग गरिने हुनाले कथानकमा विचलन भई कथा रोचक र कुतूहलमय बन्न पुग्दछ । कथानक प्राप्त गर्ने स्रोतका रूपमा कथाकारले देखेका, भोगेका र सुनेका घटनामा आधारित यथार्थपरक घटनाहरूको, इतिहासमा घटित घटनाहरूको, यथार्थ जीवनमा नपाइने घटनाको तथा पात्र र परिवेशको पनि प्रयोग गरेको हुनसक्छ ।

कथाकार रेवती राजभण्डारीको **दाइजो** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूले सामाजिक विषयवस्तुलाई निकै मार्मिक ढङ्गले अभिव्यक्त गरेका छन् । प्रस्तुत सङ्ग्रहमा

---

७६. कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललिपुर : साझा प्रकाशन, २०५६), पृ. २३ ।

सङ्गृहित भएको 'अमूल्य दाइजो' शीर्षकको कथामा आफ्नै दाइको साथी प्रशान्तबाट कुमारीत्व लुटिएपछि उषाको गर्भमा रहेको बच्चालाई समेत स्वीकार गर्ने डा. क्षितिजझैं विशाल हृदय भएको बालक होस् भन्ने कामना गर्दै उक्त बालकलाई अमूल्य दाइजोका रूपमा स्वीकार गरेको घटना रहेको छ । यस कथाको कथानक ढाँचा त्यति सुगठित देखिँदैन । यसमा क्षितिज र उषाको कथानक प्रमुख रूपमा आएको छ भने माधुरी र प्रशान्तको कथानक सहायक रूपमा आएको छ । 'मन्ध्यान्तरपछि' शीर्षकको कथामा जानकीले आफ्नै देवर सागर र नन्द सुधामाथि गरेको असहज व्यवहारलाई देखाइएको छ । यसमा प्रशान्त, सागर र जानकीको चित्रण मुख्य कथानकका रूपमा रहेको छ भने सुधा, गोकुल आदिको सहायक कथानक रहेको छ । 'दाइजो' शीर्षकको कथा आदि, मध्य र अन्त्यको शृङ्खलामा संरचित भएको कथा हो । यसको आदि भागमा गौरी र ठूलीमैंयाको घरायसी कुराकानी रहेको छ । यसैगरी गौरी र सुब्बासाहेवबीचको दाम्पत्यजीवनको खटपट मध्य भागका रूपमा रहेको छ भने गौरीका छोरा बुहारीका कलह र गौरीको मृत्यु अन्त्य भागका रूपमा रहेको छ । 'तिरस्कृत दाइजो' शीर्षकको कथामा पूर्वदीप्तिको प्रयोग गरिएको छ । यसमा आफ्नै आमाले ज्वाइँसँग अनैतिक सम्बन्ध राखी छोरी स्वस्थानीको जीवन बर्बाद पारेको घटना निकै मार्मिक रूपमा प्रस्तुत भएको छ । 'अलपत्र परेको दाइजो' शीर्षकको कथाको कथानक ढाँचा रैखिक प्रकृतिको छ भने कथाकी प्रमुख पात्र कान्छीको जीवनभोगाइ मुख्य कथानकका रूपमा रहेको छ । 'यस्तो पो दाइजो' शीर्षकको कथा रैखिक ढाँचामा लेखिएकाले यसको आदि, मध्य र अन्त्य भाग निकै सुगठित प्रकृतिको देखिन्छ । यसमा नेपाली समाजमा दाइजोका रूपमा आउने भौतिक सम्पत्तिभन्दा मानिसका असल आचरण, व्यवहार, रूप, गुण नै वास्तविक दाइजो हुने उमात्रीकी कान्छी बुहारीको सहज व्यवहारबाट प्रष्ट देखाएको छ ।

समग्रमा प्रस्तुत **दाइजो** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूले सामाजिक विषयवस्तुलाई अवलम्बन गरेका छन् । प्रस्तुत सङ्ग्रहका कथाहरू प्रायः आदि, मध्य र अन्त्यको शृङ्खलामा बाँधिएका देखिन्छन् भने कथानकमा जटिल घटनाभन्दा सामान्य घटनाहरूको संयोजन बढी पाइन्छ । यस सङ्ग्रहका केही कथाहरूमा पूर्वदीप्तिको प्रयोग समेत गरेको पाइन्छ भने प्रायः कथाहरू दुःखान्त देखिन्छन् ।

### ४.४.३ पात्रविधान

पात्र वा चरित्रविना कथानक अगाडि बढ्न सक्दैन । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले पात्रविना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन ।[७७] कथासँग सम्बन्ध राख्ने क्रियाकलाप र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पनि पात्रसँगै हुन्छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ ।[७८] पात्रकै माध्यमबाट समाज, संस्कृति, रहनसहन, रीतिरिवाज आदिको चित्रण सम्भव हुने गर्दछ । पात्रहरूलाई स्वभाव, लिङ्ग, कार्य, प्रवृत्ति, सामाजिक सम्बन्ध तथा आबद्धता आदिका आधारमा वर्गीकरण गर्ने गरेको पाइन्छ ।

कथाकार रेवती राजभण्डारीको **दाइजो** कथासङ्ग्रहमा विशेष गरेर नेपाली जनजीवनमा भेटिने पात्रहरू रहेका देखिन्छन् । प्रस्तुत सङ्ग्रहमा स्वभावगत आधारमा हेर्दा स्थिर र गतिशील दुवै किसिमका पात्रहरूको प्रयोग गरिएको भेटिन्छ । 'अमूल्य दाइजो' कथाकी माधुरी, 'मध्यान्तरपछि' कथाकी जानकी, 'दाइजो' कथाकी गौरी, 'अलपत्र परेको दाइजो' कथाकी कान्छी आदि पात्रहरूको सुरुदेखि अन्त्यसम्मका स्वभाव, आचरण र कार्यशैलीमा परिवर्तन भएको पाइँदैन, त्यसैले यी पात्रहरू स्थिर प्रकृतिका देखिन्छन् भने 'अमूल्य दाइजो' कथाका क्षितिज, उषा, 'यस्तो पो दाइजो' कथाकी उमात्री, 'तिरस्कृत दाइजो' कथाका ड्राइभर, झ्याउरी, 'मध्यान्तरपछि' कथाको गोकुल आदि पात्रहरूको मान्यता, आचरण, सोचाइ र कार्यव्यापारमा समयअनुसार परिवर्तन भएकाले उनीहरू गतिशील पात्रका रूपमा देखिन्छन् । लिङ्गका आधारमा हेर्दा पुरुष र स्त्री गरी दुवै किसिमका पात्रहरूको प्रयोग भएको देखिए पनि प्रस्तुत कथासङ्ग्रहका कथामा तुलनात्मक रूपमा स्त्री पात्रहरूको बाहुल्य रहेको प्रष्टै देखिन्छ ।

कार्यका आधारमा हेर्दा यस सङ्ग्रहका कथामा प्रमुख, सहायक र गौण पात्रहरूको प्रयोग भएको स्थिति देखिन्छ । 'अमूल्य दाइजो' कथाका क्षितिज, उषा, 'मध्यान्तरपछि' कथाका सागर, जानकी, 'दाइजो' कथाकी गौरी, 'तिरष्कृत दाइजो' कथाकी स्वस्थानी, 'अलपत्र परेको दाइजो' कथाकी कान्छी, 'यस्तो पो दाइजो' कथाकी उमात्री आदि प्रमुख पात्रका रूपमा स्पष्टै देखिन्छन् भने 'अमूल्य दाइजो' कथाका माधुरी, प्रशान्त, 'मध्यान्तरपछि' कथाका सुधा, गोकुल, 'दाइजो' कथाकी ठूली मैंया, 'तिरष्कृत दाइजो' कथाका ड्राइभर,

---

[७७]. दयाराम श्रेष्ठ, **नेपाली कथा भाग- ४,** (ललितपुरः साझा प्रकाशन, २०५७), पृ.१० ।
[७८]. दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. १० ।

झ्याउरी, 'अलपत्र परेको दाइजो' कथाका चन्द्रमान, हिरामाया आदि पात्रहरू मुख्य पात्रका सहयोगी भएर आएकाले उनीहरू सहायक पात्रका रूपमा रहेका छन् । यस्तै यस सङ्ग्रहमा गौणपात्रहरूको प्रयोग पनि प्रशस्तै भेटिन्छ । प्रवृत्तिका आधारमा हेर्दा यस सङ्ग्रहका कथाहरूमा अनुकूल र प्रतिकूल दुवै किसिमका पात्रहरूको प्रयोग भएको देखिन्छ । 'अमूल्य दाइजो' कथाका क्षितिज, उषा, 'मध्यान्तरपछि' कथाका सागर, सुधा, 'दाइजो' कथाकी गौरी, 'यस्तो पो दाइजो' कथाका उमात्री, कान्छी बुहारी आदि अनुकूल प्रवृत्तिका पात्रका रूपमा देखिन्छन् भने 'अमूल्य दाइजो' कथाका प्रशान्त, 'मध्यान्तरपछि' कथाकी जानकी, 'तिरष्कृत दाइजो' कथाका ड्राइभर, झ्याउरी आदि प्रतिकूल पात्रका रूपमा रहेका देखिन्छन् । सामाजिक सम्बन्धका आधारमा हेर्दा यस सङ्ग्रहका कथाका पात्रहरू प्रायः मध्यम र निम्नमध्यम वर्गका रहेका छन् । क्षितिज, प्रशान्त, गौरी, असर्फीमाया आदि पात्रहरूले मध्यम वर्गको प्रतिनिधित्व गरेका छन् भने स्वस्थानी, ड्राइभर, कान्छी, हिरामाया आदि पात्रहरूले निम्नमध्यम वर्गको प्रतिनिधित्व गरेका छन् । आबद्धताका आधारमा प्रस्तुत सङ्ग्रहका पात्रहरूलाई हेर्दा यसमा बद्ध र मुक्त दुवै किसिमका पात्रहरूको प्रयोग पाइन्छ ।

## ४.४.४ परिवेश

कथालाई तीव्र  मुखर बनाउने महत्त्वपूर्ण तत्त्वका रूपमा परिवेशलाई लिइन्छ । कथामा परिवेशको चित्रण गर्नुको कारण कथालाई विश्वसनीय एवम् यथार्थपरक बनाउनु हो । परिवेशअन्तर्गत सांस्कृतिक परम्परा, सामाजिक आचार विचार, रहनसहन तथा रीतिरिवाज आदिको चित्रण गरिन्छ । भौतिक जगत्का प्राकृतिक वातावरण, जीवजन्तु, वन्य र ग्रामीण वस्तुहरू सहर र गाउँका परिदृश्यहरू, नदीनाला, आकाश र समष्टि प्राकृतिक वस्तुहरू देखिनु परिवेशको प्रस्तुति हो ।[७९]

रेवती राजभण्डारीको प्रस्तुत **दाइजो** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूमा प्रयोग भएको परिवेशतर्फ दृष्टि दिँदा त्यहाँ नेपाली समाज र नेपाली जनजीवनको राम्रो विचित्र उपस्थापित गरिएको भेटिन्छ । उनका कथामा नेपाली समाजमा परम्परादेखि रहँदै आएको संस्कृति, परम्परा, सामाजिक आचार विचार, रीतिरिवाज आदिको समाजसुहाउँदो रूपमा चित्रण गरिएको पाइन्छ । त्यसैगरी नेपाली समाजमा दाइजोका रूपमा दिइने विभिन्न भौतिक वस्तुहरूको परिदृश्य पनि उनका कथामा यथार्थपरक रूपमा चित्रित भएका छन् ।

[७९]. राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली कथा**, (ललितपुरः साझा प्रकाशन, २०५१), पृ. २६ ।

यसक्रममा 'दिदी' शीर्षकको कथामा विभिन्न चाडपर्वमा आयोजना गरिने भोजभतेर, पूजाआजा आदिको चित्रण गरिएको छ । 'रगतले पोतिएको दैलो' शीर्षकको कथामा नेपालीहरूको महान् चाड दसैँको चित्रण उतारिएको छ । दसैँमा लगाइने टीका, सिन्दुर अनि केटाकेटीहरूले कौशीबाट उडाउने चङ्गा आदिको आकर्षक चित्र खिचिएको छ । 'कुन घर कुन माइती' शीर्षकको कथामा नेपाली चेलीहरूले गुफा बस्ने चलन अनि टोलछिमेकीहरूलाई धुमधामसँग भोज खुवाउने चलन आदिको चित्रण गरिएको छ । 'यस्तो पो दाइजो' शीर्षकको कथामा छोरीबेटीलाई भौतिक सम्पत्तिका रूपमा दिइने घर, जग्गा, मालसामान आदिको चित्र खिचिएको छ । राजभण्डारीको प्रस्तुत **दाइजो** कथासङ्ग्रहका अधिकांश कथाहरूमा ग्रामीण परिवेशलाई भन्दा सहरिया परिवेशलाई बढी मात्रामा प्राथमिकता दिई परिवेश निर्माण गरिएको पाइन्छ । राजभण्डारीले सहरिया परिवेशमा पनि मूलतः काठमाडौँलाई रोजेको भेटिन्छ । यस सङ्ग्रहका अधिकांश कथाहरूमा काठमाडौँका रत्नपार्क, थापाथली, नयाँबस्ती, असन, पशुपति, हनुमानढोका, स्वयम्भु, डिल्लीबजार, महाराजगञ्ज आदि ठाउँहरू परिवेशका रूपमा आएका छन् भने काठमाडौँबाहिरका विराटनगर, वीरगञ्ज, पोखरा, दमौली आदि ठाउँहरूलाई पनि केही कथाले आफ्नो परिवेश बनाएका देखिन्छन् । नेपालबाहिरका कोलम्बो, वनारस आदि ठाउँहरू पनि परिवेशका रूपमा आएका देखिन्छन् ।

### ४.४.५ भाषाशैली

कथामा कथ्य विषयवस्तुको कथनका निम्ति प्रयोग गरिएको शब्द, शब्दावली, वाक्य आदि भाषिक घटकहरूको समष्टिलाई भाषा भनिन्छ । कथामा शब्द, पदावली र वाक्यका ढाँचा प्रस्तुत गर्ने कुरा नै भाषाशैली हो । कथामा पात्रको स्तर र विषयवस्तु अनुकूलको भाषाशैलीको प्रयोग गरिन्छ । कथाको विषयवस्तुलाई रोचक बनाउन गरिने भाषिक घटकहरूको चयन-विचलनको कौशललाई नै शैली भन्ने गरिन्छ । कथाको भाषा सरल र क्लिष्ट हुन सक्छ भने शैली मधुर वा ओजस्वी, कोमल वा कठोर हुन सक्छ । त्यो भाषाशैली वर्णनात्मक, विवरणात्मक, संवादात्मक, व्यङ्ग्यात्मक आदि अनेक प्रकारको हुन सक्छ ।

कथाकार रेवती राजभण्डारीको प्रस्तुत **दाइजो** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूको भाषाशैलीलाई केलाउँदा यसमा प्रयोग भएको भाषा क्लिष्ट, दुरुह र असम्प्रेष्य किसिमको देखिँदैन । प्रस्तुत सङ्ग्रहमा समाविष्ट भएका कथाहरू सामाजिक यथार्थलाई अबलम्बन गरी लेखिएका हुनाले यस सङ्ग्रहका कथाहरूको भाषाशैली सरल, सहज तथा

सबोध नै रहेको पाइन्छ । राजभण्डारी भाषाशैलीलाई आलङ्कारिक तथा विम्ब र प्रतीकले सजावट गराउनपट्टि लागेकी छैनन् । प्रचलित सरल शब्दहरूको चयन, मूलतः अभिधात्मक शब्दशक्तिमा आधारित सहज विम्बविधान, सरल वाक्यगठन र सहज, सम्प्रेषणीय प्रस्तुति प्रस्तुत सङ्ग्रहका कथामा रहेको पाइन्छ । यसमा सरल, सहज र पात्रानुकूल बोलचालको ( कथ्य शैली) भाषाको प्रयोग र छोटा संवादको प्रयोगले कथालाई सरल, सहज र स्वाभाविक बनाउनुका साथै रोचक र प्रभावकारी बनाइएको भेटिन्छ । राजभण्डारीका कथामा प्रयोग भएको भाषा सरल भईकन पनि मार्मिक पाइनु उनको भाषाशैलीगत वैशिष्ठ्य मान्न सकिन्छ । उनका प्रस्तुत सङ्ग्रहका कथामा वर्णनात्मक, विवरणात्मक, व्यङ्ग्यात्मक, संवादात्मक आदि शैलीको प्रयोग भेटिन्छ भने कतैकतै वर्णविन्यासगत त्रुटि, पद्‌क्रमको विचलन तथा कतिपय कथाहरूमा नेवारी भाषाको प्रभाव पनि भेटिन्छ । कथाकार राजभण्डारीले प्रस्तुत सङ्ग्रहमा सत्सम, तद्‌भव र आगन्तुक गरी तीनै खालका शब्दहरूको प्रयोग गरेको भेटिन्छ । 'प्रमोशन', 'एवोर्सन', 'रिपोर्ट', 'प्लान', 'ट्रेन', 'बेड', जस्ता आगन्तुक अङ्ग्रेजी मूलका शब्दहरूको प्रयोग गरेको भेटिन्छ । त्यसैगरी 'झमक्क' ,घुप्लुक्क', 'भुसुक्क', 'मुसुमुसु', 'टुप्लुक्क', 'थचक्क', 'टुलुटुलु', 'टुकुक्क', 'पुलुक्क', 'सुटुक्क', 'भुतुक्क' जस्ता अनुकरणात्मक शब्दहरूको अत्यधिक परिचालनले यसको भाषाशैलीलाई मिठास र प्रभावकारी बनाउन सहयोग गरेको प्रष्टै देखिन्छ । वाक्यगठनमा सामान्यतया सरल वाक्यहरूकै बाहुल्य देखिन्छ भने कतैकतै संयुक्त मिश्रवाक्यहरू सरल रूपमा नै प्रयोग गरेको भेटिन्छ । यसरी विविध मूलका शब्दहरूको प्रयोग गरेर वर्णनात्मक, विवरणात्मक, व्यङ्ग्यात्मक तथा संवादात्मक भाषाशैलीको समुचित प्रयोग यस सङ्ग्रहका कथामा भएको स्पष्टै देखिन्छ ।

## ४.४.६ दृष्टिबिन्दु

कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकारसामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने र यसको समाधान नै 'दृष्टिबिन्दु' ले गर्दछ ।[८०] त्यसैले दृष्टिबिन्दु कुनै पनि कथाकारले पात्रका कार्यव्यापारको वर्णन गर्दा अँगालिने पद्धति हो । दृष्टिबिन्दुका माध्यमबाट कथा भन्ने को हो

[८०]. दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. १० ।

र कसले कसको कथा भनिरहेको छ भन्ने कुरा स्पष्टसँग छुट्याउन सकिन्छ । दृष्टिबिन्दु सम्बन्ध कथावस्तु र चरित्रसित रहेको हुन्छ । दृष्टिबिन्दु मुख्यतः आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । कथाको प्रस्तुति प्रथम पुरुष (म, हामी) शैलीमा गर्नु आन्तरिक दृष्टिबिन्दु हो । कथाको प्रस्तुति तृतीयपुरुष (उ, उहाँ) शैलीमा गर्नु बाह्य दृष्टिबिन्दु हो ।

कथाकार रेवती राजभण्डारीको प्रस्तुत **दाइजो** कथासङ्ग्रहमा समाविष्ट भएका अधिकांश कथाहरू बाह्य दृष्टिबिन्दु अँगाली तृतीय पुरुषशैलीमा लेखिएका भेटिन्छन् । 'अमूल्य दाइजो' शीर्षकको कथामा माधुरी, क्षितिज, उषा आदिको चरित्रउद्घाटन गरिएकाले बाह्य दृष्टिबिन्दु प्रयोग गरिएको प्रष्टै देखिन्छ । 'मध्यान्तरपछि' शीर्षकको कथा बाह्य दृष्टिबिन्दु अवलम्बन गरी तृतीय पुरुष शैलीमा लेखिएको छ । यसमा प्रशान्त, सागर, जानकी, गोकुलजस्ता पात्रका आवेग, उत्तेजना, व्यवहार आदिलाई प्रस्तुत गरिएको छ । 'दाइजो' शीर्षकको कथामा दृष्टिबिन्दु पात्रका रूपमा रहेकी गौरीको मानसिक स्थितिलाई उजागर गरिएको छ भने यसमा रहेका बाँकी पात्रहरूले गौरीकै चरित्रलाई अगाडि बढाउनमा सहयोग पुऱ्याएका छन् । 'तिरष्कृत दाइजो' शीर्षकको कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुष शैलीमा लेखिएको छ । यसमा स्वस्थानी, उसको लोग्ने ड्राइभर र उसकी आमाका बीचमा देखिएको पारिवारिक समस्यालाई प्रस्तुत गरिएको छ । 'अलपत्र परेको दाइजो' शीर्षकको कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुष शैलीमा लेखिएको छ । कथाकी प्रमुख पात्र कान्छीले भोगेका पीडालाई मात्र होइन, उसका मनका सोचाइ र भावनालाई समेत जस्ताको त्यस्तै कथामा उतारिएको छ । यसमा 'म' पात्रका मनमा उठेका आशङ्का, खिन्नतालाई प्रस्तुत गरिएको छ । 'भूल त मेरै हो' शीर्षकको कथा बाह्य दृष्टिबिन्दु अवलम्बन गरी लेखिएको छ । यसमा बिष्णुमाया र हर्षमानका बीचमा देखिएको पारिवारिक खटपटलाई प्रस्तुत गरिएको छ । 'प्रायश्चित' शीर्षकको कथा आन्तरिक दृष्टिबिन्दु प्रयोग गरी लेखिएको छ । यसमा 'म' पात्रले देखेका, भोगेका मर्म तथा पीडाहरूलाई प्रस्तुत गरिएको छ । 'यस्तो पो दाइजो' शीर्षकको कथामा दृष्टिबिन्दु पात्रका रूपमा रहेकी उमात्रीको दाइजोप्रतिको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । उमात्रीकै चरित्रलाई अगाडि बढाउनमा उसका छोरा र बुहारीहरूको भूमिकासमेत अगाडि बढेकाले यसमा बाह्य दृष्टिबिन्दु अँगाली तृतीय पुरुषशैलीको प्रयोग भएको देखिन्छ ।

समग्रमा राजभण्डारीको प्रस्तुत 'दाइजो' कथासङ्ग्रहमा समाविष्ट भएका एक दुई कथाहरूबाहेक सबै कथाहरूमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको प्रष्टै देखिन्छ ।

### ४.४.७ द्वन्द्वविधान

कथालाई कथा अर्थात् अन्तर्वस्तु, पात्र र क्रियाकलापसँग असम्पृक्त बनाएर उपस्थित गराउने तत्त्व हो द्वन्द्व । द्वन्द्वलाई कतिपय सन्दर्भमा सङ्घर्ष पनि भनिन्छ ।[८१] कथामा सामान्यतः आन्तरिक र बाह्य गरी दुई किसिमको द्वन्द्व भेटिन्छ । आन्तरिक द्वन्द्व अभौतिक किसिमको हुन्छ भने बाह्य द्वन्द्व चाहिँ भौतिक किसिमको हुने गर्दछ । द्वन्द्वमा तनाव बढ्दै जाँदा कथा विकास अवस्थामा पुग्दछ । द्वन्द्व चरम सीमामा पुग्दा कथा प्रभावान्वितिमा पुग्दछ । पात्रमा अवस्थाअनुसार द्वन्द्वात्मक ऊर्जाको प्रखरता चढ्दै जानाले कथा कसिलो र वेगवान् नदीजस्तो उत्पादक बन्दै जान्छ भने फितलो र उदासीपन आउनाले कथा क्रमशः उदाङ्गो र सन्देश सूत्रवाहक, निस्तेज र अप्रभावकारी बन्दै जान्छ भने कुरा कथामा रहने द्वन्द्वका माध्यमले छुट्टिन्छ ।

कथाकार रेवती राजभण्डारीको प्रस्तुत 'दाइजो' कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूलाई द्वन्द्वविधानका दृष्टिले केलाउँदा यसमा बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व नै प्रबल रूपमा रहेको भेटिन्छ । 'अमूल्य दाइजो' शीर्षकको कथामा आफ्नै दाइको साथी प्रशान्तबाट बलात्कृत भएर गर्भ रहेपछि उषामा गम्भीर प्रकृतिको मनोद्वन्द्व उत्पन्न भएको छ । आफ्नो पेटमा रहेको बच्चालाई कसरी जन्माउने, हुर्काउने अनि आफू कसरी बाँच्ने भन्ने प्रश्न एकातिर उषामा तेर्सिएको छ भने अर्कातिर विवाहका लागि तयार भएको क्षितिजले आफू र आफ्नो गर्भमा रहेको बच्चालाई स्वीकार गर्ला कि नगर्ला भन्ने कुराले मानसिक द्वन्द्व उत्पन्न गरेको छ । 'दाइजो' शीर्षकको कथामा आफ्नो लोग्ने कुलतमा लागेर मृत्युलाई वरण गरेको भोलिपल्टै छोरो जन्माएकी गौरीले छोरालाई बाबुटोकुवा ठानी मार्न चाहेकी हुन्छे, तर लोग्नेले तीनै छोरालाई समान दृष्टिले हेर्नू भनेको सम्झना अकस्मात् आएकाले छोरोलाई मार्न सक्तिन । यसरी गौरीलाई छोरालाई मार्ने कि नमार्ने भन्ने मनोद्वन्द्वले सताएको छ । 'ऊ मरेकै जाति' शीर्षकको कथामा आफ्नी कान्छी श्रीमती र भीमरत्नका बीच अनैतिक सम्बन्ध रहेको थाहा पाएपछि मङ्गलमानमा गम्भीर प्रकृतिको मानसिक तनाव उत्पन्न भएको छ र अन्त्यमा यही कारणले विष सेवन गरी ऊ आत्महत्या गर्न पुग्दछ । 'तिरष्कृत दाइजो' शीर्षकको कथामा आफ्नी आमाले ज्वाइँसँग नै अनैतिक सम्बन्ध राखेको थाहा पाएपछि छोरी स्वस्थानीको मनमा हुँडलो मच्चिन पुगेको छ र अन्त्यमा यही कारणले उसको मानसिक सन्तुलन गुम्ने स्थिति पैदा भएको छ । 'अलपत्र परेको दाइजो' शीर्षकको कथामा चन्द्रमान र

---

[८१]. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २४ ।

हिरामायाको विवाहपश्चात् भएपछि जन्मेका कुनै पनि सन्तान नबाँचेपछि आमाले आफ्नी कान्छी छोरीलाई हिरामायाकै लोग्नेसँग विवाह गरिदिने कुरा गर्दा दिदी हिरामायालाई आफ्नी बहिनीलाई कसरी त्यस्तो बूढो लोग्नेका हातमा सुम्पने भन्ने कुराले प्रताडित गराएको छ । 'कुन घर कुन माइती' शीर्षकको कथामा आफ्नै घरमा बसेकी सालीलाई यौनशोषण गरेको थाहा पाएपछि दिदी कृष्णाले बहिनी कृपाको अन्तै विवाह गरिदिने निर्णय गरे पश्चात् जयपालको मनमा हुँडलो मच्चिएको छ । सालीसँगको यौनानन्दबाट बञ्चित भइने कुराले उसलाई सताएको छ । 'यस्तो पो दाइजो' शीर्षकको कथामा आफ्ना दुई छोरामध्ये जेठो छोराले पी.एच्.डी. गरेको र कान्छो छोराले बी.ए. मात्र उत्तीर्ण गरेकाले कान्छो छोराको विवाहमा चाँहि धेरै दाइजो पाइने हो कि होइन भन्ने कुराले उमात्रीको मनलाई खलबलाएको छ । यसरी राजभण्डारीको प्रस्तुत सङ्ग्रहका जेजति कथाहरूमा द्वन्द्व रहेका भेटिन्छ, ती सबैमा आन्तरिक द्वन्द्वको प्रबलता भेटिन्छ ।

### ४.४.८ उद्देश्य

कथाकारले कथाका माध्यमबाट पाठकसामु प्रस्तुत गर्न खोजेको सन्देश नै उद्देश्य हो । कथामा उद्देश्यको निर्धारण गर्दा युगसापेक्ष पाठकीय प्रवृत्तिलाई समेत ध्यान पुऱ्याउनु पर्दछ । कथाकारले सत्यको उद्घाटन गर्ने, अनुभूतिलाई देखाउने, चरित्रको चित्रण गर्ने र समयसापेक्ष विचार प्रस्तुत गर्ने आदिजस्ता उद्देश्यहरूमध्ये कुनै उद्देश्य छनौट गरिसकेपछि कथा सिर्जना गर्दछ ।[८२] नीतिचेतना, सुधारवादी भावना, यथार्थबोध, मनका विभिन्न भावहरूको वर्णन, सौन्दर्यात्मक प्रभाव, आनन्द आदि कथाका उद्देश्य हुन सक्छन् ।

कथाकार रेवती राजभण्डारीको प्रस्तुत 'दाइजो' कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूलाई उद्देश्यका दृष्टिले हेर्दा यसमा समाजमा देखिने विविध किसिमका विकृति र विसङ्गतिको भण्डाफोर गर्नु र तिनमा समसामयिक सुधारको अपेक्षा राख्नु नै प्रमुख उद्देश्यका रूपमा रहेको देखिन्छ । प्रशान्तले आफ्नो कर्तव्यलाई बिर्सेर उषामाथि गरेको बलात्कारलाई देखाउँदा यस्ता अपराधीलाई समाजबाटै बहिस्कार गर्नुपर्दछ भन्ने सन्देश उद्घाटित भएको छ । 'मध्यान्तरपछि' शीर्षकको कथामा आमाबाबुले टुहुरो पारेपछि केटाकेटी कति विचलित हुन्छन् र उनीहरू आफ्नै दाजु र भाउजूद्वारा कसरी उपेक्षित हुन्छन् भन्ने कुरा सागर र सुधाका माध्यमबाट उद्घाटित गरिएको छ । यसमा आफ्नो जिम्मेवारी र

[८२]. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, **नेपाली कथा र उपन्यास,** (काठमाडौँः एम्.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५८),पृ. ८ ।

कर्तव्यबाट विमुख भएका दाइ प्रशान्त र भाउजू जानकीजस्ताको चरित्र सुधार हुनुपर्ने कुरालाई प्रमुख उद्देश्य बनाइएको छ । 'दाइजो' शीर्षकको कथामा भौतिक सम्पत्तिका रूपमा रहेको दाइजोका कारणले परिवारमा देखिने समस्यालाई प्रस्तुत गरी आफ्ना छोराबुहारीबीच आपसी सम्बन्ध सुमधुर हुनुपर्ने कुरामा जोड दिइएको छ । 'ऊ मरेकै जाति' शीर्षकको कथामा मानिस यौनकार्यका निम्ति कतिसम्म तल ओर्लन सक्छन् भन्ने कुरालाई भीमरत्न र धर्मदेवीका आचरण र व्यवहारबाट दर्साइएको छ । 'तिरष्कृत दाइजो' शीर्षकको कथामा सामाजिक नीति, नियमलाई बिर्सेर आफ्नै ज्वाइँसँग अनैतिक सम्बन्ध राखेपछि छोरीको भविष्य कस्तो बन्न पुग्दछ भन्ने कुरालाई स्वस्थानीको कारुणिक अवस्थाका माध्यमबाट प्रष्ट पारिएको छ । यसमा यस्ता अनैतिक सम्बन्ध राख्ने चरित्रहरूलाई समाजले कसरी तिरष्कृत गर्दछन् भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको देखिन्छ । 'अलपत्र परेको दाइजो' शीर्षकको कथाले मानिस आफ्नै विश्वास र अविश्वासमा बाँचेको हुन्छ र ऊ प्रत्येक पाइलामा त्रसित र पीडायुक्त जीवन बाँच्न बाध्य छ भन्ने कुरा कान्छीको जीवनभोगाइबाट देखाउने यस प्रयास गरिएको छ । 'प्रायश्चित' कथामा सामाजिक समस्याको पहिचान गरी त्यसको यथार्थ वर्णन गर्नु नै प्रमुख उद्देश्य देखिन्छ । यसमा महिलाहरू वेश्यावृत्तिमा संलग्न हुने कार्यलाई पूर्णताराको चरित्रबाट उद्घाटन गरिएको छ । 'कुन घर कुन माइती' शीर्षकको कथामा यौनउन्माद्का कारण मान्छे आफ्नो नैतिकतालाई बिर्सेर कतिसम्म तल झरी आफ्नो छोरी समानकी सालीलाई समेत यौनको आगो निभाउने साधन बनाउन पनि पछि पर्दैन भन्ने कुरालाई जयपालले गरेको व्यवहारबाट देखाउँदै यस्ता पात्र समाजबाट, परिवारबाट कसरी तिरष्कृत हुन्छन् भन्ने कुरा देखाइएको छ । 'यस्तो पो दाइजो' शीर्षकको कथाले भौतिक सम्पत्तिका रूपमा प्रदान गरिने दाइजोभन्दा मान्छेका रूप, गुण, व्यवहार नै वास्तविक दाइजो हुन् भन्ने कुरा उमात्रीकी कान्छी बुहारीका असल आचरण र व्यवहारबाट देखाई यस्ता पात्र नै घरपरिवारको सबैभन्दा प्यारो हुन्छ भन्ने कुरालाई प्रमुख उद्देश्य बनाइएको प्रष्टै देखिन्छ ।

समग्रमा राजभण्डारीको प्रस्तुत **दाइजो** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूको उद्देश्य सामाजिक विकृति र विसङ्गतिका रूपमा रहेका विविध समस्याहरूलाई उजागर गर्दै तिनमा समसामयिक सुधारको अपेक्षा राख्नु रहेको देखिन्छ । सामाजिक समस्याका रूपमा रहेको दाइजोको सन्दर्भलाई प्रस्तुत गर्नु, परिवारिक समस्याहरूलाई देखाउनु, पुरुष प्रधान

समाजको भण्डाफोर गर्नु तथा नारीले नारीमाथि गर्ने नकारात्मक व्यवहारको उद्घाटन गर्नु नै प्रस्तुत कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूको मुख्य उद्देश्य रहेको देखिन्छ ।

## ४.५ मुक्ति कथासङ्ग्रहको विश्लेषण

कथाकार रेवती राजभण्डारीको प्रकाशनका दृष्टिले कान्छो कथासङ्ग्रहका रूपमा रहेको **मुक्ति** कथासङ्ग्रह वि.सं. २०५३ मा नेपाल नारी साहित्य सेवा केन्द्रद्वारा सोह्र पेजको फर्मा (डबल काउन आकार) मा प्रकाशित भएको छ । काल्पनिक उडानमा नभएर सत्य र यथार्थमा आधारित उनका कथाहरूले मूलतः सामाजिक, पारिवारिक एवम् वैयक्तिक विषयवस्तुहरूलाई अवलम्बन गरेको देखिन्छ । यस सङ्ग्रहमा 'मुक्ति', 'कुण्डल', 'सौदा', 'अस्तित्वको खोजी', 'दुःखको अन्त', 'क्रान्तिकारी विदुषी', 'हकवाला', 'उपमा', 'परस्पर माया', 'पछुतो', 'जुत्ता', 'गुरु पूजा', 'जार काटेपछि', 'इन्दु' गरी जम्मा चौधवटा कथाहरू समाविष्ट छन् । यहाँ चाहिँ खासगरी साहित्यिक कथाहरूको विश्लेषणका क्रममा उपयोग गरिने कृतिगत सन्दर्भ, कथानक, पात्रविधान, परिवेश, भाषाशैली, दृष्टिबिन्दु, द्वन्द्वविधान, उद्देश्यजस्ता कथातात्त्विक कोणहरूबाट उक्त कथासङ्ग्रहको सङ्क्षिप्त रूपमा समालोचनात्मक विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.५.१ कृतिगत सन्दर्भ

**मुक्ति** कथासङ्ग्रह सामाजिक, परिवारिक एवम् वैयक्तिक विषयवस्तुलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको रेवती राजभण्डारीले रचेको पछिल्लो चरणको कथाहरूको सँगालो हो । यसमा नेपाली समाजमा रहेका विविध सामाजिक समस्याहरूलाई देखाई तिनमा समसामयिक सुधार गरिनुपर्छ भन्ने कुरा दर्साइएको छ । प्रस्तुत कथासङ्ग्रहले मूलतः समाजमा रहेका विकृति, विसङ्गतिलाई प्रहारको केन्दबिन्दु बनाउँदै पुरुषद्वारा नारीमाथि गरिने अन्याय, अत्याचार अनि नारीले भोग्नुपर्ने दुःख, पीडा, व्यथा आदि विविध विषयवस्तुलाई आफ्नो कृतिगत सन्दर्भ बनाइएको देखिन्छ ।

### ४.५.२ कथानक

कथाकार रेवती राजभण्डारीको **मुक्ति** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूले सामाजिक, पारिवारिक एवम् वैयक्तिक विषयवस्तुलाई उठाई कथानक निर्माण गरेको देखिन्छ । प्रस्तुत कथासङ्ग्रहको पहिलो क्रमाङ्कमा रहेको **मुक्ति** शीर्षकको कथा पारिवारिक

समस्याहरूलाई प्रमुख विषय बनाएर लेखिएको कथा हो । यसमा कथाको प्रमुख पात्र मुक्तिले जीवनबाट किन र कसरी सधैंका लागि मुक्ति पायो भन्ने कुरालाई निकै रहस्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । पूर्वदिप्तिको प्रयोग गरिएको यो कथा न्यून रैखिक ढाँचामा संरचित रहेको छ । 'कुण्डल' शीर्षकको कथा रैखिक ढाँचामा लेखिएको कथा हो । यसमा तराईतिर बस्तै गरेको पुष्पराजले नारीहरूलाई यौनको आगो निभाउने साधनका रूपमा प्रयोग गर्ने गरेको र ऊ बाहिरबाट हेर्दा जति नैतिकवान् देखिए पनि भित्रभित्रै कतिसम्म चरित्रहीन थियो भन्ने प्रसङ्ग आदि भागका रूपमा आएको छ । भने सहरबाट आफ्नो लोग्ने र बुबालाई भेट्न हिँडेका उसका श्रीमती र छोरीले बाटामा भोग्नु परेको दुःखद् परिस्थिति कथाको मध्य भागका रूपमा रहेको छ र पुष्पराजको सुरा र सुन्दरी भनेपछि हुरुक्क हुने प्रवृत्तिका कारण भूलवस आफ्नै छोरीमाथि हुन पुगेको यौनशोषण र यसबाट उसमा परेको मानसिक तनाव कथाको अन्त्य भाग हो । यस घटनालाई क्रमिकता दिन चरित्र, कार्यव्यापार र संवेगात्मक अवस्थालाई निकै व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ । 'सौदा' शीर्षकको कथामा बाबुआमाको अदूरदर्शी निर्णयका कारण आफ्नै सन्तानले कस्तो दुःख, पीडा भोग्न बाध्य हुन्छ भन्ने कुरालाई चन्द्राको जीवनभोगाइबाट देखाइएको छ । चन्द्राको जीवनभोगाइ नै प्रमुख कथानकका रूपमा रहेको प्रस्तुत कथामा 'म' पात्र, मालती र मङ्गलीको चरित्र सहायक कथानकका रूपमा रहेको छ । 'अस्तित्वको खोजी' शीर्षकको कथामा पूर्वदिप्तिको प्रयोग भएकाले यो कथा निकै कुतूहल प्रकृतिको बन्न पुगेको छ । कथाकी प्रमुख पात्र दुर्गाले आफ्नो जीवनमा भोग्नुपरेको समस्यालाई यसले प्रमुख कथानक बनाइएको छ । मान्छेको उमेर ढल्कँदै गएपछि ऊ आफ्नै छोराबुहारीको निर्दयी स्वभाव र सङ्कुचित व्यवहारले प्रताडित भएको घटनालाई दुर्गाका जीवनभोगाइबाट देखाइएको छ । मानिसमा रहने अस्तित्ववादी चेतनाका कारण ऊ निर्दयी र सङ्कुचित जीवनबाट मुक्त भई आत्मनिर्भर तथा स्वतन्त्र जीवन जिउन पछि पर्दैन भन्ने कुरालाई दुर्गाका चरित्रबाट प्रष्ट्याइएको प्रस्तुत कथा दुःखान्तमा टुङ्गिएको छ । 'दुःखको अन्त' कथा सामाजिक यथार्थलाई अवलम्बन गरी रैखिक ढाँचामा लेखिएको कथा हो । छोटो कथानक भएको यो कथा ज्यादै यथार्थ प्रकृतिको छ । कथाका प्रमुख दुई पात्र उजेली र चमेली सौतासौता हुन्छन् । लोग्नेको मृत्युपछि गाउँघरमा काम गरेर जीविका चलाउँदै गरेका उनीहरूले बृद्धाअवस्थासँगै घरमै रक्सी बेच्ने कार्य गरेको थाहा पाएपछि प्रहरीद्वारा गिरफ्तारमा पर्दछन् र आफ्ना दुःखका दिन सकिएको ठान्छन् । सामाजिक विषयवस्तुलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको 'क्रान्तिकारी विदुषी'

कथामा एउटी नारीले आफ्नै घरपरिवार र माइतीबाट समेत भोग्नुपरेको पीडा, व्यथा र उसले बाँच्नका लागि प्रतिबद्ध भएर गरेको सङ्घर्षलाई कथाकी प्रमुख पात्र कुन्तिका चरित्रबाट प्रस्तुत गरिएको छ । न्यून रैखिक ढाँचामा संरचित यस कथाले कुन्तिको जीवनभोगाइ र सङ्घर्षलाई प्रमुख कथानक बनाइएको छ । 'हकवाला' रैखिक ढाँचामा लेखिएको कथा हो । हर्कबहादुरले आफ्ना चार छोराहरूलाई आत्मनिर्भर बनाउन चाहेको हुन्छ तर छोराहरू भने हरिलम्फू भएर निस्केको घटना कथाको आदि भाग हो भने छोराहरूको व्यवहारबाट दिक्क भएर हर्कबहादुरले घर छोडेको घटना मध्य भाग हो । उसका चारै भाइ छोराहरू जाँगरिला फूर्तिला भई घरव्यवहार गर्न थालेको प्रसङ्ग अन्त्य भागका रूपमा रहेको छ । 'परस्पर माया' कथा रैखिक ढाँचामा प्रस्तुत भएको सामाजिक विषयवस्तुलाई निकै मार्मिक ढङ्गले चित्रण गरिएको कथा हो । यसमा गाउँबाट सहरतिर पलायन हुने युवाहरू र तिनले सहरमा भोग्नुपर्ने पीडाहरूलाई राम, श्याम र अर्जुनका चरित्रबाट उद्घाटन गर्दै उनीहरूबीचमा रहेको मित्रता पूर्ण भावनालाई देखाइएको छ ।

समग्रमा प्रस्तुत **मुक्ति** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूले सामाजिक पारिवारिक एवम् वैयक्तिक विषयवस्तुलाई प्रमुख रूपमा उठाइएको देखिन्छ । प्रस्तुत सङ्ग्रहका प्रायः कथाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा बाँधिएका छन् भने घटनाको क्रमिकता, चरित्र, कार्यव्यापार, संवेगात्मक अवस्था आदिलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन प्रयत्न गरेको भेटिन्छ । कथानकमा जटिल घटनाभन्दा सामान्य घटनाहरूको संयोजन बढी पाइन्छ ।

### ४.५.३ पात्रविधान

कथाकार रेवती राजभण्डारीको प्रस्तुत **मुक्ति** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूका पात्रलाई स्वभाव, लिङ्ग, कार्य, प्रवृत्ति, सामाजिक सम्बन्ध, आबद्धता आदिका आधारमा वर्गीकरण गरी हेर्न सकिन्छ । स्वभावगत आधारबाट यसका पात्रहरू स्थिर र गतिशील दुवै खालका भेटिन्छन् । 'मुक्ति' कथाको मुक्ति, 'कुण्डल' कथाको पुष्पराज, 'सौदा' कथाका चन्द्रा, मङ्गली, 'अस्तित्वको खोजी' कथाका दुर्गेश, मेनका, 'दुःखको अन्त' कथाका उजेली, चमेली, 'जुत्ता' कथाका तुलसीदेवी, शङ्कर, 'इन्दू' कथाका इन्दु, सुरज आदि पात्रहरूको सुरुदेखि अन्त्यसम्म स्वभाव, आचरण र कार्यशैलीमा कुनै किसिमको परिवर्तन भएको पाइँदैन, त्यसैले उनीहरू स्थिर पात्र हुन् । 'अस्तित्वको खोजी' कथाकी दुर्गा, 'क्रान्तिकारी विदुषी' कथाकी कुन्ति, 'हकवाला' कथाका हर्कबहादुरका छोराहरू, 'उपमा'

कथाकी उपमा आदि पात्रहरूको मान्यता, आचरण, सोचाइ र कार्यव्यापारमा परिवर्तन भएकाले उनीहरू गतिशील पात्रका रूपमा देखिन्छन् । लिङ्गका आधारमा हेर्दा प्रस्तुत सङ्ग्रहमा स्त्री र पुरुष दुवै खालका पात्रहरूको प्रयोग भेटिन्छ । मुक्ति, पुष्पराज, दुर्गेश, हर्कबहादुर, राम, श्याम, अर्जुन, सुरज, प्रभाकर, शङ्कर आदि सशक्त पुरुष पात्रका रूपमा देखिन्छन् भने सितु, चन्द्रा, दुर्गा, मेनका, उजेली, चमेली, कुन्ति, उपमा आदि सशक्त स्त्री पात्रका रूपमा देखिन्छन् । कार्यका आधारमा प्रमुख, सहायक र गौण पात्रहरूको स्थितिको निक्यौंल गर्न सकिन्छ । 'मुक्ति' कथाको मुक्ति, 'कुण्डल' कथाको पुष्पराज, 'सौदा' कथाकी चन्द्रा, 'अस्तित्वको खोजी' कथाकी दुर्गा, 'दुःखको अन्त' कथाका उजेली, चमेली, 'कान्तिकारी विदुषी' कथाकी कुन्ति, 'उपमा' कथाकी उपमा आदि पात्रहरूको भूमिका प्रमुख रहेकाले उनीहरू प्रमुख पात्रका रूपमा देखिन्छन् । यसैगरी 'मुक्ति' कथाको शिवहरि, 'सौदा' कथाका मङ्गली, मालती, 'अस्तित्वको खोजी' कथाका दुर्गेश, मेनका, 'जुत्ता' कथाका शङ्कर, ईश्वरी, 'जार काटेपछि' कथाको प्रभाकर आदि सहायक पात्रका रूपमा देखिन्छन् । उनीहरू मुख्य पात्रका सहयोगीका रूपमा प्रस्तुत भएका छन् प्रस्तुत कथासङ्ग्रहमा मुक्तिका छोराछोरी, गुणराज, प्रहरीहरू, हर्कबहादुरका बुहारीहरू, गोरे, ईश्वर आदि पात्रहरूको खासै भूमिका नभएकाले तर कथानकभित्र समेटिएर आएकाले उनीहरू गौण पात्रका रूपमा देखिन्छन् । प्रवृत्तिका आधार प्रस्तुत कथासङ्ग्रहमा अनुकूल र प्रतिकूल गरी दुई किसिमका पात्रहरू रहेका देखिन्छन् । 'सौदा' कथाकी चन्द्रा, 'अस्तित्वको खोजी' कथाकी दुर्गा, 'हकवाला' कथाको हर्कबहादुर, 'उपमा' कथाकी उपमा, 'परस्पर माया' कथाका राम, श्याम, अर्जुन आदि पात्रहरूले नैतिकता, आदर्श, सामाजिक मूल्य र मान्यतालाई आत्मसात गरी आफ्नो भूमिका निर्वाह गरेकाले उनीहरू अनुकूल चरित्रका देखिन्छन् भने 'मुक्ति' कथाकी सितु, 'कुण्डल' कथाको पुष्पराज, 'अस्तित्वको खोजी' कथाका दुर्गेश र मेनका, 'उपमा' कथाकी कल्पिता आदि पात्रहरूमा नैतिकता, आदर्श, सामाजिक मूल्य र मान्यताअनुकूलको चरित्र नभेटिएकाले उनीहरू प्रतिकूल पात्रका रूपमा देखिन्छन् । सामाजिक सम्बन्धका आधारमा हेर्दा प्रस्तुत कथासङ्ग्रहका पात्रहरू प्रायः मध्यम, निम्न तथा केही उच्च वर्गका देखिन्छन् । आबद्धताका आधारमा हेर्दा यसमा बद्ध र मुक्त गरी दुवै किसिमका पात्रहरू रहेका छन् ।

### ४.५.४ परिवेश

रेवती राजभण्डारीको प्रस्तुत **मुक्ति** कथासङग्रहमा समाविष्ट भएका कथाहरूमा प्रयोग भएको परिवेशतर्फ दृष्टि दिँदा यसमा नेपाली समाज र नेपाली जनजीवनको राम्रो चित्र उपस्थापित भएको भेटिन्छ। यस सङ्ग्रहमा नेपाली समाजमा परम्परादेखि रहँदै आएको संस्कृति, परम्परा, सामाजिक आचार-विचार, रीतिरिवाज आदिको समाजसुहाउँदो रूपमा चित्रण गरिएको छ । प्रस्तुत सङग्रहको पहिलो क्रमाङ्कमा रहेको 'मुक्ति' कथाको परिवेश सहरी छ । यसमा सरकारी कार्यालयको चित्रण हुनु, विभिन्न पार्टीहरूको आयोजना हुनु, काठमाडौँको वसन्तपुरमा विभिन्न वस्तुहरूको बेचबिखन हुनुले यस कथाले सहरिया वातावरणको अङ्कन गरेको स्पष्टै देखिन्छ । 'कुण्डल' शीर्षकको कथामा तराईको वातावरणका साथै सहरको पनि परिवेशको प्रयोग भएको देखिन्छ । यस कथामा तराईको वातावरणमा महिलामाथि भएगरेका यौनजन्य क्रियाकलापको चित्र प्रमुख रूपमा उतारिएको छ। कथामा विवाहको प्रसङ्ग र यसमा महिलाहरूले लगाउने गरगहनाहरू तथा नेपालीको दोस्रो ठूलो चाड तिहारमा गरिने कार्यहरूको चित्र उतारिएको छ । 'अस्तित्वको खोजी' शीर्षकको कथामा प्रमुख रूपमा काठमाडौँ र आंशिक रूपमा सुर्खेतको परिवेशलाई उतारिएको छ । सहरमा  देखिने पारिवारिक समस्या र यसबाट दिक्क भई आत्मनिर्भर र स्वतन्त्र जीवन बिताउने क्रममा सुर्खेतको बाल मन्दिरका अनाथ केटाकेटीको लालनपालन गरेको परिदृश्यलाई दुर्गाको कारुणिक चित्रणबाट उतारिएको छ । 'दुःखको अन्त' कथा ग्रामीण परिवेशमा रचना भएको छ । यस कथामा प्रस्तुत वातावरण, रीतिरिवाज र उनीहरूले बाँच्नका लागि गरेका कार्यहरूलाई सरल तथा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। 'हकवाला' कथामा ग्रामीण भेगको जनजीवनलाई परिवेशका रूपमा प्रयोग गरिएको छ। प्रस्तुत कथमा गाउँको उल्लेख हुनु, गाउँमा प्रयोग हुने कुटो, कोदालो, हँसिया, डोको, नाम्लो, डालो, नाङ्लो आदिको उल्लेख हुनुले ग्रामीण परिवेशको चित्रण भएको प्रष्टै देखिन्छ। 'उपमा' कथमा सहरी परिवेशको चित्रण भएको छ। यसमा बालवैधव्य जीवनको समस्या र आफ्नै माइतीबाट समेत अपहेलित हुनुपर्ने स्थितिको चित्रण उपमाका माध्यमबाट गरिएको छ । 'परस्पर माया' कथामा महाराजगञ्ज, कलङ्कीलगायतका ठाउँहरूको उल्लेख हुनुले कथाको परिवेश काठमाडौँ रहेको स्पष्ट हुन्छ। यसमा राम,श्याम र अर्जुनका बीचमा रहेको आत्मीय सम्बन्ध र नेपालीहरूको महान् चाड दसैँको चित्र उतारिएको छ। 'पछुतो' कथा ग्रामीण परिवेशमा रचना भएको छ। कथामा प्रस्तुत वातावरण, रीतिरिवाज, बोलचाल

आदिले यसको पुष्टि गर्छन् । 'जार काटेपछि', 'इन्दू', 'जुत्ता' आदि कथाहरू पनि सहरी परिवेशमा संरचित भएका देखिन्छन् ।

### ४.५.५ भाषाशैली

कथाकार रेवती राजभण्डारीको प्रस्तुत **मुक्ति** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूको भाषाशैलीलाई केलाउँदा यसमा सरल, सहज एवम् सम्प्रेषण भाषाको प्रयोग भेटिन्छ । प्रस्तुत सङ्ग्रहका कथाहरूले सामाजिक, पारिवारिक तथा वैयक्तिक विषयवस्तुलाई अवलम्बन गरेका हुनाले पनि यसको भाषाशैली सहज तथा सुबोध बन्न पुगेको देखिन्छ । कथाकार राजभण्डारी भाषाशैलीलाई आलङ्कारिक तथा विम्ब र प्रतीकले सजावट गराउनपट्टि लागेकी छैनन् । प्रचलित सरल शब्दहरूको चयन, मूलतः अभिधात्मक शब्दशक्तिमा आधारित सहज विम्बविधान, सरल वाक्यगठन र सहज, सम्प्रेषणीय प्रस्तुति यस कथासङ्ग्रहमा रहेको प्रष्टै देखिन्छ । सरल, सहज तथा पात्रानुकूल बोलचालको भाषाको प्रयोग र छोटा संवादको प्रयोगले यस सङ्ग्रहका कथालाई सरल, सहज तथा स्वाभाविक बनाउनुका साथै रोचक र प्रभावकारी बनाइएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका कथामा वर्णनात्मक, विवरणात्मक, व्यङ्ग्यात्मक, संवादात्मक आदि शैलीको प्रयोग भेटिन्छ । राजभण्डारीको यस सङ्ग्रहका कतिपय कथामा वर्णविन्यासगत त्रुटि, पदक्रमको विचलन तथा केही कथाहरूमा 'त' र 'ट' को प्रयोगमा स्पष्टै त्रुटि फेला पर्दछन् । कथाकार राजभण्डारीले प्रस्तुत सङ्ग्रहका कथाहरूमा तत्सम, तदभव र आगन्तुक गरी तीनै खालका शब्दहरूको प्रयोग गरेको भेटिन्छ । यस सङ्ग्रहका कथामा 'फिल्म', 'पोष्टमार्टम', 'रिपोर्ट', 'प्रमोशन', 'डिस्चार्ज', 'जन्डिस', 'अर्डर', 'पोष्ट', 'एयरपोर्ट' आदि अङ्ग्रेजी मूलका शब्दहरूको प्रयोग गरेको भेटिन्छ । प्रस्तुत कथासङ्ग्रहमा प्रयोग भएका 'ढकमक्क', 'झमक्क', 'मुसुमुसु', 'धपक्क', 'टपटप', 'खुत्रुक्क', 'सुटुक्क', 'मुसुक्क', 'टुकटुक', 'टपक्क', 'टुप्लुक्क', 'घुप्लुक्क' जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यसको भाषाशैलीलाई मिठास र प्रभावकारी बनाउन सहयोग पुऱ्याएको प्रष्टै देखिन्छ । वाक्यगठनमा सामान्यतया सरल वाक्यहरूकै प्रयोग बढी मात्रामा भेटिन्छ भने कतैकतै संयुक्त, मिश्रवाक्यहरू सरल रूपमा नै प्रयोग भएको भेटिन्छ ।

### ४.५.६ दृष्टिबिन्दु

कथाकार रेवती राजभण्डारीको प्रस्तुत **मुक्ति** कथासङ्ग्रहमा समाविष्ट भएका अधिकांश कथाहरू बाह्य दृष्टिबिन्दु अँगाली तृतीय पुरुषशैलीमा लेखिएका भेटिन्छन् । प्रस्तुत सङ्ग्रहको पहिलो क्रमाङ्कमा रहेको 'मुक्ति' शीर्षकको कथामा दृष्टिबिन्दु पात्रका रूपमा खडा भएको मुक्तिको मानसिक स्थिति वा अवस्थालाई चित्रण गरिएको छ । ऊ आफ्नै श्रीमती र छोराछोरीबाट किन उपेक्षित भयो र जीवनबाट कसरी सधैंका लागि मुक्ति पायो भन्ने कुरालाई प्रष्ट्याइएको हुँदा यसमा बाह्य दृष्टिबिन्दु अवलम्बन गरी तृतीय पुरुषशैलीको प्रयोग भएको देखिन्छ । 'कुण्डल' शीर्षकको कथा बाह्य दृष्टिबिन्दु अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएको छ । कथाको प्रमुख पात्र पुष्पराजको दिनचर्यालाई व्यक्त गरिएको र उसको खराब आचरण र व्यवहारको उद्घाटन गरिएकाले यस कथामा सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । 'सौदा' कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएको छ । चन्द्राले भोगेका विवरणमात्र होइन; उसका अनुभूति, आवेग र संवेगका कुराहरूलाई कथाकारद्वारा टपक्क टिपेर प्रस्तुत गरिएको छ । 'अस्तित्वको खोजी' कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषमा लेखिएको छ । कथाको प्रमुख पात्र दुर्गाले आफ्नै छोराबुहारीका व्यवहारबाट भोग्नुपरेका पीडालाई मात्र होइन; उसका मनका सोचाइ र भावनालाई समेत उतारिएकाले यसमा सीमित बाह्य दृष्टिबिन्दु देखिएको छ । 'दुःखको अन्त' कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएको छ । यसमा उजेली, चमेलीजस्ता निम्नवर्गका पात्रहरूले भोग्नु परेका पीडालाई प्रस्तुत गरिएको छ । 'क्रान्तिकारी विदुषी' कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएको छ । कथाकी प्रमुख पात्र कुन्तिका मनका पीडा, मानसिक चिन्तन आदिलाई समेत प्रस्तुत गरिएकाले यसमा सीमित बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । 'हकवाला' कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएको छ । विवरणात्मक शैलीमा लेखिएको यस कथामा हर्कबहादुर र उसका छोराहरूको चरित्रको उद्घाटन गरिएकाले सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । 'उपमा' कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएको छ । उपमाका मनका सोचाइ, चिन्तन, भावना, आवेग र उत्तेजनालाई कथाकारले जस्ताको तस्तै प्रस्तुत गरेकाले यसमा सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । 'परस्पर माया' कथा बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएको छ । यसमा राम, श्याम र अर्जुनका जीवनभोगाई र उनीहरूको आत्मीयतालाई

प्रस्तुत गरिएको छ । त्यसैगरी ‘पछुतो’, ‘जुत्ता’, ‘गुरु पूजा’, ‘जार काटेपछि’, ‘इन्दू’ शीर्षकका कथाहरू पनि बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएका छन् ।

### ४.५.७ द्वन्द्वविधान

कथाकार रेवती राजभण्डारीको प्रस्तुत **मुक्ति** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूलाई द्वन्द्वविधानका दृष्टिले केलाउँदा यसमा बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व नै प्रबल रूपमा रहेको भेटिन्छ । प्रस्तुत कथासङ्ग्रहको पहिलो क्रमाङ्कमा रहेको ‘मुक्ति’ कथामा यसको प्रमुख पात्र मुक्तिमा आन्तरिक द्वन्द्व कथानकको प्रारम्भदेखि नै क्रमिक रूपमा विकसित भई अन्त्यमा यसले चरम रूप लिई उसलाई मृत्युको मुखमा पुऱ्याएको छ । मुक्तिको रहस्यात्मक मृत्युले कथाको अर्को पात्र शिवहरिमा मानसिक द्वन्द्व उत्पन्न भएको छ । ‘कुण्डल’ शीर्षकको कथामा आफ्नै बाबु पुष्पराजबाट छोरीमाथि भएको यौनशोषणले पुष्पराजमा गम्भीर मानसिक तनाव उत्पन्न भई ऊ अँध्यारो भविष्यतिर धकेलिएको छ । ‘अस्तित्वको खोजी’ शीर्षकको कथाकी प्रमुख पात्र दुर्गामा आफ्नै छोराबुहारीको निर्दयी स्वभाव र सङ्कुचित व्यवहारका कारण आन्तरिक द्वन्द्व मच्चिएको छ । यही द्वन्द्वका कारण ऊ घरपरिवार छोडी एक्लो जीवन बाँच्न विवश भएकी छ । ‘हकवाला’ कथाको प्रमुख पात्र हर्कबहादुर परिश्रमी, लगनशील र मिहिनेती थियो, तर उसका छोराहरू आफूजस्तै बन्न नसकेका कारण उसमा मानसिक द्वन्द्व उत्पन्न भई उसले घर छोड्नु परेको छ । ‘उपमा’ शीर्षकको कथामा आफ्नै भाइबुहारी कल्पिताको निकृष्ट व्यवहारले उपमाका मनमा हुँडलो मच्चिन पुगी अन्त्यमा माइतीघरलाई छोड्न उपमा बाध्य भएकी छ । ‘पछुतो’ शीर्षकको कथामा आफ्नै धर्मछोरीलाई रिसको झोँकमा कुटी उसको मृत्यु हुन पुगेपछि कथाकी प्रमुख पात्र बूढीमा गम्भीर आन्तरिक द्वन्द्व उत्पन्न भई ऊ पागल हुने स्थितिमा पुगेकी छ । ‘जार काटेपछि’ शीर्षकको कथामा लामो समयसम्म विदेश बसेको वरुण घर फर्कने क्रममा एयरपोर्टमा स्वागतका लागि उभिएका आमा, श्रीमती पूर्णिमा र छोरीका साथमा प्रभाकरलाई देखेपछि उसका मनमा चिसो पसेको छ । प्रभाकरले यति धेरै उमेरसम्म पनि किन विवाह नगरी बस्यो अनि कतै आफ्नै श्रीमतीसँग त प्रभाकरको लसपस छैन ? भन्ने प्रश्नले वरणलाई निकै प्रताडित बनाइएको छ । यही तनावका कारण वरुणको हातको नाङ्गो खुकुरी जारको घाँटीमा बज्रिन पुगेको छ । माथि उल्लिखित भएका घटनाक्रमले प्रस्तुत **मुक्ति** कथासङ्ग्रहका पात्रहरूमा आन्तरिक द्वन्द्व रहेको प्रष्टै देखिन्छ ।

### ४.५.८ उद्देश्य

कथाकार रेवती राजभण्डारीको प्रस्तुत **मुक्ति** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूलाई उद्देश्यका दृष्टिले हेर्दा यसमा सामाजिक विषयवस्तुमा अन्तर्निहित पारिवारिक, वैयक्तिक, विषयवस्तुद्वारा नारीमाथि हुने थिचोमिचो, नारी हुनुका पीडा, व्यथा, बाध्यता आदिलाई यथार्थपरक ढङ्गले देखाउनु र तिनमा रहेका विकृति, विसङ्गतिमाथि समसामयिक सुधारको अपेक्षा राख्नु नै प्रस्तुत कथासङ्ग्रहको मूलभूत उद्देश्य रहेको देखिन्छ । प्रस्तुत कथासङ्ग्रहको क्रमाङ्कको पहिलो स्थानमा रहेको 'मुक्ति' कथामा पारिवारिक समस्यालाई उद्घाटन गर्दै परिवारका सदस्यहरूका बीचमा आपसी तालमेल सरसहयोग र कर्तव्यको ख्याल गर्दै सबैले आ-आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्नुपर्दछ, नत्र पारिवारिक स्थिति नै दुर्घटित हुन पुग्दछ भन्ने देखिन्छ । 'कुण्डल' कथामा आफ्नै बाबु भनौदाबाट चेलीबेटी कसरी असुरक्षित हुन पुग्दछन् भन्ने देखाउँदै यस्ता अपराधीलाई गाउँ, समाजबाटै तिरष्कार गर्नुपर्छ भन्ने उद्देश्य राखिएको छ । 'सौदा' कथामा कथाकी प्रमुख पात्र चन्द्राका माध्यमबाट आफ्नै बाबुआमाले छोरीका बारेमा उचित समयमा ठीक ढङ्गले निर्णय लिन नसक्ता छोरीको वैवाहिक जीवन कति टिठलाग्दो बन्न पुग्छ भन्ने कुरालाई प्रमुख रूपमा देखाइएको छ । 'अस्तित्वको खोजी' कथामा बृद्धावस्था भएपछि आफ्नै छोराबुहारीद्वारा आमाले कसरी अपहेलित भई एक्लो जीवन बाँच्न विवश हुनुपर्छ भन्ने कुरालाई कथाकी प्रमुख पात्र दुर्गाका माध्यमबाट प्रस्तुत गरिएको छ । 'दु:खको अन्त' कथाले नेपाली नारीहरूको दयनीय अवस्था रहेको र उनीहरूले जीवनयापनका लागि कठिन कार्यहरू गर्नुपर्ने स्थितिको चित्रण उजेली र चमेलीका चरित्रबाट देखाउनु कथाको प्रमुख उद्देश्य देखिन्छ । 'क्रान्तिकारी विदुषी' कथामा नारी हुनुका पीडा, व्यथा र जलनलाई प्रस्तुत गर्दै आवश्यक परेमा नारीले सामाजिक कुरीतिका विरुद्ध क्रान्तिकारी कदम चाल्न पनि पछि पर्नु हुँदैन भन्ने कुरा कुन्तिका चरित्रबाट देखाउनु नै कथाको उद्देश्य देखिन्छ । 'हकवाला' कथाले आफूभन्दा ठूलाले दिएको सही सल्लाहसुझावलाई आत्मसात गरी परिश्रमी, सहयोगी र मिहिनेती भएर कार्य गरेमा पारिवारिक सम्बन्ध सुमधुर हुन्छ, नत्र परिवारमा दु:ख, पीडा आइपर्छ भन्ने देखाउनुलाई कथाले उद्देश्य बनाइएको छ । 'उपमा' शीर्षकको कथामा महिलाद्वारा महिलानै कसरी प्रताडित भएका छन् भन्ने कुरालाई आफ्नै भाइबुहारी कल्पिताले उपमालाई गरेको निकृष्ट व्यवहारबाट उजागर गर्नु कथाको प्रमुख उद्देश्य रहेको प्रष्टै देखिन्छ । "परस्पर माया"

कथाले साथीत्वको मूल मर्मलाई राम, श्याम र अर्जुनका बीचमा रहेको आपसी सम्बन्धका माध्यमबाट देखाउनुलाई प्रमुख उद्देश्य बनाइएको प्रष्टै देखिन्छ ।

समग्रमा राजभण्डारीको प्रस्तुत 'मुक्ति' कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूले सामाजिक, पारिवारिक तथा वैयक्तिक विषयवस्तुलाई उठाई तिनमा देखिएको विकृति र विसङ्गति उजागर गर्दै त्यसमा समसामयिक ढङ्गले सुधार हुनुपर्छ भन्ने कुरालाई नै प्रमुख उद्देश्य बनाइएको देखिन्छ ।

## ४.६ बालसुधा बालकथासङ्ग्रहको विश्लेषण

नेपाली बालसाहित्यका क्षेत्रमा पनि रेवती राजभण्डारी साधनारत महिला साहित्यकार हुन् । बालसाहित्यका विभिन्न विधाहरूमध्ये महत्त्वपूर्ण विधाका रूपमा रहेको 'बालकथा' राजभण्डारीको लेखनीको अर्को उल्लेखनीय पाटो हो । उनका बालकथाहरूले सामाजिक, पारिवारिक तथा पौराणिक विषयवस्तुका माध्यमबाट बालबालिकालाई शिक्षा, मनोरञ्जन तथा बालबालिकाहरूमा मानवीय असल धारणाहरू विकास गराउने उद्देश्य राखेका देखिन्छन् । अर्कातिर राजभण्डारीका बालकथाहरूमा समावेश गरिएका चित्रहरूले कथालाई झनै रोचक बनाएका छन् । सामान्य जीवनमा नहुने भूत, जादु, अर्न्तध्यान हुनेजस्ता विषयले बालबालिकाहरूलाई थप मनोरञ्जन प्रदान गर्दछ् । राजभण्डारीका हालसम्म **बालसुधा** (२०५५), **भूतसँग जम्काभेट** (२०६१) र **लठेब्रो राजा** (२०६४) गरी तीनवटा बालकथासङ्ग्रहरू प्रकाशित भएका छन् भने उनको **राजाको सिंङ छ** नामक २०६२ छुट्टै बालकथा पनि प्रकाशित भएको छ । यहाँ बालसाहित्यकार राजभण्डारिका तीनै बालकथासङ्ग्रहरू तथा फुटकर बालकथाको पनि सङ्क्षिप्त रूपमा परिचयात्मक अध्ययन गरिएको छ ।

**बालसुधा** बालकथासङ्ग्रह रेवती राजभण्डारीले लेखेको बालसाहित्यतर्फको प्रथम प्रकाशित साहित्यिक कृति हो । प्रस्तुत कृति वि.सं. २०५५ मा रत्न पुस्तक भण्डारद्वारा प्रकाशित भएको हो । आयतनका दृष्टिले आवरण पृष्ठबाहेक एक्काईस पृष्ठमा फैलिएको यस कृतिमा 'को ठूलो को सानो?', 'प्रज्ञाको उत्साह', 'पुरस्कारको अधिकार', 'लोभी सर्प', 'अधिकार' गरी जम्मा पाँचवटा कथाहरू समाविष्ट भएका छन् । प्रत्येक कथाको घटनाक्रमलाई रोचक तथा स्पष्ट पार्न के.के. कर्मचार्यद्वारा निर्मित तेह्रवटा सादा चित्रले उक्त कृति सजिएको छ । प्रस्तुत सबै चित्रहरूले कथावस्तुलाई स्पष्ट पार्नमा सहयोग

पुऱ्याएका छन् । यहाँ चाहिँ खासगरी विषयवस्तु, भाषाशैली, दृष्टिबिन्दु, सन्देशजस्ता कोणहरूबाट उक्त बालकथासङ्ग्रहको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.६.१ विषयवस्तु

रेवती राजभण्डारीको प्रस्तुत **बालसुधा** बालकथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूमा सामाजिक, पौराणिक तथा पारिवारिक विषयहरू नै मुख्य रूपमा रहेका भेटिन्छन् । प्रस्तुत सङ्ग्रहको पहिलो क्रमाङ्कमा रहेको 'को ठूलो को सानो' कथाले समाजमा बस्ने सबै मानिसहरूले एकै किसिमको काम गरेका हुँदैनन्, उनीहरूले आफ्नो जीविका चलाउनका लागि विभिन्न कार्यहरू गर्दछन्, उनीहरूले गर्ने कामका आधारमा मान्छेलाई भेदभाव गर्नु हुँदैन, आफूभन्दा ठूलालाई मानमर्यादा र आफूभन्दा सानालाई माया-दया गर्नुपर्छ भन्ने कुरालाई एकातिर प्रमुख विषयका रूपमा उठाएको छ भने अर्कातिर पौराणिक मिथकको प्रयोग गरी सम्पूर्ण मानवजाति ब्रह्माका सन्तान भएकाले उनीहरू कोही ठूला र कोही साना हुँदैनन् भन्ने विषय प्रस्तुत गरेको देखिन्छ । 'प्रज्ञाको उत्साह' कथामा केटाकेटी नयाँ-नयाँ कुरा जान्न, बुझ्न उत्सुक हुन्छन् भन्ने कुरालाई भूताहा घरका बारेमा बुझ्न प्रज्ञाले आफ्ना बाबुसँग बारम्बार ढिपी गरेको घटना अनि प्रज्ञाले भूताहा घरको वास्तविकता पत्ता लगाउन सकेको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । 'पुरस्कारको अधिकार' कथाले अल्छी व्यक्तिले जीवनमा कहिल्यै पनि प्रगति गर्न सक्तैन, अनि कुनै पनि पुरस्कार प्राप्त गर्न उसले गर्ने प्रयास नै निरर्थक हुन्छ, जो व्यक्ति मिहिनेती, परिश्रमी र चलाख हुन्छ त्यही व्यक्ति नै पुरस्कार प्राप्त गर्नका लागि योग्य ठहर्छ भन्ने कुरालाई विषयवस्तु बनाइएको छ । 'लोभी सर्प' कथामा मानवेतर पात्र सर्प र मुसोका चरित्रबाट बढी लोभ गर्नाले त्यसले आफैलाई हानी पुऱ्याउँछ भन्ने विषय प्रमुख रूपमा रहेको छ । 'अधिकार' कथामा पारिवारिक विषयवस्तुलाई प्रमुख रूपमा उठाइएको छ । मान्छेले आफ्नो परम्परागत रूपमा रहेको थरलाई बदल्दा आफ्नै बाबुआमा र दाजुभाइबाट टाढा हुनुपर्ने अनि आफूले पाउने अधिकार तथा सम्पत्तिबाट बञ्चित हुनुपर्दा कस्तो पीडाको अनुभूति हुन्छ भन्ने विषयलाई उठाइएको छ ।

### ४.६.२ भाषाशैली

प्रस्तुत **बालसुधा** बालकथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूमा प्रयोग भएको भाषाशैलीलाई हेर्दा यसका सबै कथाहरूमा प्रयुक्त भाषा प्रायः सहज, सरल र सुबोध नै

रहेको भेटिन्छ । प्रस्तुत सङ्ग्रहमा 'न' 'त' 'लौ' 'है' जस्ता निपातको प्रयोगले र 'सुटुक्क', 'टुप्लुक्क', 'खुरुक्क', 'थचक्क', 'लुरुक्क' जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यसको भाषाशैलीलाई निकै रोचक र प्रभावकारी बनाइएको छ । यस सङ्ग्रहका सबै कथाहरूमा वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग गरिएको छ भने विभिन्न स्थानमा प्रयोग भएका चित्रहरूले वस्तु वा दृश्यको यथार्थ स्वरूपको उद्घाटन गर्न पनि बल पुऱ्याएको प्रष्टै देखिन्छ । समग्रमा यस सङ्ग्रहमा प्रयोग भएको भाषशैली बालबालिकाका लागि सम्प्रेष्य नै रहेको देखिन्छ ।

### ४.६.३ दृष्टिबिन्दु

प्रस्तुत **बालसुधा** बालकथासङ्ग्रहमा समाविष्ट भएका सबै कथाहरूमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ, अर्थात् यसमा सङ्गृहीत सबै कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । अर्को शब्दावलीमा भन्नु पर्दा यस सङ्ग्रहभित्रका कथामा कथाकारले विभिन्न किसिमका पात्रहरूलाई उभ्याएर घटनाहरूको वर्णन गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको स्पष्टै देखिन्छ ।

### ४.६.४ सन्देश

प्रत्येक कृतिका आफ्नै किसिमका उद्देश्य हुने गर्दछन् । राजभण्डारीद्वारा रचित **बालसुधा** बालकथासङ्ग्रहभित्रका कथाहरू पनि विभिन्न किसिमका उद्देश्यहरू बोकेर प्रस्तुत भएका देखिन्छन् । प्रस्तुत सङ्ग्रहको पहिलो बालकथा 'को ठूलो, को सानो ?' कथामा संसारका सबै मानिस एकै हुन्, आफूभन्दा ठूलालाई मान-मर्यादा गर्नुपर्छ र आफूभन्दा सानालाई मायादया गर्नुपर्छ, आफ्ना बालबालिकाहरूमा यस्ता गुणहरूको विकास सानैदेखि गराउनु पर्छ भन्ने सन्देश प्रकट भएको छ । 'प्रज्ञाको उत्साह' बालकथामा बालबालिकाहरू स्वभावैले नयाँ-नयाँ कुरा जान्ने, बुझ्ने र कुनै काम गर्न पनि पछि पर्दैनन् भन्ने कुरालाई प्रज्ञाका माध्यमबाट प्रस्तुत गरिएको छ । गाउँका मान्छेहरू डरले भूताहा घर भनिएको ठाउँमा जान नसकिरहेको अवस्थामा प्रज्ञा त्यस घरमा गई भूताहा घरको वास्तविकता पत्ता लगाउन सफल भएकी छ । त्यसैले साना केटाकेटीलाई यदि अवसर र वातावरण मिलाउन सकेमा उनीहरूले पनि नयाँ-नयाँ कुराहरूको बारेमा अनुसन्धान गर्न सक्छन् भन्ने सन्देश नानीहरूलाई दिन खोजिएको छ । 'पुरस्कारको अधिकार' बालकथामा मान्छे अल्छी हुनुहुँदैन । अल्छी मान्छे सधैं पछाडि पर्छ र उसले जीवनमा कुनै प्रगति गर्न सक्तैन, मान्छे मिहिनेती,

परिश्रमी र चलाख भएमा उसले जस्तै कार्यमा पनि सफलता प्राप्त गर्न सक्छ भन्ने सन्देश प्रकट भएको छ । 'लोभी सर्प' बालकथामा दुष्ट भन्ने जान्दाजान्दै पनि सर्पका चिल्ला कुरामा विश्वास गरेर मुसाले उसलाई सहयोग गर्दा उल्टै धोका पाई ज्यान गएको छ । यस कथाले अर्काको कपटपूर्ण कुरामा तुरुन्तै विश्वास गरेर बढी लोभ गऱ्यो भने त्यसले आफैँलाई हानीगर्छ भन्ने शिक्षा पनि केटाकेटीलाई दिएको देखिन्छ ।

## ४.७ भूतसँग जम्काभेट बालकथासङ्ग्रहको विश्लेषण

रेवती राजभण्डारी नेपाली बालसाहित्यका क्षेत्रमा निष्ठापूर्वक लगिपरेकी स्रष्टा हुन् । बालसाहित्यसिर्जनाका क्रममा 'भूतसँग जम्काभेट' शीर्षकको बालकथासङ्ग्रह वि.सं. २०६१ मा रत्न पुस्तक भण्डारद्वारा प्रथम पटक प्रकाशित भएको हो । त्यसपछि वि.सं. २०६४ मा यसको थप संस्करण निस्किसकेको छ । यो बालकथासङ्ग्रह उनको दास्रो पुस्तकाकार कृति हो । आयतनका दृष्टिले आवरण पृष्ठबाहेक अठार पृष्ठमा विस्तारित यस कृतिमा 'भूतसँग जम्काभेट', 'विद्वान्को छनौट', 'झूटको परिणाम', 'किचकन्ने', 'सहिद', गरी जम्मा पाँचवटा कथाहरू समाविष्ट भएका छन् । प्रत्येक कथाको घटनाक्रमलाई रोचक तथा स्पष्ट पार्न के-के कर्मचार्यद्वारा निर्मित बाह्रवटा सादा चित्रले उक्त कृति सजिएको छ । प्रस्तुत सबै चित्रहरूले कथावस्तुलाई स्पष्ट पार्नमा सहयोग पुऱ्याएका छन् । यहाँ चाहिँ खासगरी विषयवस्तु, भाषाशैली, दृष्टिबिन्दु, सन्देशजस्ता कोणहरूबाट उक्त बालकथासङ्ग्रहको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.७.१ विषयवस्तु

**भूतसँग जम्काभेट** बालकथासङ्ग्रहमा समाविष्ट भएका बालकथाहरूको विषयवस्तुतर्फ दृष्टि लगाउँदा यसमा सामाजिक, पारिवारिक, देशभक्तिमूलक विषयहरूका साथै सामान्य जीवनमा नहुने भूत, प्रेत, अर्न्तध्यान हुनेजस्ता विषयहरू पनि रहेको भेटिन्छ । प्रस्तुत सङ्ग्रहको पहिलो बालकथा 'भूतसँग जम्काभेट' मा सामान्य जीवनमा नहुने भूतको सन्दर्भलाई प्रमुख रूपमा उठाइएको छ । भूत, प्रेत भन्ने कुरा सामान्य जीवनमा हुँदैनन्, तर पनि मान्छेको मनमा त्यसले एक प्रकारको छाप छाड्ने भएकाले अवास्तविक वस्तु पनि कहिले वास्तविक वस्तुजस्तै लाग्न पुगी मान्छे प्रताडित हुन्छ भन्ने कुरालाई विषयवस्तु बनाइएको छ । 'विद्वान्को छनोट' बालकथामा विद्वान् भनौदाहरूको सङ्ख्या दिनदिनै बढ्दै गइरहेको र उनीहरू केवल प्रमाणपत्र लिनका लागि दौडिरहेका छन् । विद्वान हुनका लागि

प्रमाणपत्रको आवश्यकता पर्दैनन् र जो आफूलाई कहिल्यै विद्वान् ठान्दैन्, त्यो नै वास्तविक विद्वान् हुन्छ भन्ने विषयलाई उठाइएको छ । 'फूटको परिणाम' बालकथाले परिवारिक विषयलाई उठाएको छ । केटाकेटी भनेका सानैदेखि विभिन्न रूप, गुण र स्वभावका हुन्छन् । उनीहरूलाई सानैदेखि असल आचरण, व्यवहार गर्न सिकाउनुपर्छ, नत्र उनीहरू ढाँट्ने, छल्ने कार्यमा संलग्न हुन्छन् र त्यसको परिणाम निकै गम्भीर प्रकृतिको हुन सक्छ भन्ने विषयलाई प्रस्तुत कथाले उठाएको छ । 'किचकन्ने' बालकथामा केटाकेटीसँग अनावश्यक ढङगले नचाहिँदो कुरा गऱ्यो भने त्यसले उनीहरूको मनमा भ्रम पैदा गरी उनीहरूको आत्मबल कमजोर हुन पुग्छ भन्ने विषय रहेको छ । 'सहिद' बालकथामा देशभक्तिमूलक विषयस्तु रहेको छ । नेपालमा राणाहरूको एकतन्त्रीय निरङ्कुश शासनव्यवस्था चलिरहेको अवस्थामा जनताहरू स्वतन्त्रतापूर्वक बोल्ने, लेखपढ गर्नेजस्ता अधिकारबाट वञ्चित भएको र यसैको मुक्तिका लागि सहिदहरूले देश र देशवासीका लागि आफ्नो ज्यान उत्सर्ग गरेको घटनालाई विषयवस्तु बनाइएको छ । त्यसैगरी देश र जनताका लागि आफ्नो जीवनको बलिदान गर्ने यस्ता महान् व्यक्तिहरूलाई राष्ट्र र जनताले सधैं सम्झिरहन्छन् भन्ने विषयलाई पनि उठाइएको देखिन्छ ।

## ४.७.२ भाषाशैली

भाषा कुनै पनि रचनाको मूल आधार हो । रचनालाई विशिष्ट बनाउनमा त्यसमा प्रयुक्त भाषा र शैलीले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ । कथामा प्रयुक्त भाषा पात्रहरूको उमेर र बौद्धिकस्तर सुहाँउदो भएमा कृतिले उच्चता प्राप्त गर्दछ । **भूतसँग जम्काभेट** सङ्ग्रहमा सङ्गृहीत सबै कथाहरूमा प्रयुक्त भाषा प्राय : सहज, सरस र सुबोध्य नै भेटिन्छ । कथाकारले एकातर्फ साँढे, 'कोपरा, छिँडी, छिमेकी, किसान, दैलो, चर्पी, धोतीजस्ता गाउँठाउँमा बढी प्रयोग गरिने शब्दको प्रयोग गरेर भाषमा स्वाभाविकताको निर्माण गरेकी छन्  भने अर्कातर्फ 'नाइँ', 'रे', 'लौ', 'नि', 'है', 'त' जस्ता निपात र 'खुरुक्क', 'झमक्क', 'थचक्क', 'जुरुक्क', जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरेर ग्रामीण परिवेशको जीवन्त रूप प्रस्तुत गर्नुका साथै भाषामा आवश्यक मिठास थप्ने काम गरेकी छन् । प्रस्तुत सङ्ग्रहका सबै कथाहरू वर्णनात्मक तथा संवादातात्मक शैलीमा रचिएका छन् । वर्णनात्मक शैलीको प्रयोगले वस्तु वा दृश्यको यथार्थ स्वरूपको उद्घाटन गर्न थप बल पुऱ्याएको छ भने संवादको प्रयोग कथानकलाई अगाडि बढाउनमा प्रयोग भएको देखिन्छ । बालपात्रप्रधान

बालकथाहरूमा यथास्थानमा तोतेबोलीको प्रयोग भइदिएको भए कथाको भाषा अझ आकर्षक बन्न सक्ने थियो ।

### ४.७.३ दृष्टिबिन्दु

बालकथाकार रेवती राजभण्डारीद्वारा रचित प्रस्तुत **भूतसँग जम्काभेट** बालकथासङ्ग्रहमा सङ्गृहीत सबै पाँचवटै कथामा तृतीय पूरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । उक्त कथासङ्ग्रहमा भएका सम्पूर्ण कथाको घटना, क्रियाकलाप, संवाद तथा पात्रका चारित्रिक विशेषतालाई बाहिरै बसेर कथाकार स्वयम्ले वर्णन गरेको देखिन्छ । यसरी कथाकारबाटै पात्र वा चरित्रको भावना बोल्ने काम भएकाले नै यस सङ्ग्रहका कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पुष्टि हुन आउँछ ।

### ४.७.४ सन्देश

रेवती राजभण्डारकिो प्रस्तुत **भूतसाग जम्काभेट** बालकथासङ्ग्रहमा समाविष्ट भएका कथाहरू विभिन्न किसिमका उद्देश्यहरू बोकेर प्रस्तुत भएका छन् । प्रस्तुत बालकथासङ्ग्रहमा प्रयुक्त उद्देश्यका माध्यमबाट कथाकारले समाजमा देखिएका असल र खराब पक्षहरूको विश्लेषण गर्दै बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरूको चरित्र सुधार तथा उनीहरूमा असल मानवीय धारणाहरूको विकास गर्नुपर्ने सन्देश दिन खोजेको देखिन्छ । प्रस्तुत सङ्ग्रहको पहिलो बालकथा 'भूतसँग जम्काभेट' मा बालबालिकाको आत्मबल बढाउने कार्य गर्नुपर्छ, सामान्य जीवनमा भूत-प्रेत भनेको मनको डरमात्र हो भन्ने सन्देश प्रकट भएको छ । 'विद्वान्को छनोट' बालकथामा विद्वान्का लागि प्रमाणपत्रको आवश्यकता पर्दैन, असली विद्वान्ले कहिल्यै पनि आफू ठूलो हुँ भन्ने घमण्ड गर्नुहुँदैन भन्ने सन्देश नानीहरूलाई दिइएको छ । 'फूटको परिणाम' बालकथामा खराब विचार र कार्यले सबैलाई हानि पुऱ्याउँछ, त्यसैले बालवालिकाको सामुन्ने राम्रा राम्रा ( सकारात्मक) विचार प्रकट गर्नुपर्छ । मानिसले सधैं सत्य बोल्नुपर्छ र कसैलाइ पनि अनावश्यक रूपमा तर्साउनु हुँदैन भन्ने सन्देश दिइएको छ । 'किचकन्ने' बालकथामा सामान्य जीवनमा किचकन्ने भन्ने कुरा हुँदैन । भ्रमले नै मान्छेमा डर पैदा गर्छ भन्ने कुरा प्रकट भएको छ । 'सहिद' बालकथामा सहिद भनेका आफ्नो व्यक्तिगत स्वार्थ नहेरी आफ्नो देश र देशवासीको भलाइमा लाग्ने महान् व्यक्तिहरू हुन् । देश र जनताका लागि आफ्नो

बालिदान दिने यस्ता सपूतहरूको सम्मान सबै क्षेत्रबाट हुनुपर्छ र देश र जनताका लागि आवश्यक परेको बेला आफू पनि पछि हट्नुहुँदैन भन्ने सन्देश दिइएको छ ।

## ४.८ लठेब्रो राजा बालकथासङ्ग्रहको विश्लेषण

**लठेब्रो राजा** नामक बालकथासङ्ग्रह प्रथम पटक वि.सं. २०६४ मा साहित्य सृजना प्राङ्गणद्वारा प्रकाशित भएको रेवती राजभण्डारीको बालसाहित्यतर्फको तेस्रो पुस्तकाकार कृति हो । आयतनका दृष्टिले पैंतीस पृष्ठमा फैलिएको यस कृतिमा 'लठेब्रो राजा', 'चटपट झट', 'मायाको चिनो', 'सत्यको शक्ति', 'लोभको फल', 'सूरी', 'झुत्रे मैयाँ', 'दोना', 'बुद्धिको खोजी', 'जन्मदिनको उपहार', गरी जम्मा दसवटा बालकथाहरू समाविष्ट भएका छन् । प्रत्येक कथाको घटनाक्रमलाई रोचक तथा स्पष्ट पार्न लक्ष्मण भुजेलद्वारा निर्मित ११ वटा सादा चित्रहरूले उक्त कृति सजिएको छ । प्रस्तुत सबै चित्रहरूले कथावस्तुलाई स्पष्ट पार्नमा सहयोग पुऱ्याएका छन् । यहाँ चाहिँ खासगरी विषयवस्तु, भाषाशैली, दृष्टिबिन्दु, सन्देशजस्ता कोणहरूबाट उक्त बालकथासङ्ग्रहको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.८.१ विषयवस्तु

**लठेब्रो राजा** बालकथासङ्ग्रहमा समाविष्ट भएका बालकथाहरूको विषयवस्तुतर्फ दृष्टि लगाउँदा यसमा सामान्य जीवनमा नहुने भूत, जादु, अर्न्तध्यान हुनेजस्ता काल्पनिक विषयहरूका साथै सामाजिक, पारिवारिक तथा नैतिक पक्षलाई समेत विषयवस्तु बनाइएको भेटिन्छ । प्रस्तुत सङ्ग्रहको पहिलो कथा 'लठेब्रो राजा' मा राजा लठेब्रो भईकन पनि दयालु, सन्तोषी, शान्त तथा हृष्टपुष्ट हुन्छ । एक दिन दाउरा लिन जङ्गल गएका बेला उसले रुखको जराभित्र असर्फीले भरिएको सुनको घडा भेटाउँछ र जरासहितको रुख ल्याएको घटना राजालाई जानकारी हुन्छ । त्यही घटनाबाट राजा उत्साही भएर राजकुमारको विवाह उसैसँग गरिदिएको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । 'चट पट झट' कथामा एक गरिब ऊन काती जीविका चलाउने बूढीकी छोरीले घरमा बनाइएका खानेकुराहरू आमालाई भाग नलगाई खाइदिने गरेको र एक दिन घुम्दै आइपुगेका देवदूतसँग उसको विवाह हुन पुगेको विषयवस्तु राखिएको छ । देवदूतले त्यस केटीलाई असल व्यवहार सिकाउन आफ्नो रूप बदली उसलाई सही बाटामा हिँडाएको घटनालाई विषयवस्तु बनाइएको छ । 'मायाको चिनो' कथामा बल, बुद्धि र विवेकको प्रयोग गरी मान्छेले जस्तै कठिन कार्य पनि गर्न सक्छ भन्ने कुरालाई दाउरे केटाको चरित्रबाट उद्घाटन गरिएको छ । 'सत्यको खोजी' कथामा

काल्पनिक प्रकृतिको विषयवस्तु रहेको छ । दैत्यका कारण पृथ्वीमा सुख्खा लागेको र धर्तीमाताले त्यसबाट मुक्तिका लागि गोठालालाई सिमीको बीउ रोप्न दिएको अनि भोलिपल्टै तरबारजस्ता सिमी टिपी, सिमीको बोटमा चढी मानिसहरू आकाशतिर गएर बादललाई पृथ्वीतर्फ फर्काएको र पृथ्वीलाई सुख्खा पार्ने दैत्यलाई त्यही सिमीले घोच्दा टुक्राटुक्रा भई पृथ्वीमा खसेपछि पहाड भएको घटनालाई विषयवस्तु बनाइएको छ । 'लोभको फल' कथामा एक कुरूप भएर पनि असल केटाले जादुगरबाट जादु विद्या प्राप्त गर्छ र मानवीय हितमा मात्र प्रयोग गर्ने बरदान पाएको हुन्छ । आइसक्रिम बेच्ने जादुगर केटाबाट कुविचार राख्ने केटीले आफू मात्र एक्लै जान्ने, बुझ्ने हुन पाऊँ भन्ने उद्देश्यले सम्पूर्ण आइसक्रिम किनेर ल्याउँछ, तर जादुगर केटाले उसको चलाखी बुझिहाल्छ र त्यस कुविचार राख्ने केटी परीक्षामा अनुत्तीर्ण हुन पुगेको घटनालाई विषयवस्तु बनाइएको छ । 'सुरी' कथामा पारिवारिक विषयलाई उठाइएको छ । महाजन, छोरी जन्मेकैले आफ्नो् व्यापार घाटा भएको र छोरी भनेको अर्काको नासो हो भन्ने ठान्छ । त्यसैले छोरीलाई हेपेर सूरी नाम राखिदिन्छ, तर आमाले आफ्नी छोरीलाई वीर, साहसी र पराक्रमी बनाउने अठोट गर्छे । नभन्दै सूरी ज्ञान, सीप र गुणले भरिपूर्ण बन्छे महाजनले छोरीको विवाह बूढोसँग गर्न खोज्छ तर महाजनकी स्वास्नीले छोरीलाई सुन, चाँदी, लुगा लगाई जादुको अदृश्य बाकसमा राखी छोरीलाई अन्तै भगाइदिन्छे र सूरीको विवाह एक ठूलै घरानाको केटासँग हुन पुगेको घटना यसमा रहेको छ । 'झुत्रे मैयाँ' कथामा अर्काको जडाउरी लुगा लगाएर हुर्केकी झुत्रे मैयाँ त्यही थोत्रो लुगा पनि टालटुल पारी सफा गरी चटक्क पारी लगाउन थालेपछि अत्यन्त राम्री देखिएकी र उसको विवाह राजकुमारसँग हुन पुगेको घटनालाई विषयवस्तु बनाइएको छ । 'दोना' कथामा एक इमान्दार तथा शक्तिशाली मानवेतर पात्र दोना (कुकुर) ले आफ्नो माालिकप्रति निभाएको जिम्मेबारी र आफ्नै साथीबाट धोका पाई ज्यान गुमाउनु परेको घटनालाइ विषयवस्तु बनाइएको छ । 'बुद्रिको खोजी' कथामा मुर्खले पनि विद्वान्को सङ्गत पायो भने ऊ सज्जन बन्न सक्छ भन्ने विषयलाई उठाइएको छ । 'जन्मदिनको उपहार' कथामा गरिब परिवारमा जन्मेका बच्चाले पनि मिहिनेती, परिश्रमी र लघनशील भएर कार्य गरी आफ्नो दरिद्री जीवन सदाको लागि अन्त्य गरेको घटनालाई विषयवस्तु बनाइएको छ ।

## ४.८.२ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । कुनै पनि रचनालाई पभावकारी बनाउन यसको शैलीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । उक्त रचना कुन स्तर र समूहका लागि हो

त्यसमा रचनाकारले ध्यान पुऱ्याउनुपर्छ । यदि स्तरअनुसारको भाषाशैलीको प्रयोग भएन भने रचना प्रभावकारी बन्न सक्तैन । 'लठेब्रो राजा' बालकथासङ्ग्रहमा सङ्गृहीत प्राय : सबै कथाहरूमा प्रयुक्त भाषा सरल र सहज नै रहेको भेटिन्छ । उक्त सङ्ग्रहमा बञ्चरो, रोटी, तरबार, धागो, दाउरा, शिकारी, घाँसपात, जमिन्दजार, छाना, डोरीजस्ता गाउँठाउँमा बढी प्रयोग हुने शब्दहरूको विन्यास भएको छ । यी शब्दले भाषमा सरलता र स्वाभाविकताको निर्माण गरेका छन् भने 'लौ', 'त','पो', 'नि', 'कि', 'है' जस्ता निपात र 'सुटुक्क', 'खुरुक्क', 'चटक्क', 'हलक्क' जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषामा मिठास थपेका छन् । यसरी नै 'आमाबाबुको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुङ्गामुढामाथि', 'ढुङ्गा खोज्दा देउता मिल्नु', 'खाने मुखलाई जुँगाले छेक्दैन', 'एक कान, दुई कान, मैदान' जस्ता उखानहरूको प्रयोगले बालबालिकाहरूका लागि प्रयुक्त भाषामा केही क्लिष्टता थपेका छन् । प्रस्तुत सङ्ग्रहका कथाहरूमा वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग गरिएको भेटिन्छ । यसरी भाषाशैलीका दृष्टिले हेर्दा उक्त सङ्ग्रहका कथाहरू बालबालिकाहरूका लागि सम्प्रेष्य नै रहेका छन् ।

### ४.८.३ दृष्टिबिन्दु

बालकथाकार रेवती राजभण्डारीद्वारा रचित अधिकांश कथाहरू वर्णनात्मक शैलीमा रचिएका देखिन्छन् । वर्णनात्मक शैलीका निम्ति सहज दृष्टिबिन्दु बाह्य दृष्टिबिन्दु मानिन्छ । दृष्टिबिन्दुका हिसाबले 'लठेब्रो राजा' बालकथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको भेटिन्छ । उक्त सङ्ग्रहभित्रका कथाहरूमा कथाकारद्वारा मानवीय र मानवेतर विभिन्न किसिमका पात्रहरूको प्रयोग गरेर घटनाहरूको वर्णन गरिएकाले सबै कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको स्पष्ट हुन आउँछ ।

### ४.८.४ सन्देश

रेवती राजभण्डारीको प्रस्तुत **लठेब्रो राजा** बालकथासङ्ग्रहमा समाविष्ट भएका कथाहरू विभिन्न किसिमका उद्देश्यहरू बोकेर प्रस्तुत भएका छन् । प्रस्तुत कथाहरूमा प्रयुक्त उद्देश्यका माध्यमबाट कथाकारले बालबालिकाहरूलाई सामान्य जीवनमा नहुने भूत, जादु, अन्तर्ध्यान हुनेजस्ता विषयवस्तुका माध्यमबाट मनोरञ्जन दिनुका साथै उनीहरूमा असल मानवीय गुणहरूको विकास गराउने र योग्य व्यक्ति बन्न प्रेरित गर्ने उद्देश्य राखेको देखिन्छ । प्रस्तुत सङ्ग्रहको पहिलो कथा 'लठेब्रो राजा' कथामा लठेब्रो व्यक्ति पनि शान्त, सन्तोषी र

आँटिलो हुन सक्छ र उसले अवसर पाउँदा ठूलठूला कार्य गरी ख्याति कमाउन सक्छ भन्ने सन्देश नानीहरूलाई दिन खोजिएके छ । 'चट पट झट' कथाको उद्देश्य बालबालिकाहरूलाई पूर्णरूपले मनोरञ्जन दिलाउनु रहेको छ । यसका साथै सहयोगी, परिश्रमी र लगनशील भएर कार्य गर्नुपर्छ भन्ने सन्देश पनि यसमा प्रकट भएको छ । 'मायाको चिनो' कथामा बल, बुद्धि र विवेकको प्रयोग गरी मान्छेले  ठूलाठूला कार्य गर्न सक्छ । बल, बुद्धि र विवेक मानिसको चिनो भएका कारण यिनलाई कहिल्यै आफूबाट अलग राख्नु हुँदैन र साथीभाइलाई आवश्यक परेको बेलामा सहयोग गर्नुपर्छ भन्ने सन्देश बालबालिकालाई दिइएको छ । 'सत्यको शक्ति' कथाको उद्देश्य केटाकेटीलाई पूर्णरूपले मनोरञ्जन दिलाउनु रहेको छ । यसका साथै आफूसँग भएको शक्तिलाई उचित ठाउँमा ठीक ढङ्गले प्रयोग नगरेर अर्काको कुभलो चिताई प्रयोग गरेमा त्यसले आफैंलाई नोक्सान पुऱ्याउँछ भन्ने सन्देश दैत्यको चरित्रबाट दिइएको छ । 'लोभको फल' कथामा मानिसले आफ्नो मात्र भलाइ हुने विचार कहिल्यै सोच्नु हुँदैन, बढी लोभ गर्ने मानिसले कहिल्य सुख, शान्ति पाउँदैन र उसको जीवन पनि कहिल्यै सफल हुँदैन भन्ने सन्देशका साथै सत्कर्म गर्नेको कहिल्यै कुभलो पनि हुँदैन भन्ने शिक्षा पनि दिइएको छ । 'सूरी' कथाको उद्देश्य केटाकेटीलाई पूर्णरूपले मनोरञ्जन दिनु रहेको देखिन्छ । यसका साथै आफ्ना केटाकेटीलाई सानैदेखि राम्रो वातावरण दिएमा मात्र उनीहरूको भविष्य उज्ज्वल बन्छ । छोरा-छोरी भनेर भेदभाव गर्नु हुँदैन, छोरीले पनि राम्रो वातावरण पाई भने उसले पनि असल कार्य गर्न सक्छे भन्ने सन्देश दिएको छ । 'झुत्रे मैयाँ' कथामा मान्छेका पहिचान उसले लगाउने पोसाक नभएर उसको रूप, गुण, शील-स्वभावमा हुन्छ, आफूसँग जेजस्ता पोसाक छन् तिनलाई सफा गरी चटक्क मिलाएर लगाउनुपर्छ र असल स्वभाव भएका व्यक्तिको भाग्य पनि चम्किन्छ भन्ने कुरालाई झुत्रे मैयाँका चरित्रबाट प्रकट गरिएको  छ । 'दोना' कथामा साहसी, पराक्रमी र उपकारी बनेमा सबैले सम्मान गर्छन, खराब प्रवृत्तिका साथीभाइसँग सङ्गत गर्नुहुँदैन साथै उनीहरूका चिल्ला कुरामा चाँडै विश्वास गऱ्यो भने उसले कुनै पनि बेला आफैंमाथि हमला गर्न सक्छ भन्ने कुरालाई दोनालाई व्वाँसोबाट भएको धोकाबाट प्रष्ट गरिएको छ । तसर्थ खराब प्रवृत्तिका साथीभाइसँग कहिल्यै पनि सङ्गत गर्नुहुँदैन भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ । 'बुद्धिको खोजी' कथामा मूर्खले पनि सज्जनको सङ्गत पायो भने ऊ पनि बुद्धिमान् बन्न सक्छ भन्ने सन्देश दिइएको छ । 'जन्मदिनको उपहार' कथामा मिहिनेती, सहयोगी हुनुपर्ने

सन्देश दिइएको छ । आफ्नो कार्यलाई धैर्य गरेर निरन्तरता दिइरह्यो भने मान्छेले गरिबीबाट पनि मुक्ति पाउँछ भन्ने सन्देश प्रकट भएको छ ।

## ४.९ राजाको सिङ छ बालकथाको विश्लेषण

रेवती राजभण्डारीले लेखेको **राजाको सिङ छ** बालकथा वि.सं. २०६२ मा रुम टु रीडद्वारा प्रकाशित पुस्तकाकार कृति हो । आयतनका दृष्टिले आवरण पृष्ठबाहेक ३९ पृष्ठमा प्रस्तुत कृति विस्तारित रहेको छ । प्रस्तुत बालकथाको घटनाक्रमलाई रोचक तथा स्पष्ट पार्न अविन श्रेष्ठद्वारा निर्मित ३९ वटा सादा चित्रले उक्त कृति सजिएको छ । प्रस्तुत सबै चित्रहरूले कथावस्तुलाई स्पष्ट पार्नमा सहयोग पुऱ्याएका छन् । यहाँ चाहिँ खासगरी विषयवस्तु, भाषाशैली, दृष्टिबिन्दु, सन्देशजस्ता कोणहरूबाट उक्त बालकथाको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.९.१ विषयवस्तु

रेवती राजभण्डारीले लेखेको प्रस्तुत **राजाको सिङ छ** बालकथाले काठमाडौं उपत्यकाका नेवार जातिको लोककथालाई विषयवस्तुका रूपमा ग्रहण गरेको छ । धेरैजसो बालबालिकाहरूमा आफूले भनेको जस्तो भएन भने रिसाउने र ठस्कने बानी हुन्छ । कोही कोहीको रिस कडा हुन्छ, चाँडै मर्दैन र रिसाउने बानीले आफैँलाई नोक्सान पुऱ्याउँछ । यस्तै कडा रिस भएकी आफ्नी नातिनी चमेलीलाई उसका बाजेले सुनाएको कथा **राजाको सिङ छ** हो । एकादेशका राजा ज्यादै रिसाहा प्रवृत्तिका हुन्छन्, उनी आफ्ना सामुन्ने जो पऱ्यो भने पनि रिसाउने गर्थे र बढी रिस उठ्नाले राजालाई धेरै टाउको दुख्न थाल्छ । राजाको टाउकोमा दुईवटा सिङ उम्रन्छ र जति राजा बढी रिसाउँछन्, त्यति नै ती सिङ बढी लामा हुन थाल्दछन् । राजाले रिसाउनेवित्तिकै सिङ लामा हुने गरेको चाल पाएपछि राजाले त्यही दिनदेखि रिसाउने बानी चटक्क छोड्छन् अनि टाउकाका सिङ घट्न थाल्दछन् र टाउको पनि हलुका हुन्छ । त्यसपछि राजाका सामुन्ने सबै मान्छे आउन थाल्दछन् र सबैले राजालाई माया गर्दछन् । प्रस्तुत कथामा यिनै  घटनालाई विषयवस्तुका रूपमा उभ्याइएको छ ।

### ४.९.२ भाषाशैली

कुनै पनि भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । कथामा पात्रले बोल्ने भाषामा उनीहरूको उमेर, बौद्धिकस्तर र वातावरणजस्ता कुराले प्रभाव पारेको हुन्छ ।

बालकथामा भाषिक सरलता, रोचक प्रस्तुति र मौलिकताजस्ता गुण हुनु आवश्यक मानिन्छ । **राजाको सिङ छ** बालकथामा रेवती राजभण्डारीले बालोपयोगी सरल भाषाको प्रयोग गर्ने प्रयास गरेको देखिन्छ । उक्त बालकथामा राजभण्डारीले ग्रामीण परिवेशलाई झल्काउने खालका ओखती, खाजा, मुङ्ग्री, चमेली, बाजे, वन, सुकुल, भाँडो, तावाजस्ता शब्दको बढी प्रयोग गरेर भाषामा स्वाभाविकताको निर्माण गरेकी छन् । त्यसैगरी 'थ्याच्च', 'रनक्क', 'झडङ्ग', 'हलक्क', 'चटक्क' जस्ता अनुकरणात्मक शब्द र 'लौ', 'त', 'पो', 'नि' जस्ता निपातको प्रयोग गरेर भाषामा मिठास ल्याउने प्रयास पनि भएको छ । अधिक मात्रामा स्वाभाविकता र मिठास ल्यउने प्रयास गरिए पनि भाषालाई पूर्णरूपले सरल तथा बालोपयोगी बनाउन भने राजभण्डारीले सकेको देखिँदैन । तोते बालबोलीको प्रयोग यथास्थानमा भइदिएको भए कथाको भाषा झनै आकर्षक बन्न सक्ने देखिन्छ । यसमा सोको अभाव पर्याप्त खड्किएको देखिन्छ । यसमा कतैकतै वर्णविन्यासगत त्रुटि तथा पदक्रमको विचलन पनि भेटिन्छ । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत बालकथा भाषशैलीका दृष्टिले बालबालिकाका लागि सम्प्रेष्य नै रहेको छ ।

### ४.९.३ दृष्टिबिन्दु

प्रस्तुत **राजाको सिङ छ** बालकथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । उक्त बालकथामा भएका सम्पूर्ण कथाको घटना क्रियाकलाप, संवाद तथा पात्रका चारित्रिक विशेषतालाई बाहिरै बसेर कथाकार स्वयम्‌बाट वर्णन भएको छ । यसरी कथाकारबाटै पात्र वा चरित्रको भावना बोल्ने काम भएकाले उक्त बालकथामा तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको स्पष्ट हुन आउँछ ।

### ४.९.४ सन्देश

प्रत्येक कृतिका आफ्नै किसिमका उद्देश्य हुन्छन् । राजभण्डारीद्वारा रचित **राजाको सिङ छ** बालकथा पनि विभिन्न उद्देश्यहरू बोकेर प्रस्तुत भएको देखिन्छ । प्रस्तुत कथामा प्रयुक्त उद्देश्यका माध्यमबाट कथाकारले विशेष गरेर बालबालिकाको असल चरित्र निर्माण र उनीहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गर्नमा जोड दिएको देखिन्छ । यसका साथै कसैसँग पनि रिसराग गर्नुहुँदैन, रिसाउने बानीले आफैँलाई नोक्सान पुऱ्याउँछ, रिसाउने बानी त्याग्दा सबैको माया पाइनुका साथै आनन्दानुभूति हुन्छ भन्ने सन्देश पनि बालबालिकालाई दिन खोजिएको छ ।

# पाँचौं परिच्छेद

## शोधनिष्कर्ष

नेपाली साहित्यका कविता, कथा, बालकथाजस्ता विधामा कलम चलाउने रेवती राजभण्डारी प्रौढ र शालीन व्यक्तित्वका रूपमा चिनिन्छिन् । उनका बारेमा अघिल्ला तीन परिच्छेदमा क्रमशः जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समालोचनात्मक अध्ययन गरिसकिएकाले यस परिच्छेदमा उनका जीवनी, व्यक्तित्व र कृतित्वका मूलभूत पक्षहरूलाई निष्कर्षसहित बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

(१) नेपाली सहित्यमा रेवती राजभण्डारी नामले प्रसिद्ध रहेकी व्यक्ति प्रतिभाको जन्म वि.सं. १९९९ असार ८ गते विहीबारका दिन हालको काठमाडौँ महानगरपालिकाको वडा नं. २९ अन्तर्गतको ठमेल भन्ने ठाउँमा पिता सनकमान मास्के र माता फिनी मास्केका पाँचौ सन्तानका रूपमा भएको हो । साहित्यिक यात्राको झन्डै चार दशक लामो समय पार गरिसकेकी राजभण्डारीले पद्य तथा गद्य विधाका माध्यमबाट नेपाली साहित्यका फाँटमा महत्त्वपूर्ण योगदान दिएकी छन् ।

मध्यमवर्गीय परिवारमा जन्मेकी रेवतीको बाल्यकाल सुखपूर्वक नै बितेको थियो । उनलाई घरपरिवारको पाठशालामा चार-पाँचवर्षकै उमेरमा अक्षरारम्भ गराउने काम भएको थियो । बाबुको रेखदेख, निर्देशन र नियन्त्रणमा रेवतीले अक्षरारम्भ गरेकी थिइन् भने आफ्नै दाजु र दिदीबाट पनि प्रशस्त सहयोग पाएकी थिइन् । रेवतीको औपचारिक शिक्षाको प्रारम्भ श्री शान्ति विद्या गृहबाट भएको थियो । वि.सं. २०१४ मा रेवती वैवाहिक बन्धनमा बाँधिन पुगिन्, वैवाहिक बन्धनसँगै एक दशकभन्दा लामो समय उनी अध्ययन कार्यबाट वञ्चित भइन् । वि.सं. २०२७ मा नारी शिक्षा निकेतन विद्यालयबाट एस्.एल्. सी.उत्तीर्ण गरेकी राजभण्डारीले उच्च शिक्षा चाहिँ रत्नराज्य क्याम्पस तथा पद्मकन्या क्याम्पसबाट प्राप्त गरेको देखिन्छ ।

'म को हुँ ?' शीर्षकको फुटकर कवितालेखनबाट साहित्यिक यात्रा प्रारम्भ गरेकी राजभण्डारी आफ्नै संवेदनशील हृदय, पतिको 'केही गर्नुपर्छ ?' भन्ने भनाइ आफ्नै छोरा सञ्जय राजभण्डारीको दुःखद् निधन र नेपाली साहित्यका अग्रणी साहित्यकारहरू लेखनाथ

पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे मदनदेव भट्टराई आदिका साहित्यिक सिर्जनशीलताबाट प्रभावित भई कविता सिर्जनामा संलग्न भएकी हुन् । त्यसैगरी, अङ्ग्रेजी साहित्य र साहित्यकारहरूका बारेमा गरेको सामान्य अध्ययन पनि उनका लेखनका प्रभाव र प्रेरणका आंशिक स्रोत हुन् ।

रेवती बाल्यकालदेखि नै सरल स्वभावकी, तीक्ष्ण बुद्धिकी, तार्किक र जिज्ञासु हुनुका साथै केही जिद्दी स्वभावकी पनि थिइन् । स्नातकसम्मको अध्ययनपश्चात् उनी विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ-संस्थाहरूमा क्रियाशील भएको पाइन्छ । त्यसैगरी उनले साहित्यिक गतिविधि एवम् अन्य विविध कार्यका सिलसिलामा स्वदेशका जिल्लाहरू तथा विभिन्न देशहरू र तिनका प्रमुख सहरहरूको भ्रमणबाट त्यहाँका सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक पक्षको पनि जनकारी लिएकी छन् । सानैदेखि सरल, शिष्ट स्वभाव भएकी राजभण्डारीमा कल्पनाशीलता, संवेदनशीलता, एकान्तप्रेमी तथा भावुकताजस्ता प्रवृत्तिहरू भेटिन्छन् । राजभण्डारीको मूल रुचिको क्षेत्र अध्ययन र भ्रमण रहेका छन् भने अध्ययन र भ्रमणका अलावा जोशिला र शान्तिप्रिय गीतहरू सुन्न बढी मन पराउँछिन् । वैयक्तिक जीवनमा विशेष घटनाहरू आइपर्छन त्यस्ता घटनाहरूबाट राजभण्डारी पनि अछुतो छैनन् । राजभण्डारीका कान्छा छोरा सञ्जय राजभण्डारीको चार वर्षको उमेरमा अचानक आगोमा परेर दुःखद निधन भएको घटना र आफ्नै पति लक्ष्मणमान राजभण्डारीको क्यान्सरका कारण हुन गएको दु :खद् निधन रेवती राजभण्डारीका सबैभन्दा दुःखद् क्षणका रूपमा रहेका छन् भने सबैभन्दा सुखद घटना चाहिँ उनका छोरा सत्यनमान राजभण्डारीले एस्.एल्.सी. बोर्डमा प्रथम स्थान ल्याएको घटना र सोही दिन उनको जन्मदिन परेकाले श्रीमान्ले उपहार दिइएको घटना सबैभन्दा सुखद क्षणका रूपमा रहेका छन् । उनी विभिन्न सङ्घ-संस्था र समाजसँग सम्बद्ध विभिन्न क्षेत्रहरूमा पनि क्रियाशील रहेकी हुनाले उनी विभिन्न पुरस्कारबाट समेत सम्मानित भएकी छन् । जीवनदर्शनका बारेमा उनको धारणा यस्तो छ- 'जीवन चेतनाको उत्कृष्ट स्वरूप हो । चेतना भनेको प्रकाशको प्रतीक हो । जीवन एउटा बलिरहेको दियो जस्तो हुनुपर्छ, एउटा यस्तो दियो जसले आफूलाई मात्र बाल्नु होइन त्यसले अरु दियोलाई पनि सल्काउनु पर्छ' भन्ने मान्यता उनको रहेको छ ।

(२) व्यक्तिको जीवनीमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्व निर्माणमा कुनै पनि मानिसको जीवनभोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका

खेलेको हुन्छ । यसै गरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक रुचि, पेसा, शिक्षादीक्षा आदिले पनि व्यक्तित्वको निर्माणमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । रेवती राजभण्डारी नेपाली साहित्यकी एक सर्जक व्यक्तित्व हुन् । उनी मूलत : साहित्यकार हुन् तापनि उनी साहित्येतरक्षेत्रमा पनि संलग्न भएको पाइन्छ । यसबाट उनको बहुमुखी प्रतिभाको निर्माण र बहुआयामिक व्यक्तित्वको निर्माण हुन पुगेको छ । उनको व्यक्तित्वलाई निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । राजभण्डारीको निजी व्यक्तित्वतर्फ दृष्टि दिँदा उनी सहज, सरल र शान्त देखिए पनि गहिरिएर हेर्दा, भित्रभित्रै कुनै कुराको चिन्तन गरिरहेको जस्तो उनको मुखाकृतिले देखाउँछ । चाकरी, चाप्लुसी गर्न पटक्कै मन नपराउने राजभण्डारीमा सहज, सरल, सहयोगी, भावुक, कर्तव्यपरायण, स्वावलम्बीजस्ता आन्तरिक गुणहरू पाइन्छन् । राजभण्डारीको निजी बाह्य व्यक्तित्वतर्फ दृष्टि दिँदा उनी चार फुट दस इन्च अग्ली, मोटो र होचो कद, केही ठूलो टाउको, फराकिलो निधार, गहुँगोरो वर्ण, कालो र छोटो केश, तेजिला आँखा, गोलाकार नाक र प्रचण्ड मुखाकृतिजस्ता सुहाउँदा शारीरिक बनावट उनमा पाइन्छ । कुनै पनि विषयमा बोल्दा शिष्ट र मिठासपूर्ण ढङ्गले बोल्नु उनमा पाइने निजी विशेषता हो ।

रेवती राजभण्डारीको सार्वजनिक व्यक्तित्वभित्र देखिने साहित्यिक व्यक्तित्व र सामाजिक व्यक्तित्वतर्फ दृष्टि दिँदा राजभण्डारी ६६ वर्षको उमेरसम्म आइपुग्दा करिब तीन दशकको समय विभिन्न सङ्घ-संस्थासँग आबद्ध भएर आफ्नो जिम्मेवारी निभाएको देखिन्छ भने कतिपय सङ्घ-संस्थामा हालसम्म पनि अटुट रूपमा कार्यरत रहेको पाइन्छ । उनले समाजसेवाका विभिन्न क्षेत्रहरूमा सक्रिय योगदान पुऱ्याउनुका साथै विभिन्न साहित्यिक सङ्घ-संस्थामा संलग्न रहेर आफ्नो कुशल परामर्श दातृ व्यक्तित्वको परिचय पनि दिएकी छन् । राजभण्डारी नेपाली भाषा र नेपाल भाषाजस्ता दुई भाषामा सिर्जनात्मक योगदान गर्ने बहुमुखी नारी प्रतिभा पनि हुन् । साहित्यका कविता, कथा, निबन्ध, नाटक आदि क्षेत्रमा गरेको विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्वको निर्धारण हुने भएकाले राजभण्डारीको साहित्यिक व्यक्तित्व निर्माणमा विशेषत : कविता, कथा र बालकथाका क्षेत्रमा गरेको योगदानले सहयोग गरेका छन् ।

(३) रेवती राजभण्डारीले वि.सं. २०१५ देखि नै साहित्यलेखन प्रारम्भ गरेको भए पनि प्रकाशनका दृष्टिले उनको पहिलो कविता 'आमा नेपाल' शीर्षकको फुटकर कविता नै हो जुन वि.स.. २०३१ म पद्मकन्या क्याम्पसको वर्ष ६, अङ्क ६ को **कस्तूरी** पत्रिकामा

प्रकाशित भएको थियो । यसरी राजभण्डारी कविताका माध्यमबाट सार्वजनिक रूपमा देखापरेकी हुन् । साहित्यसिर्जनातर्फ कविता, कथा, बालसाहित्यका क्षेत्रमा कलम चलाए पनि उनलाई साहित्यकारका रूपमा स्थापित गर्ने उर्वर एवम् प्रभावशाली क्षेत्र कविता नै रहेको छ ।

बहुआयामिक व्यक्तित्वकी धनी कवयित्री राजभण्डारीको **खिचडी** कवितासङ्ग्रहमा उनका जम्मा १०८ वटा फुटकर कविताहरू सङ्कलित छन् । त्यसैगरी अर्को कवितासङ्ग्रह **भिजेको तकिया** (२०४८) शोककवितासङ्ग्रहमा जम्मा ४२ वटा फुटकर कविताहरू सङ्कलित छन् । यी दुवै पुस्तकाकार कृतिहरू नेपाल नारी साहित्य सेवा केन्द्रबाट प्रकाशित भएका छन् । त्यसैगरी कथाका क्षेत्रमा **दाइजो** (२०४६) कथा सङ्ग्रहमा जम्मा १५ वटा कथाहरू सङ्लित छन् भने **मुक्ति** (२०५३) कथासङ्ग्रहमा १४ वटा कथाहरू सङ्कलित छन् । यी दुवै पुस्तकाकार कृतिहरू पनि नेपाल नारी साहित्य सेवा केन्द्रबाट प्रकाशित भएका छन् । राजभण्डारीको लेखनीको अर्को महत्त्वपूर्ण पाटो बालसाहित्य हो । उनका हालसम्म **बालसुधा** (२०५५), **भूतसँग जम्काभेट** (२०६१) र **लठेब्रो राजा** (२०६४) गरी तीनवटा बालकथासङ्ग्रहहरू र **राजाको सिङ छ** (२०६२) शीर्षकको छुट्टै बालकथा पनि प्रकाशित छ । कविता, कथा तथा बालसाहित्यका क्षेत्रमा कलम चलाएर राजभण्डारी बहुमुखी व्यक्तित्वको रूपमा स्थापित भएकी छन् तापनि उनको कवि व्यक्तित्व नै उर्वर रहेको छ ।

जीवनको क्रममा प्राप्त विभिन्न भाव, विचार र अनुभूति विशेषको सम्पूर्ण अभिव्यक्ति नै कविता हो । राजभण्डारीले आफ्ना प्राय : कविताहरू शास्त्रीय छन्दमा नबाँधी स्वतस्फूर्त गद्य लयमा रचना गरेकी छन् । उनका केही कविताहरूमा बद्ध लयअन्तर्गतको नेपाली लोकलयमा प्रचलित झ्याउरे लयको प्रयोग गरिएको भेटिए पनि झ्याउरे लय निश्चित अक्षर संरचनामा वितरण हुने भएकाले यसलाई पूर्णत : पालना नगरिएकाले झ्याउरे लयका कविताहरूको अक्षरसंरचना भङ्ग हुन पुगेको स्थिति पाइन्छ ।

वि.सं. २०१५ देखि लेखन प्रारम्भ गरी हालसम्म साधनारत राजभण्डारीको कवितायात्राको तीस वर्ष (२०१५-२०४५) सम्मको समयावधिमा छातीमा टेक्तै जाँदा भेटेका अनुभव र अनुभूतिहरूको सँगालो नै **खिचडी** कवितासङ्ग्रह हो । यस सङ्ग्रहका कवितामा सामाजिक, प्रकृतिमूलक, संस्कृतिमूलक, प्रणयमूलक तथा देशभक्तिमूलक विषयहरू रहेका छन् । उनका यस सङ्ग्रहका कविताहरू न्यूनतम दुई हरफदेखि अधिकतम चौहत्तर हरफसम्मका रहेका छन् । यसमा कविनिबद्धवक्तृप्रौढोक्तिका साथै कविप्रौढक्तिका दुवै थरी

उक्तिढाँचाको प्रयोग गरिएको छ । यस सङ्ग्रहका अधिकांश कविताहरू गद्य लयढाँचामा संरचित रहेकाले यिनका पङ्क्ति, शब्द, वर्ण, अनुच्छेदको वितरण र योजनामा कुनै शृङ्खला र एकरूपता पाइँदैन । उनको यस सङ्ग्रमा बद्ध लयअन्तर्गत रहेको लोकलयमा संरचित कवितामा अन्त्यानुप्रास र अन्तरअनुप्रासीय संयोजनले कविताहरू श्रुतिमाधुर्य बनेका देखिन्छन् । यसमा विभिन्न अर्थालङ्कारहरूका साथै समाज, प्रकृति, धर्म-संस्कृति, पुराण आदिका विम्ब एवम् सन्दर्भको रमणीय प्रयोग गरिएको पाइन्छ । त्यसैगरी तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको संयोजनबाट सरल, सहज, स्वच्छन्द एवम् सम्प्रेषणयुक्त भाषाको प्रयोग यसमा गरिएको पाइन्छ ।

रेवती राजभण्डारीको **भिजेको तकिया** कवितासङ्ग्रह आत्मीय वा प्रियजनको असामायिक निधनमा शोकभाव व्यक्त गरी रचिएको कविताहरूको सङ्गृहीत रूप हो । राजभण्डारीले पति लक्ष्मणमान राजभण्डारीको क्यान्सर रोगका कारण हुन गएको असमायिक निधनले अत्यन्त व्यथित भई उक्त कवितासङ्ग्रह रचेको देखिन्छ । प्रौढ र शालीन व्यक्तित्वकी धनी रेवती राजभण्डारीमाथि पर्न गएको वैधव्यको कडा प्रहारको अभिव्यक्ति नै **भिजेको तकिया** कवितासङ्ग्रहमा भएको छ । यस सङ्ग्रहका उनका कविताहरू न्यूनतम दुई हरफदेखि अधिकतम बयासी हरफसम्मका रहेका छन् । यसमा विशेषत : कविप्रौढोक्ति उक्तिढाँचाका साथै केही कवितामा कविनिबद्धवक्तृप्रौढोक्ति उक्तिढाँचाको प्रयोग पनि भेटिन्छ । यस सङ्ग्रहका अधिकांश कविताहरू गद्य लयढाँचामा संरचित भएकाले यिनका पङक्ति, शब्द, वर्ण, अनुच्छेदको वितरण र योजनामा कुनै शृङ्खला र एकरूपता पाइँदैन । उनको यस सङ्ग्रहमा बद्ध लयअन्तर्गत रहेको लोकलयमा संरचित कवितामा अन्त्यानुप्रास र अन्तरअनुप्रयासीय संयोजनले कविताहरू श्रुतिमाधुर्य बनेका देखिन्छन् । यसमा विभिन्न अर्थालङ्कारहरूका साथै समाज, प्रकृति, धर्म-संस्कृति, पुराण आदिका विम्ब एवम् सन्दर्भको रमणीय प्रयोग गरिएको पाइन्छ । त्यसैगरी तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको संयोजनबाट सरल, सहज, स्वच्छन्द एवम् सम्प्रेषणयुक्त भाषाको प्रयोग यसमा गरिएको पाइन्छ । आफ्नै प्रिय पतिसँग बिताएका क्षणहरू र उनको असमायिक निधनले पुऱ्याएको गम्भीर अनुभूतिजन्य चोटलाई कवितात्मक रूपमा अभिव्यक्त गर्न सक्नु कवयित्री राजभण्डारीको संरचनागत वैशिष्ट्य मान्न सकिन्छ ।

नेपाली साहित्यका विविध विधामा कलम चलाएकी राजभण्डारीको कवितापछिको सङ्ख्यात्मक दृष्टिकोणले उन्नतशील विधाका रूपमा कथा रहेको देखिन्छ । राजभण्डारीका

हालसम्म **दाइजो** (२०४६), **मुक्ति** (२०५३) गरी दुईवटा कथासङ्ग्रह प्रकाशित भएका छन । उनको **दाइजो** कथासङ्ग्रहमा समाविष्ट भएका कथाहरूले पितृसत्तात्मक सामन्ती प्रथामा नेपाली महिलाहरूले जे-जस्ता सामाजिक समस्याहरू भोग्नुपर्छ, तिनैलाई आफ्नो विषयवस्तु बनाएका छन् । यस कथासङ्ग्रमा खासगरी स्वास्नीमान्छेप्रति समाज, घरपरिवार, आफन्तहरूबाट भए गरेका हेला, तिरष्कार, उनीहरूका पीडा, व्यथा, जलन अनि नारीद्वारा नारीमाथि नै हुने गरेका अन्याय-अत्याचार आदिको मार्मिक प्रस्तुति यसमा गरिएको छ । यस सङ्ग्रहका प्राय : कथाहरू रैखिक ढाँचामा लेखिएका छन् भने नेपाली जनजीवनमा भिज्न सफल पात्रहरूको प्रयोग गरिएको छ । यस सङ्ग्रहका कथामा तत्सम, तद्भव तथा आगन्तुक, स्रोतका शब्दहरूका साथै वर्णनात्मक, व्यङ्ग्यात्मक, विवरणात्मक, संवादात्मक आदि शैलीको प्रयोग गरिएको पाइन्छ । उनका प्रायः कथाहरू बाह्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुष शैलीमा लेखिएका छन् भने यिनमा आन्तरिक द्वन्द्वकै प्रबलता भेटिन्छ ।

रेवती राजभण्डारीको **मुक्ति** कथासङ्ग्रह सामाजिक, पारिवारिक एवम् वैयक्तिक विषयवस्तुलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको पछिल्लो चरणका कथाहरूको सँगालो हो । यसमा मूलत : समाजमा रहेका विकृति, विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्दै पुरुषले नारीमाथि गर्ने अन्याय-अत्याचार अनि नारीले भोग्नुपर्ने दुःख, पीडा, उनीहरूका वाध्यता, विवशताको चित्रण गरिएको छ । ग्रामीण तथा सहरी परिवेशका पात्रहरू प्रयोग गरिएको यस सङ्ग्रहका कथाहरूमा सरल, सहज एवम् सम्प्रेय भाषाको प्रयोग गरिएको छ । प्राय : रैखिक ढाँचामा लेखिएका यस सङ्ग्रहका कथाहरूमा वर्णनात्मक, विवरणात्मक, संवादातात्मक आदि शैलीको प्रयोग गरिएको भेटिन्छ । 'राजभण्डारी' भाषालाई आलङ्कारिक तथा विम्ब र प्रतीकले सजावट गराउनपट्टि लागेकी छैनन् । यसका प्राय : कथाहरू बाह्य्य दृष्टिबिन्दुलाई अवलम्बन गरी तृतीय पुरुषशैलीमा लेखिएका छन् भने यिनमा आन्तरिक द्वन्द्वकै प्रबलता भेटिन्छ ।

बालसाहित्यका विभिन्न विधाहरूमध्ये महत्त्वपूर्ण विधाका रूपमा रहेको **बालकथा** राजभण्डारीको लेखनीको अर्को उल्लेखनीय पाटो हो । सङ्ख्यात्मक दृष्टिकोणले उन्नतशील रहेको उनको कविता र कथापछिको विधा बालसाहित्य रहेको देखिन्छ । राजभण्डारीका हालसम्म **बालसुधा** (२०५५), **भूतसँग जम्काभेट** (२०६१) र **लठेब्रो राजा** (२०६४) गरी तीनवटा बालकथासङ्ग्रहहरू प्रकाशित भएका छन् भने उनको **राजाको सिङ छ** (२०६२)

शीर्षकको छुट्टै बालकथा पनि प्रकाशित भएको छ । उनका बालकथाहरूले सामाजिक, पारिवारिक तथा पौराणिक विषयका साथै सामान्य जीवनमा नहुने भूत, जादु, अर्न्तध्यान हुनेजस्ता विषयले बालबालिकालाई शिक्षा, मनोरञ्जन प्रदान गर्नुका साथै मानवीय असल धारणहरूले विकास गराउने उद्देश्य राखेका छन् । राजभण्डारीका बालकथाहरूमा समावेश गरिएका चित्रहरूले कथालाई झनै रोचक तथा स्पष्ट बनाएका छन् । उनका बालकथाहरूमा प्रयुक्त भाषा सरल, सहज तथा सम्प्रेष्य नै रहेको छ भने गाउँठाउँमा प्रयोग हुने शब्दहरूको विन्यासले भाषामा सरलता र स्वाभाविकता निर्माण गरेका छन् । उनका बालकथाहरूमा प्रयोग भएका निपात तथा अनुकरणात्मक शब्दको प्रयोगले भाषामा आवश्यक मिठास थपेका छन् भने यिनमा प्रयोग भएका उखानहरूले भाषामा केही क्लिष्टता पनि थपेका छन् । राजभण्डारीका अधिकांश बालकथाहरूमा वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ भने प्राय : सबै कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

साहित्य सरल र सरस हुनुपर्छ भन्ने राजभण्डारीको धारणा रहेको पाइन्छ । त्यही मान्यताअनुसार उनका रचना सरल र सहज रहेका छन् । साहित्य सर्वसाधारणले पनि बुझ्न सक्नुपर्छ भन्ने मान्यताअनुरूप उनले आफ्ना रचनाहरूमा क्लिष्टता र दुरूहता आउन नदिन सरल, सरस र सुबोध्य भाषाशैलीको प्रयोग गरेकी छन् । सरल भाषा प्रयोगका कारण उनका रचनाहरू मार्मिक बन्न पुगेका छन् । आफ्ना सिर्जनामा देखेका, भोगेका, सुनेका कुरालाई यथार्थपरक ढङ्गले इमानदारीपूर्वक प्रयोग गरी यथार्थको चित्रण गर्ने भएकाले उनलाई सामाजिक यथार्थवादी साहित्यकारका रूपमा लिन सकिन्छ । नेपाली साहित्यका कविता, कथा र बालसाहित्यका क्षेत्रमा राजभण्डारीले पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ ।

नेपाली साहित्याकाशमा उदाएका केही न्यून महिला साहित्यकारहरूको पङ्क्तिमा आफ्नो नाम सफलतापूर्वक अङ्कित गर्न सक्षम रेवती राजभण्डारीले कविता, कथा तथा बालसाहित्यमा पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ । आफ्नो जीवनको सान्ध्य प्रहरमा पुग्दासमेत अझै साहित्यसाधनामा तल्लीन राजभण्डारीले महिला साहित्यकारको अभावमात्र पूर्ति गरेकी छैनन्, आफ्ना रचनामार्फत मूल्यहरूको सम्प्रेशण गरी प्रतिस्पर्धात्मक साहित्यिक युगमा पनि आफूलाई उच्च दर्जाको गहकिलो स्थानमा सुरक्षित उभ्याएकी छन् । रचनाहरूबाट प्राप्त नीति, जीवनदर्शन, नारीअधिकार, बालशिक्षा तथा मनोरञ्जनजस्ता विषयलाई सौन्दर्य तत्त्वले रङ्गाएर पाठकसामु पुऱ्याउने रेवती राजभण्डारीका कृतिभित्र

निहित उद्देश्यले गुणात्मक योगदानलाई माथि उठाएका छन् । यसैगरी विभिन्न विधामा कलम चलाई त्यसमा सफलतासमेत प्राप्त गरेर विभिन्न उच्च तहका साहित्यिक कृतिहरू पस्कने राजभण्डारीका कृतिहरूको सङ्ख्यात्मक परिमाणबाट उनको परिमाणात्मक योगदानको आकलन गर्न सकिन्छ । यसरी नेपाली साहित्य सेवामा मन, वचन र कर्मले सदा-सदा लागिपरिरहने साधिका राजभण्डारीलाई नेपाली पाठकले कहिल्यै भुल्न सक्ने छैनन् र भुल्नु पनि हुँदैन ।

# सन्दर्भग्रन्थसूची


अवस्थी, महादेव, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** काठमाडौं : इन्टेक्चयुअल्ज बुक प्यालस, २०६४ ।

ओझा, दशरथ, **समीक्षा शास्त्र**, दिल्ली: राजपाल एन्ड सन्, ई. १९७५ ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, **नेपाली कथा र उपन्यास,** काठमाडौं : एम्.के. पब्लिशर्स एन्ड डिष्ट्रियब्युटर्स, २०५८ ।

त्रिपाठी, वासुदेव र अन्य **नेपाली कविता भाग- ४,** ललितपुरः साझा प्रकाशन, २०५३ ।

प्रसाईं, नरेन्द्रराज, **नारीचुली**, काठमाडौं : नइ प्रकाशन, २०६३ ।

बराल कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

राजभण्डारी, रेवती, **खिचडी** कवितासङ्ग्रह, काठमाडौंः नेपाल नारी साहित्य सेवा केन्द्र, २०४६ ।

______________ **दाइजो** कथासङ्ग्रह, काठमाडौंः नेपाल नारी साहित्य सेवा केन्द्र, २०४६ ।

______________ **बालसुधा,** बालकथासङ्ग्रह, काठमाडौंः रत्न पुस्तक भण्डार, २०५५ ।

______________ **भिजेको तकिया**, शोक कवितासङ्ग्रह, काठमाडौंः नेपाल नारी साहित्य सेवा केन्द्र, २०४८ ।

______________ **भूतसँग जम्काभेट** बालकथासङ्ग्रह, काठमाडौंः रत्न पुस्तक भण्डार, २०६१ ।

______________ **मुक्ति**, कथासङ्ग्रह, काठमाडौंः नेपाल नारी साहित्य सेवा केन्द्र, २०५३ ।

______________ **राजाको सिङ छ,** बालकथा, काठमाडौंः रुम टु रिड, २०६२ ।

______________ **लठेब्रो राजा,** बालकथासङ्ग्रह, काठमाडौंः साहित्य श्रृजना प्राङ्गण, २०६४ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कविता**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग- ४,** ललितपुर : साझा प्रकाशन, २०५७ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली कथा,** ललितपुर : साझा प्रकाशन, २०५१ ।

## पत्रपत्रिकाको सूची

राजभण्डारी, रेवती, “आमा नेपाल”, **कस्तूरी,** (वर्ष ६, अङ्क ६, २०३१ मङ्सिर), पृ. १५-१८ ।

______________, “अन्तर्वार्ता”, **मिर्मिरे,** (वर्ष २७, अङ्क ११, २०५५ फागुन), पृ. ९०-९४ ।

“नयाँ कृति भिजेको तकिया”, **गोरखापत्र** (२०४९ वैशाख ६ गते), पृ. १० ।